# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ६, अङ्क ३७, पूर्णाङ्क २७०	२०७८ वैशाख १५ गते बुधबार	Wednesday, 28 Apr 2021	www.eratokhabar.com	मूल्य रु. १०


## बेपत्ता योद्धा पूर्ण पौडेलको खोज सभा

**कास्की ।** अखिल (क्रान्तिकारी) कास्की र पृथ्वीनारायण क्याम्पस जिल्ला समिति कास्कीद्वारा पोखरामा महान् जनयुद्धका बेपत्ता योद्धा पूर्ण पौडेलको खोजसभा सम्पन्न भएको छ । पृथ्वीनारायण क्याम्पस पोखरामा आयोजित कार्यक्रममा बेपत्ता योद्धा पूर्ण पौडेलकी आमा मोतीमाया पौडेलले आजैको दिनमा छोरालाई गिरफ्तार गरेर राज्यले बेपत्ता बनाएको भन्दै हालसम्म छोराको अत्तोपत्तो नलागेको बर्सौं हुँदा पनि राज्यले कुनै पहल नगरेको बताइन् । उनले भक्कानिँदै आफ्नो छोराको खोजी गरिदिन सबैलाई आग्रह पनि गरिन् । यस्तै उनले आफ्नो छोराको सपना पूरा गर्न अन्तिमसम्म पनि लागिरहने बताइन् ।

कार्यक्रममा नेकपा कास्की जिल्ला इन्चार्ज उभारले १९ वर्षसम्म पनि आफूहरूले पूर्ण पौडेललगायत बेपत्ता योद्धाहरूको खोजी गरिरहेको र उहाँहरूकै सपना पूरा गर्न दृढ रूपमा लागिरहेको बताए। उनले प्रतिक्रान्तिका बिरुद्ध आफूहरु क्रान्तिको झन्डा ... बाँकी पृष्ठ ७ मा

## प्रहरी नियन्त्रणमै मृत्यु भएका जगतको शव ४ महिनापछि परिवारले बुझ्यो

कास्की : प्रहरी नियन्त्रणमा रहेको बेला पोखराको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा मृत्यु भएका जगेन्द्र पुन 'जगत' को शव करिब चार महिनापछि आज परिवारले बुझेको छ । किटानी जाहेरी दर्ता नगर्न नमानेको प्रही गिरफ्तारीदेखि मृत्युसम्मका घटनाबारे भने छानबिन गर्ने मौखिक रूपमा सहमत भएपछि जगतको शव परिवारले बुझेको हो ।

मृतकका परिवारले मृत्युको कारण सत्यतथ्य छानबिनसहित दोषीलाई ... बाँकी पृष्ठ ७ मा

## दलितमाथि भएको दुर्व्यवहारको मोर्चाद्वारा भर्त्सना

**काठमाडौँ ।** राष्ट्रिय दलित मुक्ति मोर्चा नेपाल केन्द्रीय समितिले नवलपरासीमा भएको जातीय विभेदको घटनाप्रति भर्त्सना गरेको छ ।

मोर्चाका केन्द्रीय अध्यक्ष डम्बरबहादुर विश्वकर्माले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै स्थानीय विष्णुप्रसाद भण्डारीले सोही ठाउँका दीपक विश्वकर्मालाई सार्वजनिक ठाउँमा दुर्व्यवहार र सामूहिक भोजबाट समेत बहिष्कार गरेकाले २१ औँ शताब्दीमा पनि यस किसिमका जातीय विभेद एवम् छुवाछूतको घटना भइरहेकाले मोर्चाको गम्भीर ध्यानाकर्षण भएको बताएका छन् ।

मोर्चाका अध्यक्ष विश्वकर्माको विज्ञप्तिमा भनिएको छ, '२०७८ वैशाख ... बाँकी पृष्ठ ७ मा

### नेकपा केन्द्रीय समितिको बैठक सम्पन्न

# नयाँ राजनीतिक विकल्प प्रस्तुत

**अम्बिका चन्द** / काठमाडौँ

**काठमाडौँ** : नयाँ परिस्थितिको असाधारण जिम्मेवारीलाई आत्मसाथ गर्दै राज्य रूपान्तरणको कार्यभार पूरा गर्ने दिशामा अघि बढ्ने मूल उद्देश्यसहितको नयाँ राजनीतिक प्रस्ताव पारित गर्दै नेपाल कम्युनिस्ट पार्टीको दसौँ पूर्ण बैठक सम्पन्न भएको छ । पार्टीमाथिको सरकारी प्रतिबन्ध हटेपछि पहिलोपटक कपिलवस्तुमा बसेको नेकपाको बैठक वैशाख ९ गते सुरु भई १४ गते मङ्गलबार सम्पन्न भएको हो ।

उक्त बैठकमा पार्टी महासचिव विप्लवले प्रस्तुत गरेको नयाँ राजनीतिक दस्ताबेजमा अग्रगामी राजनीतिक निकासका लागि सबै पक्षसँग संवाद गर्ने विषय उल्लेख छ । बैठकमा सहभागी एक केन्द्रीय सदस्यका अनुसार अग्रगामी राजनीतिक निकास र राज्य रूपान्तरणको सवाललाई मुख्य विषय बनाउँदै वर्तमान अवस्थामा देशको नेतृत्व लिने गरी जनवादी केन्द्रीयताको उच्च अभ्याससहित छलफल गरिएको छ ।

देशको बिग्रँदो अवस्थाबाट निकास दिनका लागि सचेत पहल गर्ने र त्यसका लागि नेपाली काङ्ग्रेस, नेकपा एमाले, माओवादी केन्द्रदेखि जसपालगायत सबै पार्टीसँग संवाद र छलफल अघि बढाउने निर्णय पनि बैठकले गरेको छ । रणनीतिक




संयुक्त मोर्चालाई नयाँ उचाइका साथ अगाडि बढाउने, विभिन्न कार्यक्रमहरू मोर्चामार्फत अघि बढाउने र क्रान्तिकारी ध्रुवीकरणको प्रक्रियालाई जोड दिने निर्णय पनि बैठकले गरेको छ ।

यस्तै नेता-कार्यकर्ता र जनतासँगको सम्बन्ध जीवन्त बनाउन र पार्टीका योजना जनतामा पुर्‍याउनका लागि सबै स्तरका नेता-कार्यकर्ताहरू प्रत्यक्ष जनताका बीचमा पुग्ने निर्णय पनि बैठकले गरेको छ । वर्तमान संसदीय व्यवस्था वा वैज्ञानिक समाजवाद भन्ने विाष्य जनमतद्वारा टुङ्ग्याउने र अहिलेको सन्दर्भमा जनमतसङ्ग्रहद्वारा विद्यमान समस्याको समाधान दिने भन्ने विषयमा पनि बैठकमा छलफल भएको छ । पार्टीको कार्यनीतिक नारा प्रगतिशील संयुक्त सरकार र जनमतसङ्ग्रहलाई जनताका बीचमा घनीभूत रूपमा लग्नका लागि आफ्ना सबै तहका नेता-कार्यकर्तालाई जनतामा पठाउने निर्णय पनि बैठकले गरेको छ ।

उक्त कार्ययोजना पूरा गर्न नेकपाले आगामी ४ महिनासम्म अभियान सञ्चालन गर्ने निर्णय गरेको छ । 'क्रान्तिकारी एकता र ध्रुवीकरणमा जोड दिऔँ, सुमधुर जनसम्बन्धसहित सुदृढ पार्टी निर्माण गरौँ' भन्ने मुख्य नारा रहेको उक्त अभियानमा नेकपाका नेता-कार्यकर्ताले जनतालाई आफ्नो पार्टीको नीति र कार्यक्रम बुझाउनुका साथै जनसेवा र उत्पादनमूलक कार्यमा सहभागी हुने निर्णय ... बाँकी पृष्ठ ६ मा

- अग्रगामी राजनीतिक निकासका लागि सबै पक्षसँग संवाद गर्ने निर्णय
- भ्रष्टाचार, महँगी, तस्करी, एमसीसीविरुद्ध सङ्घर्ष गर्ने
- चारमहिने अभियानमा सबै नेता–कार्यकर्ता जनसेवा र उत्पादनमा सहभागी हुने
- संसदीय व्यवस्थाको विकल्पमा वैज्ञानिक समाजवादका विषयमा बहस चलाइने
- प्रगतिशील संयुक्त सरकार र जनमतसङ्ग्रहबारे बहस गर्ने

## पार्टी स्थापना दिवसका अवसरमा महासचिव विप्लवद्वारा शुभकामना

### 'दलाल पुँजीवादी सत्ताको सङ्कट र असफलताले वैज्ञानिक समाजवादी सत्ता प्राप्त गर्ने असाधारण परिस्थिति तयार'

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीले विश्व सर्वहारा वर्गका महान् नेता लेनिनको १५२ औँ जन्मदिनका अवसरमा सबै नागरिकमा शुभकामना सन्देश व्यक्त गरेको छ । लेनिनको १५२ औँ जन्मदिन तथा ७३ औँ पार्टी स्थापना दिवसका अवसरमा बिहीबार प्रेस वक्तव्य जारी गर्दै नेकपाका महासचिव विप्लवले नेपाली जनताको मुक्ति एवम् स्वाधीनताको चाहनालाई नेतृत्व दिने संस्थापक महासचिव पुष्पलालसहित चारजना संस्थापकप्रति उच्च सम्मान व्यक्त गरेका छन् ।

महासचिव विप्लवको वक्तव्यमा भनिएको छ, 'पार्टी स्थापना दिवस एवम् महान् नेता लेनिनको १५२ औँ जन्मदिन हो । सर्वप्रथम हाम्रो जनप्रिय पार्टी नेपाल कम्युनिस्ट पार्टी पार्टी स्थापना दिवस एवम् लेनिन दिवसको सुखद अवसरमा सबै नागरिकहरूमा सगर्व शुभकामना व्यक्त गर्दछ । साथै कम्युनिस्ट पार्टी स्थापना गरेर नेपाली जनताको मुक्ति एवम् स्वाधीनताको चाहनालाई नेतृत्व दिने संस्थापक महासचिव कमरेड पुष्पलालसहित चारजना संस्थापक कमरेडहरूप्रति उच्च सम्मान व्यक्त गर्दछ ।'

पार्टी स्थापना दिवसका अवसरमा कम्युनिस्ट आन्दोलनलाई यो शिखरसम्म पुर्‍याउन आफ्नो जीवन बलिदान गर्ने महान् सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै महासचिव विप्लवले बेपत्ता तथा घाइते योद्धाहरूप्रति उच्च सम्मान र स्मरण गरेका छन् । साथै गौरवशाली कम्युनिस्ट आन्दोलनमा सङ्गठित भएर ... बाँकी पृष्ठ ७ मा

## तीनबुँदे सहमतिविपरीत नगरकोटीको घरमा पक्राउ पुर्जी

**सुन्दर लामा** / धादिङ

नेपाल कम्युनिस्ट पार्टी र नेपाल सरकारबीच २०७७ फागुन २१ गते औपचारिक रूपमा भएको तीनबुँदे सहमति कार्यान्वयनलाई चुनौती दिँदै जिल्ला अदालतले फरार अभियुक्त भन्दै इन्द्रबहादुर नगरकोटीका नाउँमा ३५ दिने पक्राउ पुर्जी जारी गरेको छ ।

राजनीतिक मुद्दा राजनीतिक तवरले वार्ता र संवादको माध्यमबाट हल गर्ने सहमति भए पनि पूर्वसहमतिविपरीत उत्तेजित एवम् त्रसित बनाउने किसिमको गतिविधि राज्यका निकायहरूले गरेको पाइएको छ । वार्तामा भएको सहमति तोड्ने किसिमका यस्ता गतिविधिले देशलाई अस्थिरतातिर लग्ने त होइन ? तीनबुँदे सहमतिको पालना एक पक्षले मात्र गर्नुपर्ने हो त भन्ने प्रश्नचिह्न खडा हुन थालेको छ ।

२०७८ वैशाख ११ गते धादिङ जिल्ला गजुरी गाउँपालिकाका स्थानीय नेता इन्द्रबहादुर नगरकोटीको घरमा जिल्ला अदालत धादिङको आदेशपत्रलाई प्रहरीले पक्राउ पुर्जी पठाएर म्याद टाँसेको छ । यस्ता गतिविधिले नेपाल कम्युनिस्ट पार्टी र नेपाल सरकारबीच भएको सहमति के हो र के हुँदैछ भन्ने तरङ्ग पैदा गरेको छ । यस्ता गतिविधिले दीर्घकालीन रूपमा राजनीतिक समस्या समाधान होला ?

पक्राउ पुर्जीमा भनिएको छ, 'धादिङ जिल्ला गजुरी गापा ... बाँकी पृष्ठ ७ मा

## आस्थाका बन्दीले बाजुरा कारागारभित्रै गरे श्रद्धाञ्जली सभा




**बाजुरा ।** नेकपा सम्बद्ध राजनीतिक आस्थाका बन्दीले बाजुरा कारागारभित्रै श्रद्धाञ्जली सभा आयोजना गरेका छन् ।

बाजुरा कारागारमा शनिबार नेपाल कम्युनिस्ट पार्टीका कैलाली जिल्ला सदस्य नरेश मल्ल 'अशोक' को निधन भएको तेह्रौँ दिनमा श्रद्धाञ्जली सभा आयोजना गरेको हो । मल्ल बझाङ जिल्लाको केदारस्यु गाउँपालिका वडा नं १ का बासिन्दा हुन् । मल्लको निधन चैत ३० गते ३२ वर्षको उमेरमा भएको थियो । उनी जनयुद्धकालदेखि नै माओवादी आन्दोलनमा लागेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य चूडामणि ओली 'आदर्श' ले मल्लको निधनले आफूहरूलाई मर्माहत ... बाँकी पृष्ठ ७ मा

## संसद्वादलाई चिहानमा गाडेर वैज्ञानिक समाजवादको झन्डा फहराउँछौँ : सुदर्शन

### नख्खु कारागारमा लेनिन तथा पार्टी स्थापना दिवस

**अशोक सुवेदी / काठमाडौँ**

नख्खु जेलमा रहेका आस्थाका बन्दीहरूले नेकपा स्थापना दिवस तथा लेनिन दिवस मनाएका छन् ।

जेलभित्र बिहीबार आयोजित कार्यक्रममा नेकपाका सचिवालय सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' ले आज १५२ वर्षका लेनिनलाई सम्झँदा एकजना गतिशील र सिर्जनशील साम्यवादी नेताका रूपमा सम्झनुपर्ने बताए । उनले भने, 'लेनिनले रुसको विशिष्ट परिस्थिति र साम्राज्यवादी युगमा वैज्ञानिक समाजवादी क्रान्ति सम्पन्न गर्नुभयो । मजदुर, किसान, सिपाहीलगायत उत्पीडित वर्गबाट आएका नवमानवहरूको नयाँ पार्टी बनाउनुभयो । त्यही उत्पीडित वर्गको अग्रदस्ताले नै समाजवादी क्रान्तिबाट वैभवशाली सोभियत सङ्घको निर्माण गर्‍यो ।'

सुदर्शनले अगाडि भने, 'आज हामीले लेनिनलाई सम्झँदा उहाँले मार्क्सको जमानाको पुँजीवादलाई मात्र बुझ्न पर्याप्त नभएको र पुँजीवाद साम्राज्यवादमा विकास भैसकेकाले क्रान्तिको कार्यदिशालाई नयाँ बनाएको कुरालाई गहिरो गरी सम्झनुपर्दछ ।'

उनले भने, 'आज हामीले लेनिनलाई पढ्दा उहाँले विकास गरेको जुझारु भौतिकवादी दर्शनलाई पढ्नुपर्दछ जुन संशोधनवादी आदर्शवादका विरुद्ध लडेर विकास भएको थियो । आज हामीले लेनिनलाई पढ्दा उहाँले सत्ताधारी शक्ति तथा दलसँग कसरी वार्ता र सहमति गर्नुभएको थियो र ... बाँकी पृष्ठ ३ मा

## राजनीतिक संवाद र सम्झौता : एक विमर्श

'एङ्गेल्सले ब्लाङ्कीपन्थी कम्युनिस्ट घोषणापत्रको आलोचना गर्दै 'कुनै पनि सम्झौता असम्भव छ !' भन्ने उनीहरूको नाराको हँस्सी उडाएर ठिकै गर्नुभएको छ । उहाँले के भन्नुभएको थियो भने यो कोरा शब्दाडम्बर मात्र हो किनभने अक्सर एक लडाकु पार्टीमाथि सम्झौताहरू लादिन्छन् र 'किस्ताबन्दीमा ऋण फर्काउने कुरा' सधैँका लागि अस्वीकार गर्नु मूर्खता ठहरिनेछ । एक वास्तविक क्रान्तिकारी पार्टीको काम खालि यही हो भन्ने मात्र होइन, सबै किसिमका सम्झौताहरू अस्वीकार गर्नु असम्भव छ, बरु सम्झौताहरू अनिवार्य छन् भने यी सबै सम्झौताहरूमा आफ्ना सिद्धान्तहरू, आफ्नो वर्ग, आफ्नो क्रान्तिकारी उद्देश्य, क्रान्तिको तयारी र क्रान्तिको विजयका लागि जनसमूहलाई प्रशिक्षित गर्दै लैजाने कार्यभारप्रति आफ्नो निष्ठा कायम राख्नु हो ।'

(लेनिन, भ्ला.इ. लेनिन सङ्कलित रचना, भाग ५, ३ सेप्टेम्बर १९१७, नेपाली अनुवादक- राजेन्द्र मास्के, जनसाहित्य प्रकाशन गृह बुटवल, पृ. ५ ।)

नेपाल कम्युनिस्ट पार्टी र केपी ओली सरकारबीच २०७७ साल फागुन २१ गते भएको ३ बुँदे सहमति माथि उद्धृत लेनिनको संश्लेषणको मार्गनिर्देशनमा नै भएको स्पष्ट छ । त्यसकारण यो सही छ किनभने न हामी राजनीतिक संवाद र सम्झौता हुनु हुँदैन भन्ने ब्लाङ्कीपन्थी हौँ, न त संसदीय व्यवस्थामै टाँस्सिएर जानुपर्छ भनेर अघि बढ्ने सम्झौतापरस्त लासालपन्थी । हामी त मालेमावादी हौँ । मालेमावादीहरू हरेक सहमति र सम्झौताका विरोधी हुँदैनन् किनभने उनीहरू लेनिनले सिकाउनुभएजस्तै ठोस परिस्थितिको ठोस विश्लेषण गरी ठोस निर्णयमा पुग्छन् । यसको अर्थ मालेमावादी क्रान्तिकारीहरू गतिशील हुन्छन् । संवाद र सहमतिका सन्दर्भमा गतिशील हुने भनेको वार्ता र संवादद्वारा अवरुद्ध भएको सडकलाई गतिशील बनाउने हो । तर

**देश/परिवेश**

- हेमन्तप्रकाश ओली 'सुदर्शन'




यहाँ लेनिनले भनेझैँ यी सहमति र सम्झौतामा हामीले 'आफ्ना सिद्धान्तहरू, आफ्नो वर्ग, आफ्नो क्रान्तिकारी उद्देश्य, क्रान्तिको तयारी र क्रान्तिको विजयका लागि जनसमूहलाई प्रशिक्षित गर्दै लैजाने कार्यभारप्रति आफ्नो निष्ठा कायम राख्नु हो' भन्ने कुरालाई कहिल्यै बिर्सनु हुँदैन । यी कुराहरू बिर्सेका थिए उहिलेका लासाल, ट्राट्स्की तथा बुखारिनले र अहिलेका पुष्पकमल दाहाल र बाबुरामहरुले । हाम्रो सिद्धान्त मालेमावाद हो । हाम्रो नयाँ बाटो एकीकृत जनक्रान्ति हो र हाम्रो उद्देश्य तथा कार्यक्रम वैज्ञानिक समाजवाद हो । यसका साथै अधिकतम् उद्देश्य वैज्ञानिक साम्यवाद हो । हाम्रो वर्ग नेपालमा श्रम बगाउन नपाएर ... क्रमशः पृष्ठ ३ मा

वर्ष ६, अङ्क ३७, पूर्णाङ्क २७०

रातो खबर साप्ताहिक

## सम्पादकीय

# सरकार, जिम्मेवार र गम्भीर बन

रोमका शासक निरोको बाँसुरीप्रेमसँग गाँसिएको एउटा विश्वविख्यात आहान छ- रोम जलिरहेछ, निरो बाँसुरी बजाइरहेछ। यो आहान संसारका अरू मुलुकका शासकमा पनि लागू हुन्छ र नेपालका शासकहरूमा त अझै बढी।

जुन मुलुकको व्यवस्था देश र जनताप्रति जिम्मेवार हुन्छ, त्यो देशका जनताले अनिश्चित र निरन्तर कहालीलाग्दो जीवन बाँच्नु पर्दैन। जुन देशका शासकहरू राष्ट्रप्रेमी र जनमैत्री हुन्छन्, त्यहाँ अभाव, कष्ट, पीडा, वेदना र दुःखहरू शासकलाई कम र जनतालाई बढी पर्दैन। सामन्तवादी, दलाल पुँजीवादी र साम्राज्यवादी सत्ता र सरकारहरू चरम अवसरवादी, उपभोक्तावादी र गैरजिम्मेवार हुन्छन् र समाजवादी व्यवस्थाहरू जनमुखी र देशभक्त हुन्छन् भन्ने पछिल्लो प्रमाण विश्वव्यापी रूपमा फैलिएको कोरोना सङ्क्रमणको कहरकै समयमा प्रमाणित भइसकेको छ। समाजवादी, समाजवादको हिङ बाँधेको टालो भएका र आफूलाई समाजवादी भन्दै आएका पूर्वसमाजवादी मुलुकहरू पुँजीवादी, साम्राज्यवादी मुलुकको तुलनामा कयौँ गुणा बढी जिम्मेवार देखिए आफ्नो मुलुकका जनताप्रति। तिनले आफ्नो देशका जनतालाई मात्र होइन, अरू मुलुकका जनतालाई पनि कोरोना महामारीबाट बचाउन चिकित्सक र औषधी पठाएरसमेत सहयोग गरे। अमेरिका, भारतलगायत साम्राज्यवादी मुलुकहरूले कोरोनालाई राज्यको समस्याभन्दा पनि व्यक्तिको समस्याका रूपमा बढी अर्थ्याएकै कारण डेढ वर्षसम्म पनि त्यहाँ कोरोनाले गाँजिरहेकै छ। कोरोना प्रकोपका आरम्भका दिनहरूमा युरोपेली मुलुकहरूमा देखिएको अस्तव्यस्तता आज भारतमा देखिइरहेको छ। जनता औषधी त टाढै जाओस्, अक्सिजनसमेत नपाएर मरिरहेका छन्। बिरामीका आफन्तहरू अस्पतालमा बिरामी छोडेर भाग्नुपर्ने अवस्था उत्पन्न भइरहेको छ। उपचारमा जानका लागि एम्बुलेन्स पाउनदेखि मृत्यु भएपछि शववाहन पाउन र अन्तिम संस्कार गर्ने ठाउँसम्म पाउन हम्मेहम्मे छ। एउटै सानो ठाउँमा कोरोना सङ्क्रमणबाट मृत्यु भएकाहरूका सामूहिक चिहान निर्माण गरिएका दृश्यहरूले संवेदित हृदयहरू झन् मर्माहत बनिरहेका छन् तर शासकहरू ? शासकहरू अझै पनि अलमस्त र गैरजिम्मेवार बनिरहेका छन्। भारतमा मात्र होइन, नेपालका शासकहरूमा पनि त्यो अलमस्तीपन बढिरहेको छ। हिजो कोरोना प्रकोप रोकथामका लागि विदेशबाट ल्याइएका स्वास्थ्यसामग्रीहरूमै कमिसन खाने र भ्रष्टाचार गर्ने पात्र र प्रवृत्ति अझै पनि शासक छन्। नेपालमा पनि दैनिक कोरोनाको प्रकोप बढिरहेको छ। क्रमशः कोरोना सङ्क्रमण नियन्त्रणभन्दा बाहिर पुग्न लागिरहेको छ। सङ्क्रमित र मृतकको सङ्ख्या दैनिक बढिरहेको छ। तर जनताको स्वास्थ्य सरकारको प्राथमिकताको विषय बनिरहेको छैन। शासकहरूले जनताको संयम र धैर्यलाई कमजोरीका अर्थमा बुझिरहेको अनुभूति हुन्छ। राजधानी र सहरबजारमा प्रकोप बढेपछि गाउँघर फर्किने मानिसहरूको लाम बढिरहेको छ। जनताले विगतमा जस्तो पोकापुन्तुरा बोक्दै असुरक्षित पैदल यात्रा रोजेर जीवन जोखिममा पारेको देख्ने धैर्य अब कसैसँग बाँकी छैन। त्यसैले सरकार बेलैमा जिम्मेवार बन्नुपर्छ र जनतालाई औषधीउपचार, खाद्यान्नदेखि यातायातका सुविधासम्मको पहुँच पुऱ्याएर साँच्चै अभिभावकत्व ग्रहण गर्नुपर्छ। नत्र सत्ता र सरकारविरुद्ध झन् छिटो विद्रोह आरम्भ हुन्छ। त्यतिबेला पछुताएर कुनै काम छैन।

कोरोना प्रकोपले त मुलुकमा जोखिम बढाएकै छ। सरकारले फेरि साम्राज्यवादी अमेरिकी परियोजना एमसीसी पारित गर्ने तयारी गरेको आभास पाएपछि देशभक्तहरू राष्ट्रियताका पक्षमा पुनः जुर्मुराएका छन्। राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयहरूमा जनताको चनाखोपन बढ्नु अत्यन्त सकारात्मक विषय हो। जनताको सचेतताको मात्रा यस्तै बढी हुन्थ्यो र शासकको प्रतिरोध गर्ने क्षमता हुन्थ्यो भने हिजो सुगौली सन्धिमा नेपालले त्यति धेरै भूभाग गुमाएर बदनाम राष्ट्रघाती सन्धि गर्नुपर्ने थिएन र अङ्ग्रेज शासकहरूसँग गरेको सन्धि त्यो शासक भारतबाट फिर्ता भइसक्दासमेत स्वीकार गरेर बस्नुपर्ने अवस्था उत्पन्न हुने थिएन। सिक्किमे जनताले राष्ट्रघाती लेन्डुपदोर्जेहरूको सत्तासँग विद्रोह गर्न नसक्नुको परिणाम आज स्वतन्त्र सिक्किम साम्राज्यवादी भारतको एउटा अङ्ग बनेर बस्न बाध्य छ तर नेपाली जनता त्यो अवस्थामा छैनन्। उनीहरू राष्ट्रियता रक्षाको आन्दोलनमा विगतदेखि नै सचेत छन् र लामबद्ध भएका छन्। देश र जनताको हितविरुद्ध साम्राज्यवादी स्वार्थ घुसाउने र देशलाई साम्राज्यवादी दोहन र क्रीडास्थल बनाएर रणमैदानका रूपमा दुरुपयोग गर्ने अधिकार शासकहरूलाई छैन। कुनै पनि अर्थ र बहानामा नेपालमा साम्राज्यवादी स्वार्थ लाद्ने, नेपाली जनताको स्वतन्त्रता, देशको सार्वभौमसत्तामाथि षड्यन्त्र गर्ने र जनताको विद्रोहको अधिकार कुण्ठित गर्ने वा रोक्ने षड्यन्त्र गरियो भने यो व्यवस्था र सरकारका लागि त्यो निकै नै महँगो पर्नेछ।

अर्कोतिर एकीकृत जनक्रान्तिको कार्यदिशामार्फत दलाल पुँजीवादलाई प्रतिस्थापन गरी वैज्ञानिक समाजवाद स्थापना गर्न विद्रोह गरिरहेको नेपाल कम्युनिस्ट पार्टी र सरकारबीच तीनबुँदे सहमति भएको दुई महिना पुग्नै लाग्दासमेत सरकारले आफ्नो प्रतिबद्धता पूरा नगर्दा जनस्तरमै सरकारप्रति आशङ्का बढिरहेको छ। झूट्टा मुद्दा लगाएर कारागारहरूमा राखिएका नेकपाका नेता-कार्यकर्ताहरू तत्काल रिहा गर्न र नेकपाका नेता-कार्यकर्तामाथि लगाइएका झूट्टा मुद्दा खारेज गर्न सरकारलाई अब के बाधा छ भन्ने जिज्ञासा र चासो आशङ्काको स्तरमा बढिरहेको छ। सरकारले यसप्रति पनि समयमै ध्यान दिनु अत्यावश्यक छ। बन्दी रिहाइ र मुद्दा खारेजीका लागि दुई महिना पर्याप्त समय हो। अब पनि समय लम्ब्याएर सरकारले शान्तिविरोधीहरूको आवाजलाई सहयोग पुऱ्याउनु हुँदैन।

मुलुक अब स्वाभाविक रूपमा दलाल पुँजीवादको विकल्प खोज्दै वैज्ञानिक समाजवाद स्थापनाको चरणमा प्रवेश गरेको छ। महान् दार्शनिक कार्ल मार्क्सले भन्नुभएको छ- वैज्ञानिक समाजवादी व्यवस्था भनेको स्थायी क्रान्तिको उद्घोष हो। नेकपाका नेता सुदर्शन भन्नुहुन्छ वैज्ञानिक समाजवाद पुँजीवादबाट साम्यवादमा पुग्ने सङ्क्रमणकालीन व्यवस्था हो। पुँजीवादबाट साम्यवादमा पुग्ने सङ्क्रमणकालीन व्यवस्था स्थापनाले देश र जनतामाथिका यी सबै समस्या समाधान गर्छ। दलाल पुँजीवादी व्यवस्था र सरकार त केही दिनका पाहुना हुन्।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# दर्शन : एक छलफल



देवनारायण

मानव जातिको जस्तै मानव समाज उसको आर्थिक, धार्मिक व्यवस्था प्रकृतिकै उपज हो । त्यो प्रकृतिको अधीनमा नै छ । त्यो तबसम्म आफ्नो अस्तित्व कायम राख्न सक्छ, जबसम्म प्रकृति आफ्नो आवश्यकतामा पूरा गरिरहन्छ । आज- खाना, कपडा आदि तथा त्यस उपजको साधनमाथि नै मानव समाज कायम छ । महान् मानसिक संस्कृति, भव्य विचार, दिव्य चिन्तनजस्तो पनि ठूलो-ठूलो शब्दको प्रयोग गर्दा पनि त्यो सबै भौतिक उपजको कारण हो ।

बहसमा वाद-प्रतिवाद, संवाद वा द्वन्द्ववादको प्रयोग पहिलो व्यक्ति जेनो नै हुन् । जेनोलाई द्वन्द्ववादको पिता मानिन्छ । गौतम बुद्धकै समयमा हेराक्लितुले जगत्‌लाई परिवर्तनशील मान्दछ। उदाहरण तपाईं त्यसै नदी (खोला) मा दुईपल्ट पार गर्नु सकिँदैन किनभने नदी पार गर्दा त्यही पानी अर्को पल्ट हुँदैन, पानी बगिरहन्छ ! एलियाको दार्शनिकमा कसेनोफेनले देवी-देवताहरूको विरुद्धमा जगत् चलिरहेको छ। संघर्षले युद्ध सबैको आमा हुन् । त्यसबिना जगत् समाप्त हुनेछन् । गतिशुन्य भई अन्त्य हुनेछन् भनेका थिए। अनिवार्यता वा परिवर्तनको अटल नियममाथि जोड दिँदै यो एक यस्तो नियम हो, जसलाई देवता र मानिसले बनाएको छैन, त्यो जगत् सधैँ रहिरहनेछ। हेराक्लेतु संसारको जबर्दस्त क्रान्तिकारी दर्शन-द्वन्द्वात्मक भौतिकवाद मार्क्सवादी दर्शनको अग्रज बन्न पुग्यो। बुद्ध दर्शनको पनि त्यही लक्ष्य थियो तर बुद्ध सुधारवादी अन्यौलताको कारण अगाडि विकास गर्न सकेन।

हेगेलले आफ्नो दर्शनलाई आधार बनाएर एक सांगोपांगो गम्भीर आधुनिक दर्शनको रूप दियो । हेगेलले भौतिक तत्वलाई प्रधानता दिएन, चेतनालाई पहिलो मान्यो । कार्ल मार्क्सले त्यसलाई खण्डन गरी भौतिक तत्व पदार्थ नै आदिम तत्व भनी वैज्ञानिक विचारलाई अगाडि बढाउनुभयो । कार्ल मार्क्सले भन्नुभयो- भौतिक तत्व 'आकाश' जस्तो चेतनाको विकास होइन, बरु चेतना नै भौतिक तत्वको चरम विकास हो भन्दै तल आउनु आवश्यक छैन, बरु तलबाट माथि पुग्ने बढी आवश्यक छ। दार्शनिक क्सेनोफेनले भन्नुभयो- यदि गोरु, घोडाहरूसँग पनि हात भएको भए गोरु र घोडाहरूले पनि आफूजस्तै मूर्ति बनाएर पूजा-अर्चना गर्ने गर्थ्यो। सत्यबाट असत्य हुन सक्दैन र असत्यबाट सत्यको उत्पत्ति कहिल्यै पनि हुन सक्दैन। जगत् एक अकृत, अविनासी, सत्य वस्तु हो।

यथार्थवादी सुक्रात (३९९-४६९ ई.पू.) पुरानो रुढीवादीमाथि प्रहर गर्ने गर्नुहुन्थ्यो । उहाँले भन्नुहुन्थ्यो- सत्यको ज्ञान सम्भव छ। त्यसको लागि सही ढंगले प्रयत्न गर्नुपर्छ, जुन कुरा हाम्रो बुझाइमा आउँछ वा हाम्रो ध्यान दिऊँ । यस किसिमको पर्खाइबाट हामी एक सच्चाइ (सत्य) माथि पुग्न सक्छौँ । कुनै पनि दर्शन शुन्यमा उत्पत्ति हुँदैन, त्यो जुन परिस्थितिमा उत्पन्न हुन्छ, त्यसको उसमाथि छाप परेको हुन्छ । अन्यायको शासनमाथि न्यायको शासन हुनेछ। मानव जाति गलत प्रभावबाट तबसम्म बँच्न सक्दैन, जबसम्म वास्तविक दार्शनिकको हातमा राजनीतिक शक्ति जान सक्दैन अथवा कुनै योजना (चमत्कार) यस्तो हुन सक्दैन, जसमा राजनीतिज्ञ नै दार्शनिक बनिजाओस् । दर्शन एक जमिन हो, जसको रक्षाको लागि तर्क काँडाको बेरा हो।

इस्लामी धर्म दर्शन : छैटौँ शताब्दीमा भारतमा धेरै शक्तिशाली राज्य-गुप्त साम्राज्य भएर स-साना राज्यमा विभाजित भैरहेका थिए, त्यसै बखत उत्तरी भारतको एक विशाल राज्यको नामक हर्षवर्द्धन थियो । इस्लामको संस्थापक पैगम्बर मोहम्मद आफ्नो धर्मको प्रचार गरिरहेको थियो। पैगम्बर मोहम्मदको समय अरबको केही भाग तथा लालसागरको पश्चिमी भाग अविसिनियाको इसाई राज्य थियो। अरबको सर्वश्रेष्ठ तीर्थस्थान हुनुले मक्काको काबा मन्दिरको पूजारीलाई धेरै आम्दानी हुन्थ्यो । त्यही पुजारीको वंशमा जन्मेका पैगम्बर मोहम्मद सानै उमेरको हुँदा आमा बुबाको देहान्तपश्चात् उसका काकाले पालनपोषण गरे पैगम्बर मोहम्मदको आफ्नो दर्ह्म अरबको तत्कालीन मूर्ति पूजा थियो र काबाको मन्दिरमा रातो रंगको ३६० देवताको साथै, भग्ननाग एउटा कृष्ण पाषांग (हप्प्र अवसद) लाई पूजा गरिन्थ्यो। ततूपश्चात् मूर्तिरहित ईश्वर (अल्लाह) लाई रुचि गर्न थाल्यो । भगवान्‌को तर्फबाट पठाएको रसुल र त्यसको बाइबल र इजिलको ईश्वरीय पुस्तक मान्न थालियो।

यस अल्लाहको त्यो यहुदीहरूको यहोबाको जस्तै यहुदी मानिसहरूको लामो सेतो दाह्री भएको लामो चुच्चो भएको स्वर्गस्थ व्यक्ति मान्दथे। जंगलको कनिं जसको लठ्ठी उसैको भैंसीजस्तै यहुदी र इसाई धर्म पुस्तकहरूको पैगम्बरले अरबको कबिलाको दृष्टिबाट गम्भीर पूर्वक अध्ययन गरेको थियो तर स्वयं आफैँ अनपढ थियो तर उसले ध्यानपूर्वक सुनेको थियो । चालीस वर्षको उमेरमा आफूलाई अल्लाहले पठाएको (रसुल) घोषणा गऱ्यो । पैगम्बर मोहम्मदकी श्रीमती खदीजानेले उसको धर्मलाई स्वीकार गरिन् । विरोधीहरूले विरोध पनि गर्थे, पछि अनुयायीहरू बढ्दै गए । पछि मक्काका पूजारी कुरेसहरू उसमाथि हमला गर्न थाले । अन्तमा मक्का छोडेर भाग्नुपऱ्यो । याम्रिबको सन् ६१४ ई. मा हिज्रत (प्रवास) जानुपऱ्यो । त्यसैको यादमा मुसलमानहरूले हिज्रिसन सुरु गरे र मदिनत उल नबी (नबिक नगर) हुनुको कारण पछि याम्रिबको नाम नै मदिना रहन गयो।

राज्य शासनको अपेक्षा संस्कृतिको जाँदा गहिरो हुन्छ । कुरानी इस्लामको मुख्य सिद्धान्त हो, यस सिद्धान्तको भनाइ ईश्वर एउटै छ, यसको निवास यस संसारबाट धेरै टाढा सातौँ संसारमा बस्छ। प्राणीमा आगोले बनेको देवता र माटोले बनेको मानिस सर्वश्रेष्ठ हो । फरिस्तो (देवता) मा केही चिढिएर अल्लाहको सदाको लागि दुश्मन बनेको छ र उसले मानिसलाई गुमराह गर्दा त्यही नै सैतान हो। यसको सन्तान इदधीस हो, जसको फरिस्ता (देवता) हुनु बेलाको नाम आजाजिल थियो । मानिस संसारमा एकपल्ट जन्म लिन्छ र ईश्वर (कुरान) द्वारा पुन्य पाप गरेर अनन्तकालको लागि स्वर्ग र नर्क पाउँछन । स्वर्गमा राम्रो सुन्दर अंगुरको बगैँचा, सहद, श्रब्को नदी एकभन्दा बढी सुन्दर स्त्रीहरू, नोकर चाकरहरू प्राप्त हुन्छ। नरकमा नजानुको निम्ति सुगरको मास नखानु, कलमा मन्त्र नपढी जनावरको मासु नखानु भन्दछन्।

पूर्वगामी इख्न - मैमुन ८५० ई मा अब्दुल्ला इख्न- मैमुन इस्लामले इरानियोलाई मुसलमान बनाएर धेरै ठूलो गल्ती गऱ्यो । स्त्री स्वतन्त्रताः मुस्लिम शासकमा स्त्रीहरू मुख खोलेर सरेआम हिंड्डुल गर्थे र पुरुषहरूको मुखमा पर्दा हुन्थ्यो । यस्तो गरेर इस्लामले देखायो कि इस्लाम दुवै चरमपन्थीमा जान सक्छ । मार्क्सवाद एक समाजशास्त्र, अर्थनीति र राजनीतिको महान् विचारकमा प्रख्यात छ। मार्क्सको दर्शनबारेमा वैज्ञानिक भौतिकवादले लेखिएको छ । आधुनिक युगमा अभौतिकवादी युरोपीय दर्शनको चरम विकास हेगेलको दर्शनको विकास भयो र सम्पूर्ण मानव जाति इतिहासको भौतिकवादी वस्तुवादी दर्शनको चरम चरम विकास मार्क्सको दर्शनमा छन्। प्राचीन युनानको युनिक दार्शनिकहरू हेगेललाई भौतिकवादी भनेर चिन्दथे। तर, भौतिकवादको ज्यादै विकास देमोक्रित र एपिकुसले गऱ्यो । मध्ययुगमा विचार र स्वतन्त्रताको लागि धेरै कठिनाइ भएर पनि भौतिकवादी विचारको विकासलाई रोक्न सकेन।

उन्निसौँ शदीमा लुडविग फायरबाखले भौतिकवादको कलम उठाएको थियो । फायरबाखको प्रभाव मार्क्समा परेको थियो । मार्क्सले हेगेलको द्वन्द्वात्मक प्रक्रियालाई मिलाएर भौतिकवादी दर्शनको पूर्णरूप हामीसमक्ष पेश गर्नुको साथै, दर्शनको कल्पना क्षेत्रमा बौद्धिक व्यायाम मात्र नगरेर, त्यसको प्रयोग समाजशास्त्रमा गर्नुभयो । मानव जातिको जस्तै मानव समाज उसको आर्थिक, धार्मिक व्यवस्था प्रकृतिकै उपज हो। त्यो प्रकृतिको अधीनमा नै छ। त्यो तबसम्म आफ्नो अस्तित्व कायम राख्न सक्छ, जबसम्म प्रकृति आफ्नो आवश्यकतामा पूरा गरिरहन्छ । आज- खाना, कपडा आदि तथा त्यस उपजको साधनमाथि नै मानव समाज कायम छ। महान् मानसिक संस्कृति, भव्य विचार, दिव्य चिन्तनजस्तो पनि ठूलो-ठूलो शब्दको प्रयोग गर्दा पनि त्यो सबै भौतिक उपजको कारण हो।

केही भनाइ छ- भजन र पुस्तकमा देखिएन, जुन देखियो रोटीमा, भोको परम भजन हुँदैन, कन्ठिमाला तिमीले नै राख।

दर्शनको लागि अवसर कहिले आयो ? जब कि प्रकृतिमाथि मानिसको शक्ति ज्यादै बढ्यो, मानिसको श्रमको उपजमा वृद्धि भयो । त्यसको सम्पूर्ण समय खाने, लगाउने वस्तुको सम्पादन मात्र खपत नभई केही बचत गर्नलाई तयार भयो। जब यस तरिकाबाट मानिस कामले मुक्त रहन्छ, त्यसै समय त्यो सोच्ने, तर्क-वितर्क गर्नु, योजना बनाउनु, भव्य संस्कृति, ब्रह्ज्ञान पैदा गर्न समर्थ हुन्छ । ठाउँअनुसार समाजमा पनि भौतिक तट या प्रकृति नै मनको आमा हुन मन प्रकृतिको जनक होइन । भौतिकवाद मानव जीवनको विशेषताको व्याख्या धेरै राम्रोसँग गर्न सक्छ, आदर्शवादले गर्न सक्दैन । आदर्शवादले अध्यात्मवादको पृथ्वी र उसको वस्तुहरूसँग कुनै सम्बन्ध राख्दैन । हेगेल आफ्नो दर्शनमा कस्तो घटिया व्याख्या गर्दछ भने- यो राम्रो संस्कारको स्वरूप उसको योजनाको पूर्ति विश्व इतिहासमा बूढो ईश्वरले एकैपल्ट ऋषिमुनि, बाबा आदम, बिबी (पत्नी) बेश्या, कोढी, पैदा गऱ्यो । साथै मुख र दरिद्र, पापीहरूलाई दण्डको लागि पैदा गऱ्यो कि त्यो उसले पाप गरोस् र फेरि न्यायको लागि नाटक गरोस् र फेरि दण्ड दिइयोस्, त्यो कस्तो मजाक हो । यो एक दिनको होइन, यो अनन्तकालसम्म चलिरहोस् । यो हो, अध्यात्मवादी ईश्वरको निरन्तर चलिरहने नियम।

द्वन्द्ववाद- हेराक्लितुले भनेको थियो द्वन्द्व (विरोध) सम्पूर्ण सुखको आमा हुन्। हेगेल ले भन्थ्यो विरोध त्यो शक्ति हो जुन वस्तुलाई चलायमान बनाउँछ विरोध कसले हो ? पहिलेको स्थितिमा गडबडी पैदा गर्नु यसलाई द्वन्द्ववाद किन भन्दछन् भने यसमा परिवर्तनको कारण, वस्तुहरू, सामाजिक संस्थाहरू, पारस्परिक विरोध वा द्वन्द्वलाई मान्दछ। हेगेलको द्वन्द्ववादले विचारसम्म मात्र सीमित राख्यो । तर, मार्क्सले यसलाई समाज र सामाजिक संस्थाहरू तथा अर्को ठाउँमा पनि एक किसिमले लागु हुन्छ भन्नुभयो- वाद, प्रतिवाद र संवाद।

द्वन्द्ववादको नियमलाई प्राणी विकासमा उपयोग गरिहेर्दा मानौँ कि हत्पतेडाँडामा फलफूल चुस्ने समिर नामको सेतो फटिङ्गा थियो समिर सेतो फटिङ्गा भएको कारण नरभक्षी पंक्षीहरू खैदिने गर्थ्यो। यहाँसम्म कि उसको अवशेष नै नरहने स्थिति बन्न गयो । केही दिनपश्चात् त्यहाँ उद्योगहरू स्थापना भयो । धुँवाका कारण त्यहाँको जमिन, बोट, बिरुवा सबै कालो रंगमा परिणत भयो । सेतो फटिङ्गा सुरक्षाको कारण उद्योग वरिपरि बस्न थाल्यो । धुँवाको रासायनिक प्रभावको कारण दश वर्षपछि सेतो फटिङ्गा कालो रंगको हुन थाल्यो । अब त्यहाँको मानिसले भन्न थाल्यो- सेतो समिर फटिङ्गा हरायो र कालो फटिङ्गा कहाँबाट आइसक्यो । यो पनि द्वन्द्ववाद नै हो।

(१) सेतो समिर । (२) प्रतिकूल परिस्थिति साबिक चीज कालो हुनु- उपस्थिति हुनु र परिस्थितिसँग द्वन्द्व हुनु । (३) जाति परिवर्तनमा कालो समिरको जन्म हुनु, जसको रंग कालो परिस्थितिमा लुक्नु र नरभक्षी पंक्षीले उसलाई खोज्नुमा श्रम र समय बगाउनुपर्छ । त्यसैले त्यो बाँचेर र संख्या बढ्न थाल्नु।

पहिलो अवस्था वाद र दोस्रो विरोधी अवस्था प्रतिवाद हो। दुइटैको द्वन्द्वले तेस्रो नयाँ चीज जुन पैदा भयो, त्यो संवाद हो। संवादको अवस्थामा कालो फटिङ्गा हाम्रो हाम्रो सामुन्ने त्यो त्यही सफेद फटिङ्गा होइन, उसको पहिलेको वंशावली पनि कालोबाट नै हुँदै आयो । यो एउटा नयाँ चीज नयाँ जातिको हो । यो माथिको छालाको परिवर्तन मात्र होइन, बरु परिवर्तन जाति परिवर्तन हो । यस परिवर्तनलाई द्वन्द्ववादको परिवर्तन भन्दछन् । हामीले देख्यौँ कि गति या क्षणिक वादलाई मान्दै हामी द्वन्द्व वा विरोधमा जान्छौँ। फटिङ्गाको दृष्टान्तमा फटिङ्गा र परिस्थितिको एक समय देख्यौँ, त्यस समय यो दुइटै विरोधीहरूको समागमन माथि पुग्नु।

संवादमा यो मौलिक परिवर्तन हो, यहाँ वस्त माथिबाट मात्र होइन, बरु आफ्नो गुणमा परिवर्तन हुन्छ । जस्तो कि भावी सन्तानसम्मको लागि परिवर्तन भयो । बदला मेटाउन चाहन्छ । प्रतिवाद : प्रतिवादलाई प्रतिकार गरेर फेरि संवाद गर्दछ । यस प्रकार वादको अभाव प्रतिवादले हुन्छ र प्रतिवादको अभाव संवादले अर्थात् संवाद अभावको अभावमा प्रतिशेष हुन्छ। जस्तै, बिच्छीको बच्चा आमालाई खाइदिन्छ अनि बाहिर निस्कन्छ भन्नु कथन गलत हो तर प्रतिशेषको प्रतिशेषलाई बुझ्न सजिलो हुन्छ। पहिलो ददी (हजुरआमा) बिच्छी थियो, उसलाई खत्तम गरेर प्रतिशेष आमा बिच्छी बनिन् । तेस्रो पिंढी प्रतिशेषको प्रतिशेष हेर्न सकिन्छ।

# राजनीतिक संवाद र सम्झौता : एक विमर्श

पृष्ठ १ बाट क्रमशः

अन्तर्राष्ट्रिय श्रम बजारमा ज्यानको बाजी थापेर श्रम गरिरहेका मजदुरहरू, आफ्नो कृषिश्रमको फलस्वरूप उत्पादित कृषि वस्तुको बजार र मूल्य नपाएर जीविका धान्नै धौ-धौ भएका किसानहरू, सेवानिवृत्त तथा सेवा गरिरहेका न्यून वैतनिक सिपाही, कर्मचारी, शिक्षक, प्राध्यापक, स्वास्थ्यकर्मी, इन्जिनियर, वकिल, व्यापारीहरू, राष्ट्रिय पुँजीपतिहरू र मध्यम वर्ग हो। हाम्रो सहमति र संवादको उद्देश्य यो वर्गलाई हाम्रो कार्यदिशा र कार्यक्रम स्पष्ट रूपमा बुझाउनु हो। बढीभन्दा बढी जनसमुदायलाई, क्रान्तिबाट विचलित भएकाहरूलाई, देशभक्त र जनतन्त्रप्रेमीहरूलाई जनसमुदायको मुक्तिको उद्देश्यमा गोलबन्द गर्नु हो।

गत फागुन २१ गते विद्रोही नेकपा र सत्ताधारी एमाले सरकारबीच तीनबुँदे सहमति भएको छ। त्यसमा हाम्रो पार्टीका तर्फबाट वार्ता टोलीका प्रमुख खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड' र सरकारका गृहमन्त्री रामबहादुर थापा 'बादल' ले हस्ताक्षर गरेका छन्। सहमतिको पहिलो बुँदामा राजनीतिक समस्याहरूलाई वार्ता र संवादद्वारा समाधान गर्दै जाने भनिएको छ। कुन-कुन राजनीतिक समस्याहरू हुन्, तिनलाई बाहिर खुलाइएको छैन। यसमा मूल समस्या भनेको जनताको राजनीतिक व्यवस्था वैज्ञानिक समाजवाद हुने वा संसद्वादी बहुदलीय व्यवस्था हुने भन्ने हो। दोस्रो बुँदामा विद्रोही नेपाल कम्युनिस्ट पार्टीले सशस्त्र होइन, बरु शान्तिपूर्ण गतिविधि गर्नुपर्ने सहमति भएको छ। यो बुँदामा नेकपाले आफ्नो व्यावहारिक क्रियान्वयन अघि बढाएको छ। तेस्रो बुँदामा सरकारले पार्टीमाथिको प्रतिबन्ध हटाउने, राजबन्दीहरू रिहा गर्ने र राजनीतिक कारणले लागेका सम्पूर्ण मुद्दा खारेज गर्ने सहमति भएको छ। तेस्रो बुँदाको पहिलो बुँदा सरकारले कार्यान्वयन गरेको छ र दोस्रो तथा तेस्रो बुँदा यी पङ्क्तिहरू कोर्दासम्म कार्यान्वयन गरिएको छैन। राजबन्दीहरू रिहा गर्न र राजनीतिक मुद्दा खारेज गर्न संविधान र कानुनमा केकस्ता व्यवधानहरू रहेका छन्, ती विद्रोही दलको सरोकारका विषय होइनन् तर सरकारले राजनीतिक सहमतिका आधारमा बन्दीहरू रिहा गर्न र मुद्दाहरू खारेज गर्न ढिलाइ गर्नुको अर्थ सहमतिप्रति इमानदार नहुनु हो। यसप्रति विद्रोही क्रान्तिकारी पार्टी सजग र सतर्क रहनुपर्दछ। विद्रोही पार्टीले ठीकठीक स्थानमा लेनिनले जस्तै राजनीतिक पाताहरू ठोक्न सकेन भने सत्ताधारीले ढिलाइ गर्ने मौका पाउँछ। ब्रेस्ट-लिटोभ्स्टक सन्धिमा ट्राट्स्कीले बलियो राजनीतिक पाता ठोक्न नसकेकाले ५ डिसेम्बर १९१७ मा भएको सम्झौता उल्टियो र फेरि रुस र जर्मनीबीच युद्ध भयो। जर्मनीलाई सोभियत रुसले पराजित गरेपछि मात्र फर वरी १९१८ मा लेनिन स्वयम् अघि सरेर बलियो राजनीतिक पातो ठोक्नुभयो तर त्यसबाट सोभियत रुसले बढी भूभाग गुमाउनुपऱ्यो। हाम्रो ३ बुँदे सहमति विद्रोही पक्षको कारणले ब्रेस्ट लिटोभ्स्टक सम्झौता जस्तो दोहोरो गर्नु नपरोस् भन्ने कुरामा विशेष ध्यान दिनैपर्छ। सत्ताधारी दलले धोका दिन खोज्छ भने त्यसबाट क्रान्तिकारी दललाई बेफाइदा हुँदैन, बरु सत्ताधारी वर्गले नै इतिहासमा जनताका सामु बदनाम र कलङ्कित बन्नु पर्नेछ।

दार्शनिक दृष्टिकोणबाट हेर्दा क्रान्तिकारी गतिविधि गरिरहेको विद्रोही दल र सत्ताधारी दल शत्रुतापूर्ण विपरीतहरू हुन्। उनीहरूबीच वार्ता र संवाद सापेक्ष, सर्तबद्ध र अस्थायी हुन्छ भने सङ्घर्ष निरपेक्ष, निःसर्त र स्थायी हुन्छ। यो वार्ता र संवादको प्रक्रियामा सत्ताधारी पार्टीले विद्रोहीलाई आफैँभित्र विलीन बनाउने अनेक दाउपेच खेल्दछ भने विद्रोहीले पनि सत्ताधारीलाई पचाएर क्रान्तिकारी पार्टीलाई हाबी बनाउने कोसिस गर्दछ। यी दुई विपरीतहरूको सङ्घर्षमा जनयुद्धबाट आएको क्रान्तिकारी शक्तिलाई सत्ताधारी दलहरूले पचाएर संसद्वादी व्यवस्थाको चास्नीमा डुबाइदिए। त्यसको परिणामस्वरूप नेतृत्वको एउटा पङ्क्ति पुष्पकमल दाहालको नेतृत्वमा त्यो चास्नीबाट उम्कन सकेन भने अर्को पक्षले विद्रोह गऱ्यो। त्यही विद्रोही पक्ष आज फेरि अर्को प्रक्रियाको वार्ता र संवादमा आइपुगेको छ। यतिबेला हामीलाई लेनिनको जस्तो मात्र होइन, त्यसमा विकसित राजनीतिक तीक्ष्णता र गतिशीलता चाहिएको छ। विद्रोही पक्षले दलाल पुँजीवादी अर्थतन्त्रको केन्द्रीय अभिव्यक्तिका रूपमा रहेको सत्ताधारी राजनीतिक शक्तिसँग वार्ता र सहमति गरेको छ। दलाल पुँजीवादी अर्थतन्त्रको केन्द्रीय अभिव्यक्तिका रूपमा रहेको राज्यसत्ता भन्नुको अर्थ यसको सम्बन्ध अन्तर्राष्ट्रिय निगम पुँजीवादसँग रहेको हुन्छ भन्ने कुरा क्रान्तिकारी पार्टीलाई राम्रोसँग थाहा छ। तर यसबाट क्रान्तिकारी दल कतै पनि डराउनुपर्ने आवश्यकता छैन। जनसङ्घर्ष, जनआन्दोलन र जनक्रान्तिबाट मात्र होइन, बरु विद्रोही दलले यस्ता वार्ता र संवादबाट पनि आफूलाई परीक्षण गर्दै परिपक्वता हासिल गर्नुपर्दछ। क्रान्ति-वार्ता-जनक्रान्तिको प्रक्रियाबाट नै लेनिन र माओ सफल हुनुभएको थियो। हामीले एकीकृत जनक्रान्तिलाई आफ्नो कार्यदिशा बनाएका छौँ। एकीकृत जनक्रान्ति भनेको क्रान्ति र वार्ताप्रक्रियाको पनि एकीकृत स्वरूप हुन्छ। यो प्रक्रियाबाट विद्रोही शक्तिले सत्ताधारी शक्तिको भ्रममा रहेका, दलाल पुँजीवादी चक्रब्यूहमा फसेका र उद्देश्यविहीन अल्मलाहटमा हल्लिरहेकाहरूलाई स्पष्ट पारी आफूवरिपरि गोलबन्द पार्ने क्षमता राख्नुपर्दछ। यसका साथै आफ्नो पङ्क्तिलाई अनुशासित, गतिशील र लक्ष्यप्रति निष्ठावान् बनाउन जरुरी छ।

महासचिव कमरेड विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी र केपी ओली नेतृत्वको सरकारबीच भएको तीनबुँदे सहमतिपछि विभिन्न प्रतिक्रियाहरू आएका छन्। नेपालको सबभन्दा पुरानो राजनीतिक दल नेपाली काङ्ग्रेस यो सहमतिको एकातिर स्वागत गर्दछ भने अर्कोतिर चौथो बुँदा खोइ ? भनेर प्रश्न गर्दैछ। जनयुद्धबाट शक्ति सञ्चयका नाममा शान्तिवार्तामा आएर संसद्वादी दलदलमा भासिएका पुष्पकमल दाहाल भनिरहेका छन्- मैले नै खनेको गोरेटोमा विप्लवहरू आइपुगे। नेकपानजिकका शक्तिहरू नेकपा (क्रान्तिकारी माओवादी), ऋषि कट्टेल नेतृत्वको नेकपा, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाललगायतले यो सहमतिको प्रक्रियालाई स्वागत गर्दै संसदीय दलदलमा नफस्नसमेत सतर्क बनाएका छन्। हामी यी विभिन्न दलहरूका भनाइलाई तिनको विश्वदृष्टिकोणअनुसार तिनको भनाइको समीक्षा गर्न सक्छौँ। नेपाली काङ्ग्रेस आफ्नो अधिभूतवादी आदर्शवादको कोणबाट बोल्दछ किनभने उसका लागि संसदीय बहुदल नै सबभन्दा लोकतान्त्रिक व्यवस्था हो। त्यसभन्दा अर्को सोच्नु, अधिभूतवादी आदर्शवादका विरुद्ध, बहुलवादका विरुद्ध जानु ठूलो पाप ठान्दछ। यो उसको लक्ष्य र उद्देश्य हो। केपी ओलीले तीनबुँदे सहमति भएपछि शान्तिको युग सुरु भएको घोषणा गरेका छन्। उनी धेरै पहिले नै बहुलवादी दर्शनका पक्षपाती भइसकेका हुनाले त्यसभन्दा बाहिर सोच्नु त सैतानको सरारत हो। माधव नेपालहरूले पनि यसभन्दा बाहिर सोच्नसक्ने गतिशील चिन्तन पैदा हुन सक्तैन। नेकपा (क्रामा), ऋषि कट्टेल नेतृत्वको नेकपा, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल इत्यादिको विश्वदृष्टिकोण द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी भएकाले तीनबुँदे सहमति परिस्थितिअनुसार भएको र विगतका सहमति तथा सम्झौताबाट शिक्षा लिँदै सतर्क हुनुपर्ने बताएका छन्। यो कुरा सही नै हो। जनयुद्धद्वारा प्रचण्ड नाम पाएका पुष्पकमल दाहालले भने बडो गर्वका साथ 'मैले नै कोरेको बाटोमा आएको' बताएका छन्। उनले कोरेको 'गोरेटो' भनेको दलाल पुँजीवादी संसदीय व्यवस्थाको आहालमा पुगेर डुब्ने, जनयुद्ध र जनआन्दोलनका सहिदहरूको रगत, घाइते-अपाङ्ग योद्धाहरूका चहऱ्याइरहेका सपनाहरू, शोषित-उत्पीडित जनसमुदायका लक्ष्य र उद्देश्य, वैज्ञानिक समाजवाद तथा साम्यवादलाई त्यही आहालमा पुऱ्याएर डुबाउने हो। संसदीय सत्ताधारी र प्रतिपक्षी सबै दलहरूलाई द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दृष्टिकोणले हेर्दा उनीहरूभित्र पनि क्रान्तिकारी आन्दोलनका पक्षधर, शुभचिन्तक र गतिशील समूह, व्यक्ति र व्यक्तित्वहरू पनि रहेका छन्। कतिपय देश र जनताको चिन्ता गर्ने देशभक्त र जनतान्त्रिक समूहहरूले पनि सहमतिप्रति खुसी प्रकट गरेका छन्। त्यसरी नै पुरानो राज्यसत्ताका सङ्घटक अङ्गहरू सरकार, सेना, प्रहरी, कर्मचारीतन्त्र, न्यायालय र कारागारमा रहेका देशभक्त तथा जनतान्त्रिक व्यक्ति र समूहहरूले नयाँ परिवर्तनका लागि आशाको दृष्टिले हेरिरहेका छन्। उनीहरूले फेरि उस्तै नहोस् भन्ने सल्लाह र सुझाव दिइरहेका छन्। बुद्धिजीवी, कलाकार, चिकित्सक, वकिल, शिक्षक, प्राध्यापक, विद्यार्थीलगायत जनवर्गहरूले पनि प्रत्यक्ष वा अप्रत्यक्ष शुभकामना र सहयोग गरिरहनुभएको छ। लेनिनले भनेजस्तै हामीले यी जनसमूहलाई संसदीय व्यवस्थाको विकल्पमा वैज्ञानिक समाजवादप्रति विश्वस्त पार्न र गोलबन्द गर्ने कार्य नेकपाका नेता र कार्यकर्ताहरूको कार्यभार हो। धेरै मानिसहरू अविश्वस्त, ढुलमूल र विगतको आन्दोलनका धोकाहरूबाट त्रस्त छन्। यी मानिसहरूलाई जसले विश्वस्त, बलियो र निडर बनाउन सक्दछ, त्यसले नै क्रान्तिमा विजय हासिल गर्न सक्दछ। विजयी बन्न मात्र मात्र होइन, बरु देशको विकास गर्न सक्दछ।

तीनबुँदे सहमतिका सन्दर्भमा महासचिव कमरेड विप्लवद्वारा व्यवस्थाको चुनावमा जाने प्रस्ताव गरिएको छ। संसदीय व्यवस्था कि वैज्ञानिक समाजवाद, कुन रोज्ने भनेर जनतामा जाने प्रस्ताव गरिएको छ। अहिलेसम्म हामीले व्यक्ति र दल रोज्यौँ तर समस्याको समाधान हुन सकेन। हामीलाई राज्यसंयन्त्र नै नयाँ चाहिएको छ। अब दलाल पुँजीवादी अर्थतन्त्रमा आधारित व्यवस्थाले राष्ट्रिय समस्याको समाधान गर्न सक्दैन किनभने दलाल पुँजीवादी अर्थतन्त्रले राष्ट्रिय पुँजीको विकास गर्न दिँदैन। यसले आफ्नै देशमा राष्ट्रिय उद्योग र व्यवसाय निर्माण गरेर राष्ट्रिय उत्पादन र राष्ट्रिय आत्मनिर्भरता सिर्जना गर्न सक्दैन। विद्यमान दलाल पुँजीवादी अर्थतन्त्रले राष्ट्रिय राजनीति र संस्कृतिको विकास गर्न पनि दिँदैन। हामीले देखिरहेका छौँ- २०४६/४७ को जनआन्दोलनको भऱ्याङ चढेर आएको संसदीय व्यवस्था र दसबर्से जनयुद्धको पथ विचलन भई राजतन्त्रको अन्त्यपछि लादिएको कथित सङ्घीय लोकतान्त्रिक गणतन्त्रले सम्पूर्ण राष्ट्रिय उद्योगहरू नष्ट गरेका छन्। नेपालको बजारमा नेपाली उत्पादन केही पनि छैन। सम्पूर्ण बजार विदेशी मालले भरिएको छ। हामी नेपाली नेपालका दलालहरूमार्फत विदेशी मालहरू बेच्न बाध्य भएका छौँ। हामीले उत्पादन गर्ने पन्छीखेतीमा दलालहरूमार्फत बर्ड फ्लु सल्काइन्छ। हामीले उत्पादन गर्ने जैविक तरकारीले बिहानै नाका काट्छ। हाम्रो तरकारीले देशमा बजार नपाएर किसानहरू त्यसलाई नष्ट गर्न बाध्य छन्। हामीले उत्पादन गरेको दूध सडकमा पोख्नुपर्छ। भारतीय विषालु मासु, विषालु तरकारी र प्रदूषित दूध खाएर नेपालीहरू अस्वस्थ हुन र अस्वस्थ केटाकेटी जन्माउन बाध्य छौँ। नेपालमा स्थापित गरिएका छालाजुत्ता कारखाना, हेटौँडा कपडा कारखाना, बुटवल धागो कारखाना, वीरगन्ज औजार कारखाना, हरिसिद्धि इटायल कारखाना, गोदावरी मार्बल उद्योग, चोभारको हिमालय सिमेन्ट उद्योग, हेटौँडादेखि काठमाडौँ टेकुसम्मको रज्जुमार्ग (रोप वे), त्रिपुरेश्वरदेखि सूर्यविनायकसम्मको ट्रली बस सेवा, जनकपुर चुरोट कारखाना, पाटन र बालाजुका औद्योगिक क्षेत्रहरू, भृकुटी कागज कारखाना, विराटनगरका जुटमिलहरू इत्यादि कि त विघटन गरिएका छन् वा भारतलगायत देशहरूलाई बेच्ने र दलाल पुँजीपतिहरूलाई समर्पण गर्ने काम गरिएको छ। राज्यसत्तामा रहेका अधिकारीहरूले यसको कुनै जबाफ दिएका छैनन्। यसको परिणामस्वरूप हाम्रो राष्ट्रियता र संस्कृतिको आधार विस्थापित भएको छ र दलाल पुँजीवादी आधार स्थापित भएको छ। त्यसकारण नेपाल पुँजीवादी देश त भयो तर यो दलाल पुँजीवादी देश भएको छ। बजार पूरै दलाल पुँजीवादी उत्पादनले भरिएको छ। बजार पुँजीवादबाट दलाल पुँजीपतिहरू मोटाइरहेका छन्। यो दलाल पुँजीको रक्षक दलाल पुँजीवादी संसदीय राज्यसत्ता बनेको छ। साम्यवादी ट्रेडमार्क वा पुँजीवादी ट्रेडमार्क जेसुकै आवरणमा रहेका भए पनि संसदीय दलहरू दलाल पुँजीवादी दल हुन्। ती दलाल पुँजी बजारका मालहरू हुन्। त्यसकारण ती आफैँ मिल्न सक्दैनन्, बरु अरूले मिलाइदिनुपर्दछ र ती आफैँ फुट्दैनन्, बरु तिनका मालिकको स्वार्थअनुसार फुट्दछन्। अतःएव ती कहिले विशालकाय हात्ती बन्दछन् र कहिले गुट-उपगुटमा विभाजन हुन्छन्। यो दलाल पुँजीवादी अर्थतन्त्रलाई विस्थापित गर्न राष्ट्रिय पुँजीको विकास गर्नुपर्दछ। राष्ट्रिय पुँजीको विकास दलाल पुँजीलाई राष्ट्रियकरण गरी औद्योगिक क्रान्ति गर्नुपर्दछ। दलाल पुँजी कब्जा गर्न उत्पीडित वर्गको अग्रदस्ता साम्यवादी दलको नेतृत्वमा वैज्ञानिक समाजवादी क्रान्ति गर्नुपर्दछ। त्यसकारण हामीलाई संसदीय व्यवस्था होइन, बरु वैज्ञानिक समाजवादी व्यवस्था चाहिन्छ।

आखिर वैज्ञानिक समाजवाद भनेको के हो त ? वैज्ञानिक समाजवाद भनेको पुँजीवादबाट साम्यवादमा पुग्ने सङ्क्रमणकालीन व्यवस्था हो। यसलाई मार्क्सले साम्यवादको प्रथम चरण पनि भन्नुभएको छ। मार्क्सवादको ककहरा बुझेका मानिसहरूलाई के थाहा छ भने समाज शोषक र शोषित, उत्पीडक र उत्पीडित वर्गमा विभाजित छ। एक्काईसौँ शताब्दीमा आइपुग्दा एक प्रतिशत निगम पुँजीपति छन् र उनान्सय प्रतिशत तिनबाट शोषित-उत्पीडित छन्। यी दुई वर्गबीच वर्गसङ्घर्ष त स्वचालित रूपमा अघि बढिरहेको छ तर स्वचालित वर्गसङ्घर्षलाई गुणात्मक रूपमा अघि बढाउन उत्पीडित वर्गको अग्रदस्ता चाहिन्छ जसलाई साम्यवादी दल भन्दछन्। साम्यवादी दलमा साम्यवादलाई अहिल्यैदेखि आफ्नो आचरण बनाएका अनुभवी र सुयोग्य नेताहरूले नेतृत्व गर्दछन्। वर्गसङ्घर्ष उच्चतम् अवस्थामा पुगेर जब दलाल पुँजीवादी र पुँजीवादी सत्तामाथि धक्का दिन्छ तब त्यसले बल प्रयोग गर्दछ। त्यो बलको प्रतिरोध पनि साम्यवादी दलको नेतृत्वमा जनबलद्वारा गरिन्छ। यसबाट वैज्ञानिक समाजवाद स्थापना हुन्छ। वैज्ञानिक समाजवादी व्यवस्थाले एक प्रतिशत त्यसका विरोधीहरूमाथि जननियन्त्रण, जननिगरानी र जनहस्तक्षेप गर्दछ। यसैलाई मार्क्स र लेनिनले सर्वहारा अधिनायकत्व भन्नुभएको छ भने माओले जनताको जनवादी अधिनायकत्व भन्नुभएको छ। यो वर्गसङ्घर्ष र क्रान्तिको प्रक्रियामा उत्पीडित वर्गका लागि अनिवार्य बन्दछ। वैज्ञानिक समाजवादी व्यवस्था मार्क्सको भाषामा 'स्थायी क्रान्तिको उद्घोषण हो।'

वैज्ञानिक समाजवादमा सर्वहारा वर्गको अधिनायकत्वले मूलभूत रूपमा चारवटा कार्यभार पूरा गर्नुपर्दछ : (१) यसले पुँजीवादी व्यवस्थाले उत्पन्न गरेको वर्गविभेदलाई सम्पूर्ण रूपले निर्मूल गर्नुपर्दछ। वर्गविभेद भन्नाले समग्रमा शोषक र शोषितबीचको भेदलाई बुझिन्छ तर यसअन्तर्गत महिला र पुरुषबीच, उच्च जाति र निच जाति भनिएका बीच, काला र गोराबीच, मजदुर-किसान र मालिकबीच, अधिकृत र सिपाहीबीच, अधिकृत कर्मचारी र निम्न कर्मचारीबीच पनि लामो संस्कारसहितको विभेद रहेको हुन्छ। यी सबैबीचको भेदभावलाई यहाँ निर्मूल गरिनुपर्दछ। (२) यो वर्गविभेदको स्रोतका रूपमा रहेको उत्पादन सम्बन्धलाई सम्पूर्ण रूपले निर्मूल गर्नुपर्दछ। यो भनेको सामूहिक उत्पादन र निजी स्वामित्वबीचको अन्तरविरोधलाई समाधान गर्ने कुरा हो। यसको समाधान गर्न सामूहिक उत्पादनको सामूहिक स्वामित्व हुनुपर्दछ। यो भनेको मजदुर, किसान, सिपाही र सम्पूर्ण उत्पीडित वर्गले उत्पादन गरेको वस्तुको स्वयम् स्वामी हुने भनेको हो। यहाँ निजी सम्पत्तिको हजारौँ वर्ष लामो आदतका विरुद्ध लड्नुपर्दछ। (३) यो उत्पादन सम्बन्धबाट उत्पन्न भएको सामाजिक सम्बन्धलाई सम्पूर्ण रूपले उन्मूलन गर्नुपर्दछ। यसको अर्थ मानिस र मानिसका बीचको सम्बन्धमा आएको भेदभावलाई हटाउनुपर्दछ। समाजवादी राज्यका सम्पूर्ण संयन्त्रहरू सेना, प्रहरी, सरकार, अदालत, कर्मचारीतन्त्र र कारागार शासक मात्र होइन, बरु जनसेवक बन्नुपर्दछ। संसारका सबै देशमा वैज्ञानिक समाजवाद आइसकेपछि यी सबैलाई सङ्ग्रहालयमा लगेर राखिनेछ जसरी आज हनुमानढोकामा पृथ्वीनारायण शाहको सेना राखिएको छ। (४) यो सामाजिक सम्बन्धबाट विकास भएका विचारहरूलाई क्रान्तिकारीकरण गरिनेछ। यसको सम्पूर्ण परम्परागत विचारको स्थानमा वैज्ञानिक विचारको विकास गरिनेछ। मार्क्सले कम्युनिस्ट घोषणापत्रदेखि फ्रान्समा गृहयुद्धसम्म व्याख्या गर्नुभएको वैज्ञानिक समाजवाद यही हो।

यो वैज्ञानिक समाजवादी व्यवस्थामा उनान्सय प्रतिशतलाई जनवाद बढी, अधिनायकत्व थोरै हुनेछ भने एक प्रतिशतलाई अधिनायकत्व बढी जनवाद (म्ष्यअचबअथ) कम हुनेछ। सर्वहारा अधिनायकत्व वा जनताको जनवादी अधिनायकत्वलाई पुँजीपति वर्गको शासनमा जस्तो हत्या, दमन र अत्याचारका रूपमा लिनु हुँदैन। सत्ताच्यूत वर्ग र सत्ताधारीबीच भएको उनान्सय प्रतिशत उत्पीडित वर्ग स्वयम्लाई पुनः संस्कार र रूपान्तरण गर्दै लैजाने स्कुलिङका रूपमा बुझ्नुपर्दछ। अर्को शब्दमा भन्दा यो जननियन्त्रण, जनहस्तक्षेप र जननिगरानीमा पुनः संस्कार र रूपान्तरण गर्ने प्रक्रिया हो। त्यसकारण उत्पीडित वर्गको अधिनायकत्वबारे आफ्नो वर्गको अधिनायकत्व बचाउन जसरी पुँजीपति वर्गले भयावह रूपमा प्रचार गरिरहेको छ, यो त्यस्तो होइन। समाजवादमा नै सबभन्दा बढी जनवादको अभ्यास हुन्छ र जनताका कुरा सुन्ने मात्र होइन, बरु सामूहिक छलफलबाट नै निर्णयहरू हुन्छन्। पुँजीवादी जनवाद वा लोकतन्त्र भनेको भनाइमा लोकतन्त्र गराइमा ठोकतन्त्र हो। हामीले तिनको निर्वाचनमा, तिनको संसद्मा, तिनको न्यायप्रणाली र कार्यपालिकामा तथाकथित लोकतन्त्रको अभ्यास देखिरहेका छौँ। तिनको निर्वाचनमा साम-दाम-दण्ड-भेदद्वारा शोषक र शासक वर्ग निर्वाचित हुन्छ। तिनको संसद्मा सरकारद्वारा नीति तथा कार्यक्रम र वार्षिक बजेट पेस गरिन्छ। ४/५ महिनासम्म दफाबार छलफल हुन्छ तर अन्त्यमा एक अक्षर पनि परिवर्तन नगरीकन सभामुखले 'हुन्छ भन्नेले हुन्छ भन्नुहोला र हुन्न भन्नेले हुन्न भन्नुहोला' भन्दछ र टुङ्गिन्छ। तिनको न्यायव्यवस्था तथ्यबाट सत्य पत्ता लगाउने होइन, असत्य तर्कले तथ्य हटाउने खालको मत्स्यन्याय हुन्छ। तिनको कार्यपालिकामा त प्रधानमन्त्रीले जे चाह्यो त्यही निर्णय हुन्छ। मन्त्रिमण्डलका अरू सबै मन्त्रीहरूले जतिसुकै राम्रा तर्क, बहस र निष्कर्ष निकाले पनि प्रधानमन्त्रीको स्वार्थअनुसार भएन भने निर्णय हुँदैन। यही हो पुँजीवादी प्रजातन्त्र। वैज्ञानिक समाजवादी व्यवस्थामा जनवादी केन्द्रीयता हुन्छ। जनता, कम्युनिस्ट कार्यकर्ता र नेताहरूले आआफ्ना समिति, जनसभा, जवस, बैठक, राष्ट्रिय सम्मेलन, महाधिवेशनहरूमा आफ्ना विचार, अनुभव, आक्रोश, आवेग, योजना र उपायहरू राख्छन् जसबाट नयाँ विचार, नीति र सिद्धान्तहरू केन्द्रित हुन्छन् र कार्यान्वयनमा जान्छन्। त्यसकारण यो वास्तविक जनवाद हुन्छ।

आज नेकपा पुरानो सत्ताको सरकारसँग वार्ता, संवाद र सहमतिमा पुगेको बेला उसले उल्लिखित आफ्ना सिद्धान्त, वर्ग, क्रान्तिकारी उद्देश्य, क्रान्तिको तयारी, क्रान्तिका लागि जनसमूहलाई प्रशिक्षित गर्ने कार्यभारप्रतिको निष्ठा बिर्सनु हुँदैन। २००६ सालदेखि पुष्पकमल दाहालसम्मका कैयौँ नेताहरूमा यही निष्ठा नहुनाले नै आजसम्म वैज्ञानिक समाजवाद प्राप्त हुन सकेन। कार्यनीतिका नाममा रणनीतिलाई बली चढाउने प्रवृत्ति हामीले दोहोऱ्याउनु हुँदैन। बरु यतिबेला हामीले वैज्ञानिक समाजवाद प्राप्त गर्ने एकीकृत जनक्रान्तिको बाटोलाई अझ स्पष्ट, ठोस र निश्चित तत्वहरूमा आधारित गर्नुपर्दछ ता कि यसको मनमौजी व्याख्या हुन नसकोस्। हामीले यसबारे पुराना र नयाँ साम्यवादी नेताहरूसँग, विभिन्न विचारधारासँग सम्बन्धित बुद्धिजीवी र विज्ञहरूसँग बहस चलाउन जरुरी छ। यसका साथसाथै मालेमावादकै गहिरो अध्ययन र वर्तमान परिस्थितिको ठोस विश्लेषण, ठोस कार्यदिशा र कार्यक्रम बनाउन जरुरी छ। राजनीतिमा वार्ता र सम्झौता त्यसलाई भनिन्छ जसमा विद्रोही पार्टीले आफ्ना केही मागहरू छोड्दछ र सत्ताधारी पार्टीका केही मागहरूलाई स्वीकार गर्दै सन्तुलन कायम गरेर आफ्नो लक्ष्यमा पुग्ने योजना बनाउँछ। हामीले यो प्रक्रियामा विगतको शिक्षालाई पनि राम्रोसँग ग्रहण गर्नुपर्दछ। दुवै पक्षको आवश्यकताले यो प्रक्रियामा आइपुगिन्छ र चित्त नबुझे आ-आफ्नो बाटो लाग्ने स्वतन्त्रता हुन्छ।

१३ वैशाख, २०७८

## संसदवादलाई चिहानमा ....

त्यसले पार्टीभित्र ल्याउने अन्तरविरोध हल गर्नुभएको थियो भन्ने कुरालाई गहिरो गरी सम्झनुपर्दछ।'

नेपालको क्रान्तिसँग रुसी क्रान्तिको सन्दर्भ जोड्दै उनले भने, 'उदाहरणका रूपमा हामी ब्रेस्ट लिटोभस्टक सन्धिलाई लिन सक्छौँ। भर्खरै अक्टोबर क्रान्तिबाट वैज्ञानिक समाजवाद जन्मेको थियो। पहिलो विश्वयुद्ध चलिरहेको थियो। बेलायत र फ्रान्ससँग सम्झौता गर्न खोज्दा इन्कार गरिएको थियो। त्यसपछि जर्मनी र अस्ट्रियासँग वार्ता भयो र ३ डिसेम्बर १९१७ मा भएको वार्तामा ५ डिसेम्बरका दिन हस्ताक्षर हुन पुग्यो। यो सम्झौतालाई भङ्ग गर्न पार्टीभित्रै रहेका ट्राट्स्की र बुखारिन गुटदेखि लिएर र पार्टीबाहिरका प्रतिक्रान्तिकारीहरू एकजुट भएर लागे। त्यो वार्ता भङ्ग गराएरै छोडे।'

नेकपा नेता सुदर्शनले अघि भने, 'फेरि १० फरवरी १९१८ मा चलेको शान्ति वार्तामा ट्राट्स्कीले हस्ताक्षर गर्न मानेन र वार्ता भङ्ग भयो। परिणामस्वरूप जर्मनीसँग युद्ध भयो र रुसले युद्ध जित्यो। त्यसपछि लेनिनले पुनः शान्ति सम्झौताका लागि जर्मनीसँग आह्वान गर्नुभयो। समाजवाद बचाउन पोल्यान्ड, लात्भिया, स्टोनियालगायत भूभाग गुमाउनुपऱ्यो। जब वैज्ञानिक समाजवादका पक्षमा विश्व जनमत बन्यो, पार्टीभित्र ट्राट्स्की र बुखारिनका विरुद्ध लेनिन, स्टालिन, मनोकोप, कालिनिन, किरोभ, दसेरदलक्सलगायत नेताहरूको शक्तिशाली अग्रदस्ता बन्यो र सोभियत रुसका गुमेका भूभागहरू फिर्ता भए।'

नेता सुदर्शनले भने, 'यो घटनाबाट के बुझ्नुपर्दछ भने कहिलेकहीँ एक पाइला अघि बढ्न दुई पाइला पछि सर्नुपर्दछ। नेपाल कम्युनिस्ट पार्टीको ७३ औँ स्थापना दिवसका अवसरमा हामीले लेनिनबाट के कुरामा शिक्षित हुनुपर्दछ भने उहाँले जस्तै मार्तोभ, प्लेखानोभ, ट्राट्स्की, बुखारिन, जिनोनेव, कामेनेवजस्ता पात्रहरू मनमोहन, केशरजङ्ग रायमाझी, पुष्पकमल दाहाल र बाबुराम भट्टराईलाई पराजित गरेर यहाँ आइपुगेका छौँ। उनीहरूलाई कब्रिस्तानमा राखेर आज हामीले एकीकृत जनक्रान्ति र वैज्ञानिक समाजवादजस्तो क्रान्तिकारी कार्यदिशा र कार्यक्रम विकास गरेका छौँ। यसलाई अघि बढाउन वार्ता र संवादको पक्षलाई पनि अघि बढाएका छौँ। यो वार्ता र संवाद पुष्पकमल दाहाल र बाबुराम भट्टराईजस्तै संसदीय फोहोरी आहालमा डुब्न होइन, अविरल र स्वच्छ कोसीजस्तै अघि बढ्न र वैज्ञानिक समाजवादमा पुग्न सफल हुनुपर्दछ। यसमा पार्टी आन्तरिक र बाह्य अवरोधहरूलाई समाधान गर्दै लेनिनझैँ अघि बढ्नुपर्दछ। पार्टीको नेतृत्वमा दलाल पुँजीवादका विरुद्ध मजदुर, किसान, सिपाही, राष्ट्रिय पुँजीपति र मध्यमवर्गको मोर्चा खडा गर्नुपर्दछ र एकीकृत जनक्रान्ति र वैज्ञानिक समाजवादको विषयलाई एकरूपताका साथ पार्टीपङ्क्ति र जनतामा लैजानु विजयको भौतिक शक्ति तयार हुनु हो।'

कार्यक्रममा विशेष अतिथि सुजन यादवले भने, 'आज नेपालमा लेनिनवादका विरोधीहरूले आफूलाई मार्क्सवादी लेनिनवादी माओवादी भनिरहेका छन्। ती नक्कली लेनिनवादीहरूको भण्डाफोर गर्दै सही लेनिनवादी कम्युनिस्ट क्रान्तिकारीहरूलाई शुभकामना दिए।

नख्खु कारागारमा १५२ औँ लेनिनजयन्ती तथा ७३ औँ नेपाल कम्युनिस्ट पार्टी स्थापना दिवस भव्य रूपले मनाइएको छ। कार्यक्रमको अध्यक्षता सूर्यबहादुर तिमिल्सिनाले गरेका थिए भने सञ्चालन उमेश केसी र स्वागत भाषण रामकृष्ण खतिवडाले गरेका थिए।

कार्यक्रममा रोहित ढुङ्गाना, प्रेमबहादुर विक, रामेश्वर पौडेल र बुद्धि श्रेष्ठले लेनिनको जीवनी र कार्यको विवेचना गर्नुका साथै नेपालमा लेनिनको वैज्ञानिक समाजवादी व्यवस्थाले मात्र उत्पीडित जनताको समस्या समाधान गर्ने बताएका थिए।

रातो खबर साप्ताहिक

# नेता–कार्यकर्ताको रिहाइ र झूट्टा मुद्दा खारेज भएपछि सरकारसँग राजनीतिक वार्ता : पाटन

हेमन्त वली/तुलसीपुर : नेपाल कम्युनिस्ट पार्टीको सहायक सङ्गठन युवा सङ्गठन नेपाल दाङको चौथो सम्मेलन दाङको तुलसीपुरमा सम्पन्न भएको छ । सम्मेलनले तुलसी चौधरीको अध्यक्षतामा २७ सदस्यीय जिल्ला समिति निर्वाचित गरेको छ । समितिको उपाध्यक्षमा जीवनी चौधरी, सचिवमा सुदर्शन विक, सहसचिवमा अजय दुलाल र कोषाध्यक्षमा दीपेद्र ओली निर्वाचित भएका छन् ।

सम्मेलनमा 'राष्ट्रियता, सार्वभौम सत्ता र स्वतन्त्रताका पक्षमा सङ्घर्ष गरौं, भ्रष्टाचार निर्मूल समाजका लागि चौथो जिल्ला सम्मेलन भव्य रूपले सफल पारौं' भन्ने मूल नारा तय गरिएको थियो ।

सम्मेलनलाई सम्बोधन गर्दै प्रमुख अतिथि युवा सङ्गठन नेपाल केन्द्रीय सम्मेलन आयोजक समितिका संयोजक पाटनले संसदीय व्यवस्था चरम सङ्कटमा पुगेर असफल भइसकेको अवस्थामा नेपाल कम्युनिस्ट पार्टीले निर्विकल्प वैज्ञानिक समाजवाद प्राप्तिको दिशामा एकीकृत जनक्रान्ति अघि बढाइरहेको बताए । उनले विद्यमान सत्ता साम्राज्यवादी शक्तिको आडमा टिकेको पनि प्रस्ट पारे । तीनबुँदे सहमतिअन्तर्गत नेता–कार्यकर्ताको रिहाइ र झूट्टा मुद्दा खारेज भइसकेपछि सरकारसँग राजनीतिक वार्ता सुरु हुने पनि बताए ।

संयोजक पाटनले प्रचण्डहरू सरकारसँग भएको तीनबुँदे सहमतिविरुद्ध भ्रामक प्रचारबाजीमा लागिरहेको पनि बताए । उनले भने, 'प्रतिबन्ध लगाउँदा चुइँक्क नबोल्नेहरूले वार्ताका विषयमा अनावश्यक टिप्पणी गर्न आवश्यक छैन ।' उनले प्रचण्डहरूले क्रान्तिकारी शक्ति र नेतृत्वलाई गोन्जालो बनाउने सपना देखेको र त्यो पूरा नभएपछि अत्तालिएको पनि बताए । एमसीसी सम्झौता कुनै पनि हालतमा पारित नहुने प्रस्ट पार्दै उनले भने, 'जबर्जस्ती एमसीसी लादन खोजियो भने हामी विद्रोह गर्छौं ।'

कार्यक्रमका विशिष्ट अतिथि नेकपा दाङका जिल्ला इन्चार्ज प्रदीप वलीले दलाल पुँजीवादी संसदीय व्यवस्थाबाट आम श्रमिक वर्गको मुक्ति सम्भव नभएको बताए । उनले अर्को सन्दर्भमा भने, 'तीनबुँदे सहमति गर्दा पार्टी सकियो, झुक्यो भन्ने भ्रम फैलाउनेहरू क्रान्तिविरोधी हुन् ।'

उनले अब जनताले व्यक्ति छान्ने भन्दा व्यवस्था छान्ने कुरामा आफू विस्वस्त रहेको बताए । उनले भने, 'हाम्रो पार्टीले पुँजीवादी व्यवस्था कि वैज्ञानिक समाजवादी व्यवस्था भनेर जनमतसङ्ग्रहको माग गरेको छ । जनता सधैँ अग्रगमनका पक्षमा हुन्छन, त्यसैले हामी जित्छौं ।'

कार्यक्रममा विशिष्ट अतिथि नेकपा दाङका सेक्रेटरी गणेश चौधरी, युवा सङ्गठन नेपाल नारायणी ब्युरो इन्चार्ज वीरेन्द्र, नेकपा नारायणी ब्युरो सदस्य विकास, जनपत्रकार सङ्गठन नेपाल दाङका संयोजक हेमन्तप्रकाश वली, राप्ती स्कुलिङ विभागका रुद्र वली, सहिद परिवार समाजका केन्द्रीय सदस्य धर्ती, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ राप्ती ब्युरो संयोजक डिल्ली वली, अखिल (क्रान्तिकारी) दाङका अध्यक्ष अमर खड्का, व्यापार सङ्गठनका केन्द्रीय सदस्य भद्र वली, अखिल नेपाल शिक्षक सङ्गठन दाङका अध्यक्ष डिल्ली डीसी, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ दाङका अध्यक्ष सज्जय वली, कर्मचारी सङ्गठनका केन्द्रीय उपाध्यक्ष नरबहादुर रोका, सहिद परिवार दाङ जिल्ला अध्यक्ष बलबहादुर वली, राष्ट्रिय जागरण मञ्चका केन्द्रीय सदस्य मङ्गल चौधरी, नेकपा लमही नगर सेक्रेटरी निमबहादुर डाँगी, नेकपा दंगिशरणका सेक्रेटरी रोदन, नेकपा दाङ जिल्ला सल्लाहकार समितिका सदस्य मधुसूदन, नेकपा जिल्ला सदस्य महान, जनकलगायत अतिथि थिए ।

कार्यक्रममा युवा सङ्गठन नेपाल दाङ जिल्ला सम्मेलन आयोजक समितिका सदस्य तुलसी चौधरीले स्वागत र जीवनी चौधरीले सञ्चालन गरेका थिए । युवा सङ्गठन नेपाल दाङ जिल्ला सम्मेलन आयोजक समितिका संयोजक मनोजको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नवनिर्वाचित जिल्ला समितिलाई पार्टीका जिल्ला सदस्य जनकले बधाई दिएका थिए ।

# युवा सङ्गठनद्वारा जनकपुर ब्युरोमा भित्तेलेखन कार्य तीव्र

**जनकपुर**

नेपाल कम्युनिस्ट पार्टी निकट युवा सङ्गठन नेपाल, जनकपुर ब्युरोले व्यापक रूपले आफ्नो सङ्गठनको प्रचारप्रसारको काम तीव्र पारेको छ । पूर्व–पश्चिम राजमार्गलाई केन्द्रित पार्दै भित्तेलेखन गरिएको छ । शनिबार युवा सङ्गठन नेपाल चौथो राष्ट्रिय सम्मेलन आयोजक समितिका सदस्य दिनेशले सिराहा–सप्तरीमा भित्तेलेखन उद्घाटन गरेका थिए ।

भित्तेलेखन उद्घाटन कार्यक्रममा जिल्ला इन्चार्ज विशाल, युवा सङ्गठन नेपालका जनकपुर ब्युरो इन्चार्ज विचारमान थिङ, सेक्रेटरी गणेश, अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य बिकास, युवा सङ्गठन नेपाल सिराहा–सप्तरीका संयोजक कार्तिक, अखिल क्रान्तिकारीकै पूर्वसर्लाही जिल्ला उपाध्यक्ष बद्री भट्टराई, अखिल क्रान्तिकारीका संयोजक वीरेन्द्रकुमार मण्डल, जिल्ला सदस्य उदय मण्डललगायत नेता–कार्यकर्ताको उपस्थिति रहेको बताइएको छ ।

केन्द्रीय कार्यक्रमअनुसार आफ्नो सङ्गठनले सिराहा–सप्तरी लगायत तराईका जिल्लामा प्रचार/प्रसार तीव्र पारिएको युवा सङ्गठनका जनकपुर ब्युरो इन्चार्ज विचारमानले बताए । उनले कोरोना महामारीले व्यापक रूप लिने देखेपछि ठूला भेला सम्मेलनमा केही समस्या आएका कारण प्रचार/प्रसारलाई ध्यान दिइएको र सबै जिल्ला समितिहरूलाई यही निर्देशन दिइएको पनि बताए ।

अहिले सिराहा–सप्तरीमा युवाको प्रचार/प्रसारलाई व्यापक बनाइएको छ । केही दिनमै अरू जिल्ला धनुषा, सर्लाही–महोत्तरी र सिन्धुलीमा पनि प्रचारका काम अघि बढाइने उनले बताए ।

'दलाल संसदीय व्यवस्था खारेज गरौं ! वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गरौं !!, बेरोजगार युवाहरूलाई रोजगारको ग्यारेन्टी गर !, युवा सङ्गठन नेपाल जिन्दावाद !, एकीकृत जनक्रान्ति जिन्दवाद !, नेपाल कम्युनिस्ट पार्टी जिन्दावाद !, २०७८ जेठ १४ गते दाङ जाऔं !, चौथो राष्ट्रिय सम्मेलन दाङको सभामा सहभागी बनौं !, राष्ट्रिय स्वाधीनताको रक्षा गरौं !, वीर सहिद– अमर रहून् !' लगायत नारा सडक पेटीहरूमा लेखिएका छन् ।

# राङ्सिराङमा नेकपाको भेला तथा कार्यकर्ता प्रशिक्षण

**राङसिराङ**

नेपाल कम्युनिस्ट पार्टीको विशेष जिल्लाअन्तर्गत डीवानको राङसिराङ गाउँपालिका ८ मा शनिबार इलाकास्तरीय भेला तथा कार्यकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

इलाका इन्चार्ज वसन्तको अध्यक्षतामा सम्पन्न भेलाका प्रमुख अतिथि जिल्ला इन्चार्ज पेमा, अतिथिहरू डीवान सेक्रेटरी किरन, जिल्ला सदस्य वीरबहादुर लामा, जिल्ला सदस्य सलिन, शिक्षक सङ्गठनकी संयोजक रीता कुमारी, महिला सङ्गठनकी संयोजक सुन्तली थिङ्न भने इलाका सेक्रेटरी सन्देशले सञ्चालन गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि पेमाले अब देशमा फेरि ज्वालामुखी विस्फोट हुने बेला भएको र अब जनता ज्वालामुखी बनेर निस्कनुपर्नेमा जोड दिए । उक्त भेलामा सहभागीहरूलाई एकीकृत जनक्रान्ति र वैज्ञानिक समाजवादका विषयमा प्रशिक्षण दिइएको समाचार प्राप्त भएको छ ।

# आस्थाका बन्दीहरूले बाजुरा कारागारभित्रै मनाए लेनिन जयन्ती

**बाजुरा** : नेपाल कम्युनिस्ट पार्टीका नेता–कार्यकर्ताले बाजुरा कारागारभित्रै लेनिन जयन्ती मनाएका छन् । विश्व सर्वहारा वर्गका महान् नेता लेनिनको १५२ औं जन्मदिन तथा ७३ औं नेपाल कम्युनिस्ट पार्टी स्थापना दिवसका अवसरमा आस्थाका बन्दीहरूले बिहीबार शुभकामना आदानप्रदान गरी लेनिन जयन्ती तथा नेकपा स्थापना दिवस मनाएका हुन् ।

लेनिनको सम्झना गर्दै कार्यक्रमका प्रमुख अतिथि नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य चूडामणि ओली 'आदर्श' ले लेलिनको विचार, सिद्धान्त, राजनीति र समाजवादी क्रान्तिको सफलताले विश्व कम्युनिस्ट आन्दोलनलाई ठूलो योगदान पुऱ्याएको बताए ।

आदर्शले भने, 'मार्क्सवादको आधारभूत सिद्धान्तमा टेकेर लेनिनले लेनिनवादको विकास गर्नुभयो र मार्क्सवाद–लेनिनवादको आधारभूत सिद्धान्तमा टेकेर चीनमा माओले दीर्घकालीन जनयुद्धबाट सत्ता प्राप्त गर्नुभयो । यसरी नै मार्क्सवाद, लेनिनवाद र माओवादको एकपछि अर्को विकास भयो ।' उनले २००६ सालमा २२ अप्रिलका अवसरमा पुष्पलाललगायत ४ जनाले नेपाल कम्युनिस्ट पार्टी स्थापना गरेको स्मरण गरे । उनले लेनिनको जन्मदिन र नेपाल कम्युनिस्ट पार्टी स्थापनाको दिनले विश्व कम्युनिस्ट आन्दोलनलाई ऊर्जा दिएको बताउँदै देशैभरिका राजबन्दी, अरू बन्दीहरू र नेपाली जनता तथा विश्वभरिका सचेत जनसमुदायहरूलाई लेनिनबाट सिक्न र जनताको मुक्ति ल्याउन आग्रहसमेत गरे ।

नेपालमा नेपाल कम्युनिस्ट पार्टीले अवलम्बन गरेको एकीकृत जनक्रान्तिले पनि मालेमावादको स्पिरिटलाई पकडेको प्रस्ट पार्दै नेता आदर्शले भने, 'हाम्रो पार्टीका महासचिव क. विप्लवले देखेको सपना, विचार, सिद्धान्त, योजना, व्यावहारिक पक्ष स्पष्ट र सफल अवश्य छ । अन्याय, अत्याचार, भ्रष्टाचार र असमानताका विरुद्ध हाम्रो पार्टी निरन्तर लडिरहन्छ ।' उनले विश्वमै पहिलोपटक महिला र मजदुरले पनि मत दिन पाउने अधिकारको व्यवस्था लेनिनले गरेको बताए । 'यो सबै कम्युनिस्ट आन्दोलनको देन हो । अब सबै नेपाली जनता नेपाल कम्युनिस्ट पार्टीमा लामबद्ध हुनुको विकल्प छैन', उनले भने ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै अम्मलाल थापा 'आशीष' ले १५२ औं लेनिनजयन्ती र ७३ औं कम्युनिस्ट पार्टी स्थापना दिवसको शुभकामना दिँदै कार्यक्रममा उपस्थित सबैलाई स्वागत गरेका थिए । उनले लेनिनले देखाएको बाटोलाई सधैँ आत्मसात गर्दै नेपाल कम्युनिस्ट पार्टीले अवलम्बन गरेको एकीकृत जनक्रान्तिमा लागिरहने प्रतिबद्धता व्यक्त गरे ।

उक्त कार्यक्रममा अतिथि लक्ष्मण रावल र कुमार गिरी रहेका थिए । स्वागत मन्तव्य अम्मलाल थापा 'आशीष' ले गरेका थिए भने उदय कसेरा 'उदय', कृष्णबहादुर विक 'सूर्य', राजेश शाही 'आकाश', नरेश शाही 'शिशिर', डबलबहादुर नेपाली 'दमन', सुरेन्द्र बब्लीलगायत वक्ताहरूले मन्तव्य राखेका थिए । कार्यक्रम सञ्चालन गोरखराज गिरीले गरेका थिए भने कार्यक्रमको अध्यक्षता धर्मराज सुनार 'धर्मेन्द्र' ले गरेका थिए ।

# प्यारामाउन्ट घटनाका दोषीलाई कडा कारबाही गर : अखिल क्रान्तिकारी

**काठमाडौँ**

अखिल (क्रान्तिकारी) रूपन्देहीले प्यारामाउन्ट बोर्डिङ हाईस्कुलमा भएको दुःखद घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

सङ्गठनका जिल्ला अध्यक्ष इन्दु वलीले शनिबार विज्ञप्तिमार्फत तिलोत्तमा नगरपालिका १ रूपन्देहीस्थित प्यारामाउन्ट बोर्डिङ हाई स्कुलमा कक्षा १० मा अध्ययनरत विद्यालयकै होस्टेलमा बस्दै आइरहेकी छात्रा प्रतिभा सापकोटाको केही दिनदेखि स्वास्थ्यमा आएको समस्याबारे जानकारी हुँदाहुँदै पनि अभिभावकलाई जानकारी नदिइएको, उपचारका लागि कुनै पहल नगरी विद्यालय प्रशासनले गरेको लापरबाहीका कारण उनको मृत्यु भएको बताएका छन् ।

उक्त घटनाबारे त्यस विद्यालयमा अध्ययनरत विद्यार्थीले प्रशासनको जबाफ माग्दा प्रहरीले दमन गरेको विज्ञप्तिमा उल्लेख छ । विज्ञप्तिमा भनिएको छ, 'उक्त घटनाको सत्यतथ्य छानबिन गरी दोषीमाथि तत्काल कारबाही गर्न र पीडित पक्षलाई न्यायको प्रत्याभूति गराउन हाम्रो सङ्गठन जोडदार माग गर्दछ । अन्यथा भएको खण्डमा हाम्रो सङ्गठन कडा सङ्घर्ष गर्न बाध्य हुने कुरा पनि जानकारी गराइन्छ । हाम्रो सङ्गठन मृतक प्रतिभा सापकोटाप्रति श्रद्धाञ्जली तथा परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछ ।'

# दलित मुक्ति मोर्चा दाङको अध्यक्षमा परियार

**लमही**

नेपाल कम्युनिस्ट पार्टी निकट दलित मुक्ति मोर्चा नेपाल जिल्ला समिति दाङको ८ औं जिल्ला भेला दाङको लमहीमा सम्पन्न भएको छ । भेलाले सुरज परियारको अध्यक्षतामा १८ सदस्यीय जिल्ला समिति निर्वाचित गरेको छ । समितिको उपाध्यक्षमा रेशम सुनार, सचिव केशर विक, सहसचिव लोकबहादुर सुनार र कोषाध्यक्षमा केशर परियार रहेका छन् ।

'सामाजिक दलाल पुँजीवादको आधुनिक विभेदका विरुद्ध सशक्त दलित आन्दोलन, वैज्ञानिक समाजवादका पक्षमा दलित मुक्ति मोर्चाको ८ औं जिल्ला भेला' नाराका साथ भेला सम्पन्न भएको हो ।

भेलालाई सम्बोधन गर्दै प्रमुख अतिथि नेकपा दाङ जिल्ला सेक्रेटरी गणेश चौधरीले पुँजीवादी संसदीय व्यवस्थाबाट जातीय मुक्ति सम्भव नभएकाले वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्न सम्पूर्ण दलितहरू लाग्नुपर्ने बताए । उनले राजारजौटाले मान्छेलाई कज्याएर खानका लागि सामन्तहरूले जातीय व्यवस्था ल्याएको पनि बताए ।

कार्यक्रममा शुभकामना मन्तव्य राख्दै दलित मुक्ति मोर्चा नेपालका केन्द्रीय सदस्य तथा राप्ती ब्युरो इन्चार्ज टीकाराम नेपालीले जात व्यवस्थाका विरुद्ध सङ्घर्ष गर्न सम्पूर्ण दलितहरू एकीकृत जनक्रान्तिको कार्यदिशामा गोलबन्द हुन आह्वान गरे ।

शुभकामना मन्तव्य राख्दै नेकपा पूर्वी घोराही इन्चार्ज जनकले उत्पीडित दलितहरू आफ्नो हकअधिकार प्राप्तिका लागि निर्मम सङ्घर्ष गर्नुपर्ने बताए । उनले भने, 'जहाँ थिचोमिचो, अन्याय, शोषण दमन हुन्छ त्यहाँ प्रतिरोध र विद्रोह गर्नुपर्छ ।'

कार्यक्रममा मगर मुक्ति मोर्चा राप्ती ब्युरो इन्चार्ज भीमप्रकाश पुन, मगर मुक्ति मोर्चा दाङका संयोजक सेबेन्द्र मगर र नेकपा दाङ जिल्ला सल्लाहकार सदस्य मधुसूदनको आतिथ्य रहेको थियो ।

दलित मुक्ति मोर्चा नेपाल दाङका संयोजक सुरज परियारको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन रेशम विकले गरेका थिए । नवनिर्वाचित जिल्ला समितिलाई नेकपा लमही नगर सेक्रेटरी उज्ज्वलले बधाई दिएका थिए ।

# दलित मुक्ति मोर्चा नवलपरासीको अध्यक्षमा दुसाद

**नवलपरासी ।**

नेपाल कम्युनिस्ट पार्टी निकट दलित मुक्ति मोर्चा, नेपाल नवलपरासीको जिल्ला भेला सम्पन्न भएको छ । आइतबार सम्पन्न भेलाले विजयकुमार दुसादको अध्यक्षतामा ९ सदस्यीय जिल्ला कमिटी निर्माण गरेको छ । जसको सचिवमा घिसिया यावन चमार, कोषध्यक्षमा ज्ञानती चमार चयन भएका छन् ।

कार्यक्रममा नेकपा लुम्बिनी ब्युरो सदस्य तथा नवलपरासी इन्चार्ज धीरजले सबैखाले युवाहरूको समस्या वैज्ञानिक समाजवादी व्यवस्थामा मात्र सम्भव भएको भन्दै वर्तमान दलाल पुँजीवादी व्यवस्थालाई अन्त्य गर्नुपर्ने बताए । उनले आम उत्पीडित जनसमुदाय, युवा, महिला अर्थात श्रमिक जनताको सबै भन्दा सुन्दर व्यवस्था नै वैज्ञानिक समाजवाद भएको र यो व्यवस्था स्थापनार्थको लागि सम्पूर्ण नवजवान युवाहरू एकीकृत जनक्रान्तिको कार्यदिशामा सामेल हुन अपिल समेत गरे । उक्त कार्यक्रमको सञ्चालन अनिल थारुले गरेका थिए ।

# युवा सङ्गठन अर्घाखाँचीमा नयाँ नेतृत्व

**सन्धिखर्क**

युवा सङ्गठन नेपाल अर्घाखाँचीको चौथो भेला सन्धिखर्कमा सम्पन्न भएको छ । शुक्रबार सम्पन्न भेलाले पोषबहादुर रास्कोटीको संयोजकत्वमा १५ सदस्यीय जिल्ला कार्यसमिति निर्माण गरेको छ ।

कार्यक्रममा युवा सङ्गठन नेपालका केन्द्रीय सदस्य तथा लुम्बिनी ब्युरो इन्चार्ज विश्लेषणले संसदीय व्यवस्थाले देशलाई निकास दिन नसक्ने बताए । उनले युवाहरूले अब देश निर्माण र समाज परिवर्तनका बारेमा सोच्नुपर्ने धारणा पनि राखे । क्रान्तिकारी विचार भएमा परिवर्तन सम्भव भएकाले सम्पूर्ण देशभक्त, प्रगतिशील युवाहरू एकजुट भएर दलालहरूका विरुद्ध सङ्घर्ष गर्नुपर्ने उनको भनाइ थियो ।

उनले वर्गविभाजन अन्त्य गरी समानतामूलक समाज निर्माणका लागि वैज्ञानिक समाजवाद स्थापना गर्नुपर्नेमा जोड दिए । उनले आफूहरूले प्रचण्ड–बाबुरामले फोहोरमा फालेको झन्डा उठाएर नयाँ क्रान्तिको सुरुआत गरेकाले सम्पूर्ण युवाहरू एक भएर सहिदका सुन्दर सपनाहरू पूरा गर्न एकीकृत जनक्रान्ति सम्पन्न गर्नुपर्ने बताए ।

नेपाल कम्युनिस्ट पार्टीका जिल्ला सेक्रेटरी माहुरीले परिवर्तनका एजेन्डा बोक्दा आफूहरूमाथि राज्यले प्रतिबन्ध लगाएको र आफूहरूको निरन्तर सङ्घर्षका कारण सरकारको दमनको सपना धराशायी परेको बताए । उनले अब युवाहरू वैज्ञानिक समाजवादी सत्ताका लागि सङ्घर्ष गर्नुपर्ने धारणा राखे ।

कार्यक्रममा अखिल (क्रान्तिकारी) का पूर्वअध्यक्ष नवीन खड्का, अध्यक्ष बाबुराम नेपालीलगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रम पोषबहादुर रास्कोटीको अध्यक्षता, गिरिजा खड्काको सञ्चालन र पदम नेपालीको स्वागत मन्तव्यमा सम्पन्न भएको थियो ।

# अखिल क्रान्तिकारी काभ्रेको अध्यक्षमा सुरज

**बनेपा ।** अखिल क्रान्तिकारी काभ्रेको भेलाले सुरज लामिछानेलाई अध्यक्षमा चयन गरेको छ । अखिल क्रान्तिकारीको केन्द्रीय कार्यालयले दिएको जानकारीअनुसार वैशाख १० गते बनेपास्थित पोलिटेक्निक कलेजमा आयोजित जिल्ला भेलालाई प्रमुख अतिथिका रूपमा सङ्गठनका केन्द्रीय अध्यक्ष चिरञ्जीवी ढकालले सम्बोधन गरेका थिए ।

प्राप्त समाचारअनुसार सङ्गठनको २० औं जिल्ला सम्मेलनको भव्य तयारी गरिए पनि प्रहरीले ठूलो जमघट नगर्न व्यापक दबाब दिएको थियो । कोरोना भाइरस सङ्क्रमणको बढ्दो प्रकोपलाई ध्यानमा राखेर सम्मेलनलाई भेलामा परिणत गरिएको थियो । व्यापक उपस्थिति र जनसहभागिताको कार्यक्रम परिवर्तन गरेर सीमित विद्यार्थी प्रतिनिधिलाई मात्रै भेलामा सहभागी गराइएको जानकारी अखिल क्रान्तिकारी काभ्रे–रामेछाप इन्चार्ज प्रकाश तिवारीले दिए ।

भेलाले अखिल क्रान्तिकारी काभ्रेका पूर्वअध्यक्ष महेन्द्र ओलीको बिदाइ पनि गरेको छ । नवनिर्वाचित अध्यक्ष लामिछानेले पढाइलाई पहिलो प्राथमिकता दिँदै सङ्गठन विस्तार र सुदृढीकरणको कामलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका थिए ।

भेलालाई विशेष अतिथिका रूपमा नेकपा काभ्रेका इन्चार्ज प्रताप, ताम्सालिङ ब्युरो जवस प्रयास्सन इन्चार्ज अभिलाश, अखिल क्रान्तिकारी ताम्सालिङ ब्युरो संयोजक मुकुन्द श्रेष्ठ र अखिल क्रान्तिकारी काभ्रे–रामेछाप इन्चार्ज प्रकाशले सम्बोधन गरेका थिए । महेन्द्र ओलीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन विश्व सेनले गरेका थिए ।

# युवा सङ्गठन बुटवल उपमहानगर पालिकाको भेला सम्पन्न

**बुटवल ।** युवा सङ्गठन नेपाल रूपन्देही, बुटवल उपमहानगरपालिकाको प्रथम भेला सम्पन्न भएको छ । आइतबार सम्पन्न भेलाले नवीनको संयोजकत्वमा १५ सदस्यीय नगर समिति निर्माण गरेको छ ।

कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टी पाल्पाका सेक्रेटरी तथा एकीकृत जनआधार सम्बन्ध विस्तार अभियान टोलीका प्रभातलगायत जिल्लास्तरीय नेताहरूको उपस्थिति रहेको बताइएको छ । प्रभातले सबै युवाको समस्याको समाधान वैज्ञानिक समाजवादी व्यवस्थामा मात्र सम्भव रहेकाले दलाल पुँजीवादी व्यवस्थालाई अन्त्य गर्नुपर्ने बताए । उनले वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्न सम्पूर्ण युवा एकीकृत जनक्रान्तिमा लामबद्ध हुनुपर्ने पनि प्रस्ट पारे ।

# अखिल क्रान्तिकारी झापाद्वारा सङ्गठन विस्तार अभियान तीव्र

**झापा ।** अखिल (क्रान्तिकारी) झापाले सङ्गठन सुदृढीकरण तथा विस्तार अभियानलाई तीव्र पारेको छ ।

अखिल (क्रान्तिकारी) झापाले शनिश्चरे माध्यमिक विद्यालयमा कुशल श्रेष्ठको अध्यक्षतामा १७ सदस्यीय समिति गठन गरेको जानकारी जिल्ला अध्यक्ष खगेन्द्र सिटौलाले दिए ।

यसैगरी झापामा आठवटा एकाइ निर्माण भइसकेको जानकारी पनि उनले दिए ।

# ट्रेड युनियन महासङ्घ दाङको भेला सम्पन्न

**घोराही**

अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ दाङको तेस्रो जिल्ला भेला घोराहीमा सम्पन्न भएको छ।

'दलाल संसदीय व्यवस्थाको अन्त्य र वैज्ञानिक समाजवाद स्थापनाका लागि हाम्रो आन्दोलन ! श्रमिकहरूको पूर्ण समानताका लागि तेस्रो दाङ जिल्ला भेला !!' नाराका साथ भेला सम्पन्न भएको हो।

भेलालाई सम्बोधन गर्दै प्रमुख अतिथि नेपाल कम्युनिस्ट पार्टी राप्ती ब्युरोका सदस्य सविन पोखेलले मजदुर आन्दोलनको चरित्र बदलिएको अवस्थामा मजदुर र मालिकबीचको अन्तरविरोध पनि बदलिएको बताए।

उनले मजदुरलाई २४ घन्टा काममा व्यस्त बनाइदिने र मजदुरहरूमाथिको दमन र उत्पीडनका विरुद्ध विद्रोह गर्नबाट रोक्ने पुँजीवादी नयाँ चरित्र भएको प्रस्ट पारे।

पोखेलले पुँजीवादले मानवीय श्रमशक्तिलाई न्यूनीकरण र प्रविधिको व्यापक प्रयोग गर्दै संसारका बहुसङ्ख्यक मान्छेलाई बेरोजगार बनाइरहेको उल्लेख गरे।

आफ्नो पार्टी र नेपाल सरकारबीच भएको वार्ताको प्रसङ्ग जोड्दै उनले घोर प्रतिक्रियावादी तत्वले ३ बुँदे सहमतिलाई सेबोटेज गर्न चाहेको जिकिर गरे। उनले भने, 'वार्तालाई सबै शक्तिले अनुमोदन गरे तर केही प्रतिक्रियावादी तत्वहरू आत्तिए।'

अहिले प्रचण्डहरूले इमानदार र निष्ठावान् नेता-कार्यकर्ताहरूलाई वार्ताको भ्रम छर्दै अलमल्याउन खोजेको भन्दै उनले थपे, 'नाङ्गै हिँडेका प्रचण्डहरू हामीलाई कपडा लगाउन सिकाउँछन् !'

'न चौकी हानेको, न ब्यारेक कब्जा गरेको छ। त्यसो भए हतियारको कुरा कहाँबाट आयो ?', उनले प्रश्न गरे।

कार्यक्रममा शुभकामना मन्तव्य राख्दै विशिष्ट अतिथि नेकपा दाङ जिल्ला इन्चार्ज प्रदीप वलीले दलाल व्यवस्थाका विरुद्ध मजदुरहरू सङ्गठित भई एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवाद स्थापना गर्न अपिल गरे।

शुभकामना मन्तव्य राख्दै नेकपा दाङ जिल्ला सेक्रेटरी गणेश चौधरीले समाजवादी राज्यव्यवस्थामा गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार राज्यले ग्यारेन्टी गर्ने बताए।

कार्यक्रममा मन्तव्य राख्दै अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ राप्ती ब्युरो संयोजक डिल्ली वलीले मजदुरमाथि राज्यले गरेको दमन, उत्पीडन र थिचोमिचोका विरुद्ध सङ्गठनले कडा सङ्घर्ष गर्ने उद्घोष गरे। उनले राज्यले कलकारखानामा मान्छेलाई बेचिरहेको दाबीसमेत गरे।

शुभकामना मन्तव्य राख्दै विशिष्ट अतिथि नेकपा नारायणी ब्युरो सदस्य विकास वलीले दाङमा मजदुरहरूका हकअधिकार स्थापित गर्न भेलाले जुझारु समिति निर्माण गर्न शुभकामना दिए।

कार्यक्रममा दाङ जिल्ला सदस्य जनक, महान, मगर मुक्ति मोर्चा दाङका संयोजक सेबेन्द्र, जनपत्रकार सङ्गठन नेपाल दाङका संयोजक हेमन्तप्रकाश वली, अखिल नेपाल शिक्षक सङ्गठन दाङका अध्यक्ष डिल्ली डीसी, अखिल (क्रान्तिकारी) दाङका अध्यक्ष अमर खड्का, युवा सङ्गठन घोराही नगर अध्यक्ष पदम, दलित मुक्ति मोर्चा दाङ जिल्ला सहसचिव पञ्चराम नेपालीको आतिथ्य रहेको थियो।

अभ्यासको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रमको अध्यक्षता अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ दाङ जिल्ला संयोजक सञ्जय वलीले गरेका थिए भने सञ्चालन दिनेश नेपालीले गरेका थिए।

तेस्रो जिल्ला भेलाले सञ्जय वलीको अध्यक्षतामा १७ सदस्यीय जिल्ला समिति निर्वाचित गरेको छ। समितिको उपाध्यक्षमा दिनेश नेपाली, सचिवमा अभ्यास, सहसचिवमा प्रेम परियार र कोषाध्यक्षमा रामबहादुर विक रहेका छन्।

# दलितमाथि दुर्व्यवहार गर्नेमाथिको जनकारबाहीप्रति समर्थन : नेकपा

**काठमाडौँ**

नेपाल कम्युनिस्ट पार्टी नवलपुरले २०७८ वैशाख १ गते मध्यबिन्दु नगरपालिका वडा नं. ९, वसन्तपुरमा भएको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको बताएको छ।

नवलपुर जिल्ला सेक्रेटरी शीतलले शनिबार प्रेस विज्ञप्तिमार्फत नयाँ वर्ष २०७८ वैशाख १ गते स्थानीय बासिन्दाले आयोजना गरेको बनभोज कार्यक्रममा सोही गाउँ निवासी विष्णुप्रसाद भण्डारीले दीपक विश्वकर्मालाई दलित भन्दै कथित जातका नाममा छुवाछूत र भेदभाव गरी अपमानजनक गालीबेइज्जती र दुर्व्यवहार गर्दै सामूहिक भोजबाटै बहिष्कार गरेको घटना अत्यन्तै निन्दनीय र खेदजनक रहेको बताएका छन्।

विज्ञप्तिमा भनिएको छ, '२१ औँ शताब्दीमा पनि कथित जातीय छुवाछूतका नाममा गरिएको यसप्रकारको दुर्व्यवहार र घृणित कार्यप्रति पार्टी घोर निन्दा एवम् भर्त्सना गर्दछ। उक्त घटनापछि आक्रोशित स्थानीय जनताले निजमाथि सार्वजनिक रूपमा गरेको कारबाहीप्रति पार्टी हार्दिकतापूर्वक समर्थन गर्दछ। उल्टै निज भण्डारीले प्रहरी प्रशासनमा भुठ्ठो उजुरी गरेको र प्रहरी प्रशासनबाट स्थानीय जनतालाई त्रसित पार्ने, वारेन्ट जारी गर्ने, भुठ्ठा मुद्दा लगाउने, पार्टी कार्यकर्ताको घरमा प्रहरी जाने र आतङ्कित पार्ने कार्य गरिरहेको हुँदा उक्त कार्य तत्काल बन्द गरियोस् र जातका आधारमा भेदभाव, छुवाछूत र दुर्व्यवहार गर्नेमाथि सम्बन्धित निकायबाट कडा कारबाही गरियोस्। उक्त घटनालाई राजनीतिक कारण बनाएर निर्दोष जनतालाई दुःख दिने कार्य गरिए जनताले अफ थप प्रतिरोध गर्न बाध्य हुनेछन्। त्यसबाट उत्पन्न परिस्थितिको जिम्मेवार सम्बन्धित पक्ष नै हुने कुरा जानकारी गराउँछौँ।'

# क्रान्तिकारी गार्मेन्ट तथा टेक्सटायल मजदुर सङ्घको राष्ट्रिय भेला

काठमाडौँ

अखिल नेपाल क्रान्तिकारी गार्मेन्ट तथा टेक्सटायल मजदुर सङ्घको सातौँ राष्ट्रिय भेला काठमाडौँमा सम्पन्न भएको छ। भेलाले ७ सदस्यीय कार्यसमिति चयन गरेको छ।

भेलाले संयोजक कुमार घिसिङ, सदस्यहरू टीका घिमिरे, नरबहादुर मगर, राजेश महर्जन, उमेश चौधरी, प्रकाश चौधरी र अमित शाहलाई निर्वाचित गरेको छ।

त्यसैगरी अखिल नेपाल क्रान्तिकारी सिलाइ मजदुर सङ्घको पनि सातौँ राष्ट्रिय भेला काठमाडौँको बागबजारमा सम्पन्न भएको छ। भेलाले मोहन घलेलाई संयोजक चयन गर्दै सहसंयोजक युवराज धामी, सदस्यहरू निरञ्जन नेपाली, जय परियार, जीवन दर्नाल, खडक परियार, कृष्ण परियार, सुनिल त्रिखत्री र श्रीधर सुन्दासलाई निर्वाचित गरेको छ।

भेलालाई सम्बोधन गर्दै महासङ्घका संयोजक विनोद थापाले सिलाइ गार्मेन्टमा काम गर्ने श्रमिकहरूले क्रान्तिकारी मजदुर आन्दोलनमा निर्वाह गरेको भूमिकाको स्मरण गराए। उनले राजनीतिक क्रान्ति पूरा नभइसकेकाले अबको मजदुर आन्दोलनको नेतृत्व यो सङ्गठनले गर्नुपर्नेमा जोड दिए।

भेलालाई उपत्यका विशेष ब्युरो संयोजक शिशिर थापामगरले सम्बोधन गरेका थिए। भेलामा भक्तपुर जिल्ला महासङ्घका सदस्य दिनेश नेपाल अतिथि थिए। उक्त भेलामा स्वागत मन्तव्य युवराज धामीले राखेका थिए

# दलित मुक्ति मोर्चा बारा-पर्सा भेला सम्पन्न

**साहिल देवान/बारा**

नेपाल कम्युनिस्ट पार्टी निकट दलित मुक्ति मोर्चा नेपाल बारा-पर्साको प्रथम जिल्ला भेला बाराको पिलुवामा सम्पन्न भएको छ। दलित मुक्ति मोर्चा नेपालका नारायणी ब्युरो सयोजक धर्मराज विकको प्रमुख आतिथ्यमा सम्पन्न भेलाले रामेश्वर रामको अध्यक्षतामा १५ सदस्यीय जिल्ला समिति निर्माण गरेको छ।

समितिमा उपाध्यक्ष शेरबहादुर पासवान, सचिव रोशन राजेश पासवान, सहसचिव प्रेम पासवान, कोषाध्यक्ष पुनम परियार तथा सदस्यमा प्रभुकुमार पासवान, सरोज पासवान, राजन पासवान, रामशरण दर्जी, राजु विक र सोनालाल महरा चयन भएका छन्।

भेलालाई नेपाल कम्युनिस्ट पार्टीका बारा-पर्सा इन्चार्ज नयन र युवा सङ्गठन नेपालका बारा अध्यक्ष निरज शाहले सम्बोधन गरेका थिए। भेलामा नेकपाका जिल्ला सदस्य शिवा, जनपत्रकार सङ्गठन नेपालका केन्द्रीय सदस्य सुदर्शनराज पाण्डेय, अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी जिल्ला अध्यक्ष लक्ष्मी तामाङलगायतले शुभकामना दिएका थिए।

# दलित मुक्ति मोर्चा सर्लाहीको अध्यक्षमा रामपुकार राम

**ईश्वरपुर।** नेपाल कम्युनिस्ट पार्टीको जनवर्गीय सङ्गठन दलित मुक्ति मोर्चा नेपालले शनिबार सर्लाहीको ईश्वरपुर नपा ५ स्थित बयलबासमा प्रथम जिल्ला सम्मेलन सम्पन्न गरेको छ।

सम्मेलनमा सर्लाही-महोत्तरी संयुक्त जिल्ला इन्चार्ज कमल सुस्लिङ 'हिमाल' प्रमुख अतिथि रहेका थिए भने जिल्लाका सेक्रेटरी जनक राउत 'निश्चल' र दलित मुक्ति मोर्चा जनकपुर ब्युरोका संयोजक राजु विक अतिथि थिए।

सम्मेलनले अध्यक्षमा रामपुकार राम, सचिवमा शरण विक, कोषाध्यक्षमा किरणदेवी पासमान र सदस्यहरूमा चिन्तादेवी पासमान, चन्द्रमाया विश्वकर्मा, नन्दु राम, रामसागर रामलगायत ९ सदस्य निर्वाचित गरेको छ।

मन्तव्य राख्ने क्रममा जिल्ला इन्चार्ज हिमालले दलितहरूको इतिहास पल्टाउँदै दलितमाथि दमन शोषण गर्नेका विरुद्ध दलित आफैँले एकजुट भएर सङ्घर्ष गरे दलितको समस्या समाधान हुने बताए।

जिल्ला सेक्रेटरी निश्चलले समस्याबाट पन्छिनुभन्दा पनि समस्यालाई नै पन्छाउनुपर्ने र विप्लवको कार्यदिशाले समस्या समाधान गर्ने बताए। एकीकृत जनक्रान्तिका निमित्त तयार हुन उनले आह्वान पनि गरे। यसैगरी दलित मुक्ति मोर्चा जनकपुर ब्युरो संयोजक राजु विकले दलित मुक्तिका बारेमा प्रस्ट पारेका थिए।

कार्यक्रममा महिला नेत्री सुनिता झाले स्वागत मन्तव्य राखेकी थिइन् भने सञ्चालन अखिल (क्रान्तिकारी) सर्लाही जिल्ला संयोजक अर्पण पौडेलले गरेका थिए।

# रुकुम पश्चिमका जनपत्रकार सङ्गठित

**मुसीकोट।** जनपत्रकार सङ्गठन नेपाल रुकुम पश्चिमको सम्मेलन आयोजक समिति गठन भएको छ। रुकुम पश्चिमको सदरमुकाम मुसीकोट नगरपालिकामा १२ गते बसेको बैठकले गमानसिङ घर्तीको संयोजकत्वमा ७ सदस्यीय सम्मेलन आयोजक समिति गठन गरेको हो। समितिमा मोहन वली, प्रतिभा पौडेल, माया महर, गौरव पुन, वेगम खड्का, अविरल चन्द रहेका छन्।

कार्यक्रमका प्रमुख अतिथि नेकपा रुकुम पश्चिमका इन्चार्ज चन्द्र बुढाले समाजमा शोषित-पीडित र वर्गीय हिसाबले पछाडि पारिएका जनताका दुःख र पीडाका पक्षमा जनपक्षीय पत्रकारिता गर्न आग्रह गरे।

नेकपाका जिल्ला प्रयाक्सन इन्चार्ज रहेका विशेष अतिथि नरेन्द्र विकले समाज परिवर्तन हुनमा सञ्चारको भूमिका प्रमुख हुने भएकाले समाजमा श्रमशोषण र दमन गर्ने, सार्वजनिक पदधारण गरी कालो धन बटुल्ने पात्र र प्रवृत्तिका विरुद्ध कलम चलाउन अनुरोध गरे।

बैठकले 'वैज्ञानिक समाजवादका पक्षमा हाम्रो दृढ प्रतिबद्धता : विचारसहितको स्वच्छ, निष्पक्ष र पूर्ण व्यावसायिक पत्रकारिता' नाराका साथ महान् सहिद स्रष्टा कृष्ण सेन 'इच्छुक' स्मृति दिवसका दिन मुसीकोटमा जिल्ला सम्मेलन गर्ने, जनपक्षीय पत्रकारिताको सीप विकास, क्षमता अभिवृद्धि, आधारभूत तालिम, श्रमजीवी पत्रकार हकहित र अधिकारको कार्यान्वयन, सरोकारवालाको ध्यानाकर्षण गराउनेलगायत निर्णय गरेको छ।

बैठकमा नेकपाका जिल्ला इन्चार्ज चन्द्र बुढा, प्रयाक्सन इन्चार्ज नरेन्द्र विक, नेकपाका जिल्ला सचिवालय सदस्य मोतीराम खड्कालगायतको उपस्थिति थियो।

# गोरखामा दलित मुक्ति मोर्चाको भेला

**ताक्लुङ**

दलित मुक्ति मोर्चा नेपाल गोरखाको तेस्रो जिल्ला भेला सम्पन्न भएको छ। सहिद लखन गाउँपालिकाको ताक्लुङमा वैशाख ५ गते सम्पन्न भेलाले चीनकाजी रसाइलीको अध्यक्षतामा ११ सदस्यीय जिल्ला कार्यसमिति चयन गरेको छ।

भेलामा नेपाल कम्युनिस्ट पार्टी गण्डक ब्युरोका कार्यालय सचिव रूपेश प्रमुख अतिथि रहेका थिए। नेपाल कम्युनिस्ट पार्टी गोरखाका सेक्रेटरी सरल, दलित मुक्ति मोर्चाका गण्डक ब्युरो संयोजक उमेश सीके, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ गण्डक ब्युरो संयोजक माया चेपाङ, नेपाल कम्युनिस्ट पार्टी गोरखा नगरपालिका सेक्रेटरी केशवराज भट्टराई, नेपाल कम्युनिस्ट पार्टी जिल्ला सदस्य रोहित पन्त, युवा सङ्गठन नेपाल गोरखाका जिल्ला अध्यक्ष डम्बर चेपाङ र अखिल (क्रान्तिकारी) गोरखाका अध्यक्ष असल अतिथि रहेका थिए।

भेला दलित मुक्ति मोर्चाका जिल्ला संयोजक चीनकाजी रसाइलीको अध्यक्षतामा सम्पन्न भएको थियो भने कार्यक्रम दिनेश बोहोराले सञ्चालन गरेका थिए।

# ट्रेड युनियन महासङ्घ नवलपरासीको अध्यक्षमा चौधरी

**परासी :** अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ नवलपरासीको भेला सम्पन्न भएको छ। भेलाले बुद्धिराम चौधरीको अध्यक्षतामा ७ सदस्यीय जिल्ला समिति गठन गरेको छ।

भेलालाई सम्बोधन गर्दै नेकपा नवलपरासी इन्चार्ज धीरजले मजदुर वर्गमाथि जारी शोषणको अन्त्य गर्न सङ्घर्षको विकल्प नभएको बताएका छन्। उनले परिवर्तनकारी आन्दोलनमा मजदुर वर्गको महत्वपूर्ण भूमिका रहँदै आएको तर निर्णायक अवस्थामा आन्दोलन सम्झौतामा टुङ्ग्याउने गरिँदा मजदुर वर्गलाई धोका हुँदै आएकाले सङ्घर्ष जारी राख्नुपर्ने बताए।

नेकपा रूपन्देहीका सेक्रेटरी विदुरले मजदुर वर्गमाथि संसदीय दलाल पुँजीवादी व्यवस्थाले शोषण गरिरहेको भन्दै वैज्ञानिक समाजवादी व्यवस्थाले मात्र मजदुर वर्गको मुक्ति हुने बताए।

अखिल नेपाल क्रान्तिकारी यातायात मजदुर सङ्घका अध्यक्ष श्याम सेन्चुरीले मजदुरहरूको मुक्तिका लागि एकीकृत जनक्रान्तिमा गोलबन्द हुनुपर्ने बताए। उनले मजदुर वर्गको हकअधिकार सुनिश्चित गर्न सङ्गठनमा आबद्ध हुनुपर्ने पनि प्रस्ट पारे।

भेला प्रतापको सञ्चालन, विशालको स्वागत र बुद्धिराम चौधरीको अध्यक्षतामा सम्पन्न भएको थियो।

# युवा सङ्गठन भक्तपुरको सम्मेलन वैशाख २३ मा

**भक्तपुर**

युवा सङ्गठन नेपाल भक्तपुर जिल्लाको सम्मेलन यही वैशाख २३ गते हुने भएको छ। युवा सङ्गठन भक्तपुरको दोस्रो पूर्ण बैठकले सम्मेलनको मिति तय गरेको हो।

युवा सङ्गठन नेपाल भक्तपुर जिल्ला संयोजक कल बुढाको अध्यक्षतामा बुधबार बसेको बैठकमा प्रमुख अतिथि युवा सङ्गठन नेपालका निवर्तमान केन्द्रीय उपाध्यक्ष दिनेश, विशेष अतिथि नेपाल कम्युनिस्ट पार्टी भक्तपुर जिल्ला पार्टी इन्चार्ज विजय र युवा सङ्गठन नेपाल उपत्यका विशेष ब्युरो इन्चार्ज प्रविनको उपस्थिति थियो।

अतिथिहरूले बैठकमा उपस्थित युवाहरूलाई राष्ट्रियता, जनतन्त्र र जनजीविकाका पक्षमा र सामाजिक विकृति-विसङ्गतिका विरुद्ध सशक्त सङ्घर्ष गर्नुपर्नेमा जोड दिएका थिए। अतिथिहरूले साथै सङ्गठनलाई युवा तथा जनमैत्री बनाई एकीकृत जनक्रान्तिको राष्ट्रिय अभियानलाई निरन्तर अगाडि बढाउँदै वैज्ञानिक समाजवादी सत्ता स्थापनाको सङ्घर्षमा युवा सङ्गठन नेपालको भूमिकालाई सशक्त प्रभावकारी पार्नुपर्ने प्रशिक्षण दिएका थिए।

# अखिल क्रान्तिकारी डडेल्धुराको १२ औँ जिल्ला सम्मेलन सम्पन्न

**जोगबुढा**

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) डँडेल्धुराको १२ औँ जिल्ला सम्मेलन डँडेल्धुराको जोगबुढामा सम्पन्न भएको छ। बुधबार सम्पन्न सम्मेलनले गणेश बोहराको अध्यक्षतामा २३ सदस्यीय जिल्ला कार्यसमिति निर्वाचित गरेको छ।

सम्मेलनमा सम्बोधन गर्दै अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य तथा सेती-महाकाली ब्युरो संयोजक वीरेन्द्र शाहले दलाल संसदीय व्यवस्थाले मुलुकको शैक्षिक समस्याको समाधान दिन नसक्ने भएकाले वैज्ञानिक समाजवाद आवश्यक भएको बताए।

नेकपा डँडेल्धुरा जिल्ला इन्चार्ज दौलत बिष्टले सरकारसँग ३ बुँदे सहमति भए पनि कार्यान्वयनमा भएको ढिलाइले विभिन्न आशङ्का उत्पन्न गरेको बताए। आफूहरूले संसदीय व्यवस्थालाई स्वीकार नगरेको र अहिलेको राजनीतिक सङ्कटको समाधान संसदीय निर्वाचन र सरकार फेरबदलबाट नहुने उल्लेख गर्दै बिष्टले यसका लागि पुँजीवादी व्यवस्था र समाजवादी व्यवस्थाबारे जनमत सङ्ग्रह गरिनुपर्ने बताए।

कार्यक्रमका अतिथिहरू पार्टी जिल्ला सचिव विजय राना, अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य बबरजङ्ग सिंह थिए। कार्यक्रमको अध्यक्षता अखिल क्रान्तिकारी डँडेल्धुरा भेला आयोजक समिति संयोजक शङ्कर खातीले गरेका थिए।

# 'संसदीय व्यवस्थाबाट युवाहरूको मुक्ति असम्भव'

**कपिलवस्तु**

युवा सङ्गठन नेपाल लुम्बिनी ब्युरो इन्चार्ज विश्लेषणले वर्तमान दलाल संसदीय व्यवस्थाबाट युवा समस्या समाधान नहुने बताएका छन्। बुधबार युवा सङ्गठन नेपाल कपिलवस्तु विजयनगर गाउँपालिकाको प्रथम भेलालाई सम्बोधन गर्दै विश्लेषणले भने, 'युवाहरूको सम्पूर्ण समस्याको पूर्ण निकास वैज्ञानिक समाजवादले दिन्छ। असफल संसदीय व्यवस्थाको कारणले देशका सम्पूर्ण युवाहरूमा वितृष्णा र निराशा उत्पन्न भएको छ। देशमा किसान, मजदुर र आमश्रमिक जनता, युवाहरूको समस्यामा कुनै फेरबदल भएको छैन, यो दलाल संसदीय व्यवस्थालाई निमिट्यान्न पार्नुपर्छ, खरानी पार्नुपर्छ।'

उनले सम्पूर्ण देशभक्त, प्रगतिशील र जुझारु युवाहरू एकजुट भएर दलालहरूका विरुद्ध सङ्घर्ष गर्नुपर्ने बताए। उनले वर्गविभाजित समाजको अन्त्य गरी समानतामूलक समाज निर्माणका लागि वैज्ञानिक समाजवाद स्थापना गर्नुपर्ने बताए। भेलाले विशालको अध्यक्षतामा १५ सदस्यीय गाउँ समिति निर्माण गरेको छ।

सङ्गठनका कपिलवस्तु जिल्ला अध्यक्ष बादलले विभिन्न सामाजिक विकृति-विसङ्गतिको भण्डाफोर गर्दै सम्पूर्ण युवाहरूलाई सङ्गठनमा सङ्गठित गर्नुपर्ने बताए। कार्यक्रममा गाउँ सेक्रेटरी राजेन्द्र, जिल्ला उपाध्यक्ष सागरलगायत नेता-कार्यकर्ताहरूको उपस्थिति रहेको र कार्यक्रमको सञ्चालन सञ्जयले गरेका थिए।

# कैलालीको लम्कीमा मुक्त कमलरीको प्रदर्शन

**धनगढी।** जिल्लाको लम्कीमा मुक्त कमलरीहरूले विरोध प्रदर्शन गरेका छन्।

शिक्षामा मुक्त कमलरीलाई प्रदान गरिने छात्रवृत्ति वृद्धि गरिनुपर्ने, मुक्त कमलरी र तिनका परिवारका सदस्यलाई सीपमूलक तालिम दिइनुपर्ने, विगतमा मुक्त कमलरी विकास मञ्चसँग सरकारले गरेको दसबुँदे सहमति लागू गरिनुपर्ने, कमलरीलाई रोजगारीको व्यवस्था गरिनुपर्नेलगायत माग राख्दै मुक्त कमलरीले प्रदर्शन गरेका हुन्।

पूर्वी लम्कीको मुक्त कमैया शिविरबाट सुरु भएको विरोध जुलुसले लम्कीचुहा नगरपालिका कार्यालयमा गई ज्ञापनपत्र बुझाएको थियो। मुक्त कमलरी विकास मञ्चले देशव्यापी घोषणा गरेअनुसार कार्यक्रमअनुसार लम्कीचुहानगरपालिकामा ज्ञापनपत्र बुझाइएको मुक्त कमलरी विकास मञ्च कैलालीकी अध्यक्ष विन्द्रा चौधरीले बताइन्।

रातो खबर साप्ताहिक

समय समीक्षा

# जागौं बस प्रिय मान्छे, फेरि कुनै पनि समय सपना लुटिन सक्छ !



अशोक सुवेदी

मुलुकमा राष्ट्रघात, जनघात, महँगी, कालोबजारी, तस्करी, घुसखोरी, बलात्कार, हत्यालगायत हर्कत दोहोरिइरहेका छन् र यी कर्म अब विद्यमान दलाल पुँजीवादी सत्ताका स्थायी संस्कृतिका रूपमा अघि बढिरहेका छन् । यसका विरुद्ध जनता जाग्रत छ र विद्रोह पनि गरिरहेको छ। सत्तास्वार्थीहरूका निरसलाग्दा र झन्झटिला गतिविधि र क्रियाकलापका कारण पछ्यारलाग्दो र आक्रोशपूर्ण समय व्यतीत भइरहेको छ। जनताले विद्रोह गर्ने अधिकार पाउनुपर्छ र समानतामूलक वैज्ञानिक समाजवादी समाज निर्माण हुनुपर्छ भनेकै र लेखेकै आरोपमा हामीले दुई वर्षसम्म कठोर प्रतिबन्ध झेलेका छौँ । हाम्रा १२ जना सहयोद्धाले बलिदानको गौरवशाली बाटो रोज्नुभएको छ । इतिहास बदल्न बलिदान गरेका महान् योद्धाहरूको स्मृति र सम्मानमा हामीले यसबीचमा बलिदान दिवस, प्रतिरोध दिवस, बेपत्ता योद्धा सम्मान दिवस र सहिद सप्ताहहरू मनायौँ । सहिद जन्मिने यामहरू अझै सकिएका छैनन् किनकि कालो रात अझै हटिसकेको छैन । महान् जनयुद्धमा दसौँ हजार योद्धाले यही अन्धकार हटाएर उज्यालो जीवन ल्याउने युद्ध लड्दालड्दै बलिदान गरेका थिए। त्यो बलिदानमाथि घात भयो। युद्धका नायकहरू खलनायक बने। त्यसपछि फेरि अर्को क्रान्ति आरम्भ गर्नुपर्ने अवस्था उत्पन्न भयो। घात र धोकाहरूलाई चिर्दै आरम्भ गरिएको एकीकृत जनक्रान्तिमा १२ जना योद्धाले बलिदान गरिसकेका छन्। बलिदानको पछिल्लो कोटा चुक्ता गरेका छन् म्याग्दीका योद्धा जगतले। प्रतिबन्धका बीच गिरफ्तार गरी उपचार नगराएर राज्यले उनको जीवन खोसेको छ। सत्ताले हामीलाई अझै आक्रोशित बनाएको छ। इतिहासले यसको उचित हिसाबकिताब त गर्ने नै छ तर पनि बिझाइरहेको वर्तमानविरुद्ध स्रष्टाहरूले विद्रोह ओकलिरहेका छन् सिर्जनाहरूबाट। स्रष्टाहरूको चरित्र नै हो अन्याय, अत्याचार, विभेद र अँध्यारोविरुद्ध आगो ओकल्नु । स्रष्टा भीम भारती योद्धाहरूको बलिदानको उच्च सम्मान गर्दै लेख्छन् :

मरे भनेका मान्छेहरू बाँचिरहेका हेर
सहिदहरू युगयुगसम्म हाँसिरहेका हेर
सामन्तीको दुनियाँ तोड्दै अघि बढेका
आधा आकाश, आधा धरती नाचिरहेका।
ठक्कर खाई चट्टानसँग, उड्दै बादलसँग
वर्गीय मायाप्रेम साँचिरहेका हेर
आँसु, हाँसो, वेदना र सङ्घर्षको साथ
विजयको माला आज गाँसिरहेको हेर।

स्रष्टाहरूमा निराशा र कुण्ठा मात्र छैन, आशा, आवेग र आक्रोश साथसाथै छ किनकि जनता न्यायपूर्ण समाज निर्माणका लागि क्रान्तिमा लामबद्ध छ र हरेकखाले सम्झौता र सहमतिलाई चासो, चिन्तामिश्रित शङ्काको दृष्टिले खबरदारी गरिरहेको छ। राष्ट्रघातका शृङ्खला, अन्याय, अत्याचार, व्यभिचार, जालझेल र षड्यन्त्रमा बाँचिरहेको दलाल पुँजीवाद दैनिक मरणासन्न बनिरहेको छ । कोही पनि आफू सुरक्षित महसुस गरिरहेको छैन । हजारौँ सेना, प्रहरी र गुप्तचरहरूका बीचमा विराजमान प्रधानमन्त्री आफैँ असुरक्षित महसुस गरिरहेका छन् । हिजो लाखौँ जनताका बीचमा हुँदा ढुक्कसँग निदाउने प्रचण्डहरू पुष्पमकल दाहाल बनेर दलालहरूको घेरामा पसेपछि आफूमाथि असुरक्षा बढिरहेको अनुभूति गरिरहेका छन् । यस्तो अवस्थामा आफ्नै हातपाखुरा र दाह्रानङ्ग्राले सत्ता आक्रमणको प्रतिरोध गरिरहेका जनताको अवस्था के होला ? सहजै अनुमान गर्न सकिन्छ । कवि, गायक एवम् गीतकार ढुण्डीराज अधिकारी जता पनि आशङ्कैआशङ्का मडारिइरहेको देख्छन् :

विश्वासघातको भुमरीले खोल्ने हो कि ढोका
कताकता शङ्कालाग्छ हुने हो कि धोका !
चनाखो भै बस्नुपर्छ ढुक्क नहौँ साथी
हुन सक्छ भर छैन घात हामीमाथि।
पटके यो दुस्मनलाई विश्वास नगरौँ है
आक्रमण गर्न सक्छ भर नपरौँ है
खुराफाती मानसिकता जालीझेली खास
यस्ताबाट धोका भाको लामो इतिहास छ।

हो, देश र जनतालाई यसप्रकारको धोका निरन्तर हुँदै आएको छ। कहिले सत्ताबाट भएको छ र कहिले आफ्नै सहयोद्धा भइसकेकाहरूबाट भएको छ । यसप्रकारको धोका र गद्दारी राष्ट्रियतामाथि पनि भएको छ, जनतन्त्र र जनजीविकामाथि भएको छ । वर्गसङ्घर्षमाथि पनि भएको छ। प्रचण्ड र बाबुरामहरूले नै वर्गसङ्घर्षमाथि घात गरिसकेको अवस्थामा केपी वलीहरूबाट घात हुने कुरामा सन्देह हुनु कुनै अनौठो होइन। हिजोसम्म आतङ्ककारी देखेर दुई महिनामै सिध्याउने ऐलान गर्ने र गोन्जालो वा सीके राउत बनाइदिन्छु भनेर बारम्बार धम्क्याइरहने सत्ता वार्तामा बस्छु भन्दा स्रष्टा अनिल शर्मालाई शङ्का लाग्नु र झोक चल्नु अस्वाभाविक होइन । 'संवाद गर्ने त मालिक' ? शीर्षकमा उनले लेखेको कविताको एउटा अंश यस्तो छ :

गोरो मालिकले
आतङ्ककारी घोषणा गरेकै हो
उसै-उसैगरी तिमीले
आतङ्ककारी/हत्यारा/लुटेरा के पनि भनेनौ ?
मालिक ! आज किन
हरियो झिँगाझैँ घुम्दैछौ नख्खुतिर
कस्तो जाल बन्दैछ मालिक ?
तिम्रो मूल प्रवाहलाई
मैले टुकुचा प्रवाह भनेकै हुँ
म छेपारो होइन
तर मालिकको लोली किन फेरिएको ?
कसले कान फुक्यो मालिक ?
फेरि एकपटक संवाद गर्ने त मालिक ?...
बढेको बढ्यै छ बजारभाउ
आँटो-पिठो सस्तो चाहन्छु म
झुक्याएर/धम्क्याएर/छलेर
अपहृत मेरो सपना
फिर्ता चाहन्छु मालिक
हजूर के चाहनुहुन्छ मालिक ?
हजूर चाहनुहुन्छ भने
वार्ता हुन्छ/जात्रा हुन्छ/हिंसा हुन्छ
सबथोक हुन्छ मालिक
फेरि एकपटक
संवाद गर्ने त मालिक ?

आतङ्ककारी समूह करार गरेर दमनबाटै सिध्याउने कुत्सित ऐलान गर्ने सत्ताले विद्रोही शक्तिलाई आफूसमान हैसियत भएको राजनीतिक शक्ति स्वीकार गर्नु विद्रोहीहरूको एक किसिमको विजय नै हो तर यो कुनै विजयोल्लास मनाउने र धूपबत्ती गर्ने समय भने होइन। हरेक किसिमका धोकाधडीहरूबाट पाठ सिक्दै उद्देश्यमा लम्किरहनु आवश्यक छ । सपनाको मृत्यु बोकेकाहरूमा सपना जाग्रत गराउनु आवश्यक छ । युवाकवि रसुवाली कविले वर्तमानलाई 'के तिमीसँग ज्यूँदो सपना छ ?' शीर्षक कवितामा यसरी चिरफार र नाङ्गेझार पार्दै नयाँ बाटो र विश्वास देखाएका छन् :

रङहरूविरुद्ध खडा छ अँध्यारो
आन्दोलनहरूविरुद्ध खडा छ प्रतिक्रान्ति
दक्षिणपन्थको हुरी चलेको छ
युगको छातीमा देखापरेको छ क्षयरोग
साथी जरुर
फुट्न तयार छ ज्वालामुखी।
चुनु गुरुङको आदर्श एकातिर छ
अर्कोतिर हिट खाइरहेछन् कमल ओलीका
मृगनयनी आँखाहरूले
पूर्ण विरामका कविताहरूमा
सत्ता भाइरस छिरेको छ
र नरेश प्रसाईंको नयाँ डकुमेन्टमा
घोत्लिरहेछन् प्रधानमन्त्री
प्रज्ञाभवनमा
पृथ्वीजयन्तीले तातेको कमरेड दिमागमा
फुलिरहेछ बैँसालु समृद्ध नेपालको गन्धे झार
सीता आचार्यका गीतहरू
बेवारिसे छन् पेरिसडाँडाको भूतघरतिर
सहर पसेको कमरेड
फर्माइस ठोकिरहेछ
उन्नति बोहरा शिलाका गजलहरूमा
धोकालाई प्रेम ठानिरहेको
कुनै लठैत प्रेमीजस्तो
आजकाल जनवादी सुनिँदैनन्
झङ्कार बुढामगरका गीतहरू
गणेश भण्डारीलाई
अँगालो हालिरहेको
त्यो मान्छे क्या बेइमान छ
माइला लामाको झोलामा
ग्रिनेट भेटिएको खबर छ
सामना परिवारले
बीच सडकमै गीत गाइरहेको
क्या मधुर दृश्य छ
सहिदका आँगनमा सुनिन थालेका छन्
कविताहरू
जनयुद्ध महाउत्सव देखिरहेछन्
हाम्रा आँखाहरू
वसन्त आइरहेको समयजस्तो
आन्दोलनलाई छातीमा बोकी हिँडेका छन् कमरेडहरू
आगोलाई बिम्ब मान्न छोडेर
त्यतिखेर हामीलाई लेख्न मन्जुर छैन
भजन, कीर्तन र श्लोकहरू
क्रान्तिलाई बालुवाटारमा बिक्री गरेर
अलपत्र पार्न चाहँदैनौँ हामी
मखमली सपनाहरूलाई
हाम्रा प्रिय-प्रिय आदर्शहरू, विचारहरूलाई
हामी जनताका गीतहरूलाई अलपत्र छोडेर
फुक्न तयार छैनौ तिम्रा बेइमानी नरसिंहाहरू
हामी त लड्न जन्मेकाहरू
लडिरहेका छौँ
लाखौँलाखौँ छलछामविरुद्ध
हजारौँहजार गतिहीनताविरुद्ध
साथी छाम त झोलामा
के तिमीसँग हतियार छ ?
के तिमीसँग ज्युँदो सपना छ ?

पुर्खौंदेखि राजनीतिक बेइमानी र धोका सहँदै आएको पुस्ता हो यो। त्यसैले यो सचेत छ र सशङ्कित छ । आफ्नो विचार, मत र शङ्का राख्न पाउनुपर्छ जनतन्त्रमा। त्यसैले त स्रष्टाहरू निर्धक्क शङ्कामिश्रित प्रश्नहरू गरिरहेका छन् आफ्नो प्रिय नेतृत्वसँग। तीक्ष्ण प्रश्न र खबरदारी गरिरहेका छन् कहिल्यै नसुध्रिने दलाल राज्यसत्तासँग।

स्रष्टा शरद पौडेल 'म गाइरहेछु उनीहरूकै श्रमगीत, उनीहरूकै युद्धगाथा' शीर्षक कवितामा भन्छन् :

गाइरहेछु
श्रम जीवन
तिनकै रगतपसिना
उनीहरूकै गाथाहरू।
हो गाइरहेछु
दुःखहरू
उनीहरूका बरबादीहरू
पीडाहरूमा आहत
सजल आँखाहरू
उनीहरूकै जीवनगीतहरू।
कहाँ यति मात्र
म त गाइरहेछु,
हजार उत्पीडनहरूका,
दुःखहरूका केन्द्रमा पनि
उम्लिरहेको उनीहरूको रगत।
माटोमा,
सदियौँदेखि दबाइएको
अनेकानेक आशाहरूका
उनीहरूकै इन्द्रेणी सपनाहरू।

सपना देख्दादेख्दै सम्झौता र आत्मसमर्पणको होइन, बलिदानको बाटो रोज्ने तेजिला आँखाहरू स्रष्टाहरूका दृष्टिमा नपर्ने कुरै भएन। लथालिङ्ग घरको भताभुङ्ग चालाजस्तो भएको छ देशको अवस्था । एमसीसीले फेरि तर्साइरहेको छ देशलाई। साम्राज्यवादका बुख्याँचाहरू साम्राज्यवादी सेनालाई आफ्नो देशको छातीमा परेड खेलाउने षड्यन्त्र गरिरहेका छन् । स्रष्टाहरू सशरीर सडकमा निस्किएका छन् साम्राज्यवादी षड्यन्त्र र तिनका बुख्याँचाहरूका विरुद्ध । कोरोना भाइरसको सङ्क्रमणले फेरि गाँजिरहेको छ मुलुकलाई। शासकहरू फेरि स्वास्थ्य सामग्रीमा भ्रष्टाचार गर्ने योजना बनाइरहेका छन् । रोम जलिरहेको छ, । नयाँनयाँ निरोहरूको अवतारमा शासकहरू बाँसुरी बजाइरहेछन्। स्वदेशमा मात्र होइन, विद्रोहका नगराहरू बजिरहेका छन् अन्य मुलुकमा पनि । स्रष्टाहरूका दृष्टिकोणहरू राष्ट्रिय सीमा नाघेर परपरसम्म नियालिरहेका छन् । स्रष्टा ओमप्रकाश पुन 'लालकिल्लामा झन्डा फहरायो' शीर्षक कवितामा भन्छन् :

भारतले आज ७२ औँ गणतन्त्र दिवस मनायो
मोदीतन्त्रले साम्राज्य चलायो
धर्तीमा किसान आन्दोलन दबायो
भारतीय किसान आन्दोलन उठ्यो
लालकिल्लामा किसानले धावा बोल्यो
लालकिल्लामा किसान झन्डा फहरायो
हँसिया-हथौडाको झन्डा उठायो
भारतीय साम्राज्यवादको छातीमा
भारतीय किसानले रगत बगायो
मुक्तिका निम्ति बलिदान दियो
अमेरिकामा ट्रम्पतन्त्र ढल्यो
भारतमा मोदीतन्त्रको शिर झुक्यो
किसान आन्दोलनले गणको शिर उठायो
लालकिल्लामा हँसिया-हथौडाको झन्डा फहरायो
नेपालमा हो ओलीतन्त्र आयो
नागरिक आन्दोलनले पाइला उचाल्यो...

आततायी सत्ताका विरुद्ध के नेपालमा, के भारतमा, के अमेरिका, युरोप र अफ्रिका-अस्ट्रेलियाम, सबैतिर विद्रोह झाँगिइरहेको छ। कहीँको विद्रोह अलि सुषुप्त छ, कहीँको अलि वेगवान्। भारतीय साम्राज्यावदका विरुद्ध त्यहाँको माओवादी आन्दोलनले उचाइ लिइरहेको छ भने त्यहाँका किसानहरू पनि रगत बगाइरहेका छन्।

कवि ओमप्रकाश पुन हिजोका क्रान्तिका नायकहरू खलनायकमा पतीत भए पनि क्रान्तिको दावानल फेरि उठिरहेको छ भन्ने सन्देश यसरी दिन्छन् कविताबाटै :

...तर जनयुद्ध
तिम्रो लक्ष्य पूरा नहुँदै
तिम्रो सपना साकार नहुँदै
केही धोकेबाजहरूले
केही गद्दारहरूले
तिमीलाई धोका दिएका छन्
तिमीलाई बीचमै छोडेका छन्
तिम्रो अपमान गरेका छन्
र त फेरि पनि
तिम्रो निरन्तरतामा
तिम्रो सफलतामा
विप्लवहरू उठेका छन्
किरणहरू जुटेका छन्
ऋषि र आहुतिहरू जुटेका छन्
अरुअरु पनि जुट्दैछन्
सबै एकीकृत हुँदैछन्
तिमी पनि वयस्क भएका छौ

यहाँ एउटा धोका र गद्दारीबाट क्रान्ति समाप्त नहुने बरु नयाँ उचाइ लिएर अघि बढ्ने सङ्केत गर्दै स्रष्टा पुनले नेकपा नेतृत्वमा क्रान्तिकारी रणनीतिक संयुक्त मोर्चाले अबको क्रान्तिको बाँकी कार्यभारलाई पूरा गर्ने आशा पनि व्यक्त गरेका छन् । एकीकृत जनक्रान्तिले नै क्रान्तिका अधुरा कार्यभारहरू पूरा गरी नेपालमा वैज्ञानिक समाजवाद स्थापना गराउने उनको विश्वास छ।

सत्तासीनहरू मुलुकमा रामराज्य आइसकेको हौवा फिँजाउँदैछन् तर नेकपा नेता एवम् स्रष्टा सुदर्शन, रणवीर माइला लामा, आदर्शलगायत डेढ सयभन्दा बढी क्रान्तिकारी योद्धाहरूका हतकडी र नेल अझै फुकेका छैनन् । झूट्टा मुद्दाहरु खारेज भएका छैनन् । सरकार लत्रिएर वार्तामा आए पनि सहमति पूरा गरिरहेको छैन। यस्तो अवस्थामा स्रष्टाहरू सशंकित हुनु आवश्यक मात्र होइन, अपरिहार्य नै बन्छ।

शासकहरूले शासनसत्ता फेरिएको भनेर जतिसुकै स्यालहुइयाँ मच्चाए पनि मुलुकको दुर्दशा नफेरिएको स्रष्टा सुमनसिंह पौडेलको निष्कर्ष छ :

झुपडी खान नपाएर छट्पटाएको छ
दलितहरू मारिन थालेका छन्
महिलाहण्द्रु दिन दहाडै लुटिइरहेका छन्
जताततै रगतका टाटाहरू
कुटिएका निलडामहरू
लुटिएका पसिनाधाराहरू
जहाँतहीँ आन्दोलित बनेर
जुर्मुराउन थालेका छन् यतिबेला
म पुगिरहेको छु ती आहतहरूमा
खोजिरहेको छु म त्यही भीडमा
सिर्जनाहरू, कविहरू...

यो वास्तविकता हो मुलुकको। युवाहरूको पलायन रोकिएको छैन । युवाहरूले अरबको तातोमा ऊँट चराउनुपर्ने र बाकसमा प्याक भएर फर्किनुपर्ने अवस्था अन्त्य नभई कहाँ रोकिन्छ विद्रोह ? महिलाहरूमाथिको हत्या र बलात्कार नरोकिएसम्म र अपराधीहरू नजन्मिने/जन्मिनु नपर्ने वैज्ञानिक समाजवादी व्यवस्था स्थापना नहोउन्जेलसम्म केही भाटहरूबाहेक, केही लुटेरा र जालीहरूबाहेक कसले भन्न सक्छ यसलाई रामराज्य ?

कवि रोशन भारती भन्छन् :

संसदीय भुनाव गरी सरकार परिवर्तन गर्छन्
देशका जनतालाई सयौँपटक ठग्छन्
गणतन्त्र विपरीत दिशामा गइरहन्छ
नेताहरू एकापसमा ठेल्दै
कुर्सीको निम्ति लडिरहन्छन्।...
जनतालाई होच्याउने, चुनावमा मात्रै पछ्याउने
माफियाहरूको संरक्षण गरी देश चलाउने
घुस लिने काम देशद्रोहीको हो भन्दै
लेनदेनमा लिपुलेकमा सन्धि गर्ने
खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने
नेपालकै संसदीय व्यवस्था हो
नेपाल र नेपालीलाई हेप्ने...
अन्त्यमा

दलाल पुँजीवादी व्यवस्था जनतालाई, देशलाई हेप्ने व्यवस्था हो । यो व्यवस्था रहेसम्म देश र जनताले कहिल्यै खुसीका सुस्केराहरू फेर्न पाउने छैनन् । कवि बीपी विद्रोहीले यसै अवस्थालाई सङ्केत गर्दै क्रान्तिको लामो बाटोमा अविचलित भई लामबद्ध भइराख्नुपर्ने सन्देश यसरी दिएका छन् :

हृदयको मान्द्रोमा सुकाउनुस् है आमा
निराशाको चिसोले ओसिएका सपनाहरू
म अवश्य उदाउनेछु एक दिन
तपाईंको मनको मझेरीमा
भरोसाको रापिलो घाम बनेर !

त्यो कुहिरोले मलाई छेकेको मात्र हो
म हराएको छैन।
मेघ गर्जिंदा नआत्तिनू है बा
त्यो गड्गडाहट तपाईंका विरुद्ध छैन
परिश्रमको पसिनाले भिजेका
अभावका गन्जीहरू सुकाउनुस् है दाजै
धैर्यको पालीमा
म अवश्य उदाउनेछु एक दिन
न्यानो घाम बनेर !
अन्धकार हुँदा नरुनू है दिदी
यी रातहरू लामो समय टिक्दैनन्
झम्केसाँझसँगै मैलिएका रहरहरू
सुकाऊ है बहिनी भरोसाको छानोमा
म झुल्किनेछु अवश्य एक दिन
उज्यालो किरण बनेर !

यो पृथ्वी घुमेको मात्र हो
म अस्ताएको छैन।

तीनघुम्तीको दोबाटोमा नअल्मलिनू है साथी
अप्ठ्यारो बाटो नै रोज्नू
भ्रमका सजिला बाटाहरू भिरमा पुगेर टुङ्गिन्छन्
थकानले गलेका अन्योल र दिक्दारीहरू
सुकाउनुस् है सँगी बिसौनीका चौतारीमा
म उदाउनेछु अवश्य एक दिन
जाँगरिलो चेतनाको रोशनी बनेर।

धोका, घात र गद्दारीका निशानीहरू
लगेर झुन्ड्याइदिनू है मान्छे
साहसका अग्ला-अग्ला रूखहरूमा
म सुसाउनेछु अवश्य एक दिन
प्रतिबद्धताको हुरी बनेर।

## कविता

### खै अधिकार कहाँ छ ?

शिला शाही 'सज्जिता'

सडकको पेटीमा भीख माग्दै
छाक टार्ने मानिस भन्छन्-
खै अधिकार कहाँ छ ?
घरबारविहीन सुकुमबासी जनता भन्छन्-
खै जमिन कहाँ छ ?
नब्बे डिग्री घाममा पिल्सिएका
विदेशको गल्ली-गल्लीमा
रोजगार खोज्दै हिँड्दै
भौँतारिएका युवाले भन्छन्-
खै रोजगार कहाँ छ ?
विदेशका कोठी-कोठीमा बेचिएकी
नारी भन्छिन्-
खै मेरो अस्मिता कहाँ छ ?
आफ्नै गाउँ, समाज र छिमेकीबाट
बलात्कृत भएकी
प्रहरी चौकीमा धाउँदा पनि
न्याय नपाएकी नारी भन्छिन्-
खै न्याय कहाँ छ ?
पुरुषको दासतापूर्ण साङ्गोमा बाँधिएकी
नारीले भन्छिन्-
खै मेरो स्वतन्त्रता कहाँ छ ?
गरिबको झुपडीमा हुर्किंदै गरेका
पढ्न-लेख्न नपाएका बालबालिका भन्छन्-
लाउने नाना छैन, खाने खाना छैन
खै मेरो शिक्षाको अधिकार कहाँ छ ?
रातदिन काम गरी श्रमको मूल्य नपाएका मजदुर र
वर्षदिन खोरियामा काम गर्दा पनि
छाक टार्न नसकेका किसान भन्छन्-
खै मेरो भोको पेटको अधिकार कहाँ छ ?

अधिकार त मागेर मिल्दैन अब
खोसेर लिनुपर्छ
अधिकार संविधानमा पनि लेखियो
अधिकार दिन्छौँ भन्दै भाषण गरेको पनि देखियो
तर खै मेरो अधिकार कहाँ छ ?
युवालाई रोजगारको अभाव छ
बालबालिकालाई शिक्षाको अभाव छ
जनतालाई बास, गाँस र कपासको अभाव छ
छट्पटिएको बिरामीलाई स्वास्थ्यको अभाव छ
खै मेरो बाँच्न पाउने उपचारको अधिकार कहाँ छ ?
गरिबको झुपडीमा शान्ति छैन
नारीको सुनौलो दिन अझै आएको छैन
खै मेरो जीवन जिउने अधिकार कहाँ छ ?
अधिकार पाउनलाई
अब लड्नुपर्छ एकढिक्का भई
लड्नुपर्छ पुरुषसत्ताविरुद्ध
लड्नुपर्छ दलाल सत्ताविरुद्ध
ल्याउनुपर्छ नयाँ व्यवस्था
अथवा वैज्ञानिक समाजवाद।

## नयाँ राजनीतिक ....

बैठकले गरेको छ। देशमा विद्यमान भ्रष्टाचार, महँगी र तस्करीका विरुद्ध सङ्घर्ष गर्नुका साथै सबै पक्षसँग सहकार्य गर्दै एमसीसीका विरुद्ध आमजनतालाई जागृत गर्दै सङ्घर्ष गर्ने निर्णय पनि बैठकले गरेको छ।

पार्टीको आत्मनिर्भरताको नीतिलाई उत्पादनसँग जोड्नेलगायत निर्णय गरेको बैठकले कोरोना महामारीको समस्यालाई दृष्टिगत गर्दै पूर्वनिर्धारित सबै जनवर्गीय सङ्घ/सङ्गठनहरूका भेला/सम्मेलन स्थगित गर्ने निर्णय पनि गरेको छ । बैठकमा सबै केन्द्रीय सदस्यले सरकारसँग ३ बुँदे सहमतिपछि बन्दी रिहाइ र मुद्दा खारेजीको प्रक्रियामा सरकारद्वारा गरिएको ढिलाइप्रति विशेष चासो, आशङ्का र चिन्ता व्यक्त गरेका थिए । जबाफमा महासचिव विप्लवले बन्दी बनाइएका सबै तहका नेता-कार्यकर्ताहरू सरकारसँग भएको सहमतिअनुसार छिट्टै रिहा हुने विश्वास व्यक्त गर्दै पार्टीका तर्फबाट थप पहल गर्ने जानकारी बैठकमा गराएका थिए।

देश कोरोना महामारीले आक्रान्त बनिरहेको समयमा कोरानोका विरुद्धको लडाइँ सबैको सरोकारको विषय भएकाले सबैलाई जागरुक बनाउनुका साथै कोरोनाविरुद्धको लडाइँमा पार्टीका तर्फबाट देशैभरि कार्यकर्ता परिचालन गर्ने र आफ्नो तर्फबाट पहल गर्ने निर्णय पनि बैठकले गरेको छ । यस्तै बैठकमा नयाँ राजनीतिक परिस्थितिका आधारमा आफ्ना एजेन्डाहरू प्रत्यक्ष र सहज रूपले जनतामा पुऱ्याउन सहज हुने गरी साङ्गठनिक संरचना हेरफेर गर्नुका साथै आगामी महाधिवेशनका विषयमा पनि आवश्यक छलफल भएको स्रोतले जनाएको छ।

## बेपत्ता योद्धा पूर्ण ....

उठाउँदै सहिद, बेपत्ता योद्धाहरूले देखाएकै बाटोमा लामबद्ध रहेको बताए । पूर्ण पौडेललगायत सम्पूर्ण बेपत्ताहरूको खोजी गर्ने जिम्मा क्रान्तिकारीहरूको काँधमा आएको उनको भनाइ थियो ।

यस्तै कार्यक्रमलाई सम्बोधन गर्दै सोममाया बिकले हजारौं सहिद, बेपत्ताले कोरेको इतिहास र उहाँहरूको सपना पूरा नभएसम्म आफूहरू लडिरहने बताए ।

अखिल क्रान्तिकारी गण्डक ब्युरो इन्चार्ज अटलले पूर्ण पौडेल अखिल क्रान्तिकारीका महासचिव हुँदा उहाँले वैज्ञानिक शिक्षा प्राप्तिका लागि गरेको योगदानको उच्च सम्मान गर्दै सहिद र बेपत्ता योद्धाले कोरेको बाटो र सपनामा निरन्तर लागिरहने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रमका अतिथि समाजवादी विद्यार्थी युनियनका केन्द्रीय उपाध्यक्ष नेत्र चापागाईंले कसैले पनि जनयुद्धलाई भुल्न नहुने बताए । उनले जनयुद्धका क्रममा बेपत्ता हुनुभएका पूर्ण पौडेलकी आमा मोतीमाया पौडेल नथाकी निरन्तर लडिरहनुभएकोमा सम्मान पनि व्यक्त गरे ।

कास्की जिल्ला इन्चार्ज पूर्णजित पुन 'उभार' को विशेष उपस्थितिमा आयोजित कार्यक्रममा अखिल क्रान्तिकारी गण्डक संयोजक अटल, कास्की जिल्ला सेक्रेटरी विश्वासलगायत उपस्थित थिए । अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य प्रकाश बास्तोलाको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन अखिल क्रान्तिकारी कास्की जिल्ला अध्यक्ष पुरन पुनले गरेका थिए । कार्यक्रमका सहभागीलाई अखिल क्रान्तिकारी पृथ्वीनारायण क्याम्पस जिल्ला समितिका अध्यक्ष उपेन्द्र परियारले स्वागत गरेका थिए ।

## प्रहरी नियन्त्रणमै ....

कारबाही नगरेसम्म शव नबुझ्ने अडान लिँदै आएका थिए ।

कास्की प्रहरीले भने परिवारले सत्यतथ्य छानबिन माग गर्दै दाहसंस्कारका लागि मृत शरीर बुझिलिन र दोषीउपर कारबाही मागसहित बुझाएको जाहेरी लिन नमानेपछि ४ महिनासम्म शव अस्पतालमा अलपत्र परेका थियो । प्रहीले पीडितको शव बुझिलिने जाहेरी लिएको तर दोषीमाथि कारबाही मागसहितको किटानी जाहेरी नलिएको सम्बद्ध स्रोतले जनाएको छ । मृतक जगतका परिवारका सदस्य पर्वतका प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मी, जिल्ला प्रहरी कार्यलय पर्वतका प्रमुख विश्वराज अधिकारी र पर्वत जिल्ला कारागार कार्यालय प्रमुख महेन्द्रबहादुर मरासिनीका नाममा किटानी जाहेरीसहित मानिस मरेको (ज्यानसम्बन्धी कसुर) मा जाहेरी लिएर जिल्ला प्रहरी कार्यालय कास्की पुगेका थिए । तर जिल्ला प्रहरी कार्यालय कास्कीले भने जाहेरी नलिएको परिवारका सदस्यले बताएका छन् ।

अभद्र व्यवहारको मुद्दा लगाएर म्याग्दी प्रहरीले गिरफ्तार गरेका जगेन्द्र पुन 'जगत' को मृत्यु प्रहरी नियन्त्रणमै भएको थियो । म्याग्दी प्रहरीले अभद्र व्यवहारको मुद्दा चलाएकोमा धरौटीमा रिहा भएलगत्तै उनलाई म्याग्दी जिल्ला प्रहरीले पुनः पक्राउ गरी जिल्ला प्रहरी कार्यालय पर्वत धुनामा राखेको थियो । धुनामा रहेका पुन एक्कासि बेहोस भएका कारण पर्वत अस्पतालमा लगिएको र त्यसपछि थप उपचार गर्ने भन्दै राती पोखराको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पुऱ्याएको थियो ।

परिवारका सदस्यलाई जगतको उपचार सघन कक्षमा भइरहेको जानकारी दिइएको थियो तर उनको उपचारकै क्रममा २०७७ साल पुस २८ गते १२:३० बजे अस्पतालमा मृत्यु भएको थियो । प्रहरी र प्रशासनले गम्भीर बिरामी जगतको उपचारमा लापरबाही गरेको र गैरजिम्मेवार बनेर उपचारमा ढिलाइ गरेका कारण मृत्यु भएको दाबी परिवारका सदस्यले गरेका छन् ।

## दलितमाथि ....

१ गते नवलपरासीको मध्यबिन्दु नगरपालिका वडा नं. ९ वसन्तपुरमा भएको जातीय विभेद एवम् छुवाछूतसम्बन्धी घटनाप्रति हाम्रो मोर्चाको गम्भीर ध्यानाकर्षण भएको छ । नयाँ वर्ष २०७८ वैशाख १ गते स्थानीय जनताले आयोजना गरेको बनभोज कार्यक्रममा सोही गाउँ निवासी विष्णुप्रसाद भण्डारीले स्थानीय दीपक विश्वकर्मालाई दलित भएकोमा कथित जातका नाममा विभेद र छुवाछूत गरी अपमानजनक गाली, बेइज्जती र दुर्व्यवहार गर्दै सामूहिक भोजबाटै बहिष्कार गरेको घटना अत्यन्तै निन्दनीय र खेदजनक रहेको छ ।'

विज्ञप्तिमा भनिएको छ, 'उक्त घटनाप्रति आक्रोशित स्थानीय दलित तथा गैरदलित सहभागी करिब एक सयको सङ्ख्यामा रहेका जनताले निज अपराधी भण्डारीमाथि सार्वजनिक रूपमा कालोमोसो दली जुत्ताको माला लगाएर गाउँ घुमाई गरेको जनकारबाहीप्रति हाम्रो मोर्चा हार्दिक समर्थन एवम् ऐक्यबद्धता प्रकट गर्दछ । यस घटनाबाट ध्यान विकेन्द्रित गर्न निज भण्डारीले प्रहरी प्रशासनमा झूटो उजुरी गरेको र प्रहरी प्रशासनबाट स्थानीय सर्वसाधारण जनतालाई त्रसित पार्ने, वारेन्ट जारी गर्ने, झुट्ठा मुद्दा लगाउने, घरमा प्रहरी जाने, आतङ्कित पार्ने कार्य गरिरहेका कारण अहिले पीडित दीपक विश्वकर्मालगायत ५ जना घर र गाउँबाट विस्थापित हुन बाध्य भएको बताइन्छ । वैशाख ९ गते करिब ५० जना दलित समुदायका व्यक्तित्वहरू जिल्ला प्रहरी कार्यालय नवलपरासीमा छलफल गर्न र जातीय विभेद र छुवाछूतविरुद्ध मुद्दा दर्ता गर्न गएको तर प्रहरी प्रशासनले उल्टै थर्काएर पठाएको बताइएको छ । यसबाट गणतान्त्रिक नेपालमा राज्य, प्रहरी प्रशासन अझै पनि दलित समुदायका पक्षमा नरहेको पुनः पुष्टि भएको छ भने संविधान र कानुन हात्तीको देखाउने दाँत साबित भएका छन् । प्रहरी प्रशासनबाट भैरहेको यसप्रकारको ज्यादतीपूर्ण कार्य र पक्षपातपूर्ण व्यवहार तत्काल बन्द गर्न र जातका आधारमा भेदभाव, छुवाछूत र दुर्व्यवहार गर्ने निज दोषीमाथि कडा कारबाहीका लागि अविलम्ब कदम चाल्न हामी नेपाल सरकार एवम् प्रहरी प्रशासनसमक्ष जोडदार माग गर्दछौं । अन्यथा यसबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवार स्वयम् सरकार र प्रशासन हुनुपर्नेछ । साथै यस घटनाको सत्यतथ्य छानबिन गरी दोषीलाई कारबाही गर्न र पीडितलाई न्यायका लागि भूमिका खेल्न अग्रसर हुन हामी सम्पूर्ण राजनीतिक दलित सङ्गठन, मानवअधिकारकर्मी, नागरिक समाज, पत्रकार, न्याय र समानताका पक्षधर जनता एवम् सरोकारवाला सबैमा हार्दिक आह्वान गर्दछौं ।'

## पार्टी स्थापना दिवसका ....

वा साथ-सहयोग गरेर अग्रगामी भूमिका पूरा गर्ने आमपार्टीपङ्क्ति र जनसमुदायमा धन्यवाद प्रकट गरेका छन् ।

वर्तमान दलाल पुँजीवादी सत्ताको सङ्कट एवम् असफलताले वैज्ञानिक समाजवादी सत्ता प्राप्त गर्ने असाधारण परिस्थिति तयार भएको भन्दै विप्लवले वक्तव्यमा भनेका छन्, 'कमरेड पुष्पलालले पार्टी स्थापनाका क्रममा नेपाल कम्युनिस्ट पार्टीको घोषणापत्रमा पार्टीको उद्देश्य उल्लेख गर्दै लेख्नुभएको छ, 'वर्तमान सामन्तवादी प्रथा र नेपालमा फैलिएको साम्राज्यवादी तथा पुँजीवादी शोषणको जुवालाई सफाचट गर्ने बाटो हो, ...अतः नेपाली जनताले आखिरी साससम्म जनताको जनतन्त्र र समाजवादका निम्ति लड्नु पर्दछ ।' आज नेपाली जनता सामन्तवादलाई समाप्त गर्न सफल भएका छन् तर सत्ता जनताको हातमा आएको छैन, दलाल पुँजीवादी वर्गको हातमा छ । तर दलाल पुँजीवादी सत्ताको सङ्कट एवम् असफलताले यो सत्तालाई परिवर्तन गर्न र वैज्ञानिक समाजवादी सत्ता प्राप्त गर्ने असाधारण परिस्थिति तयार भएको छ ।'

बदलिँदो राजनीतिक परिस्थिति सरकार र नेकपाबीच भएको ३ बुँदे सहमतिलगायत विषयलाई पनि सम्बोधन गर्दै महासचिव विप्लवको वक्तव्यमा भनिएको छ, 'हाम्रो पार्टीले आफ्नो पुनर्गठनको समयमा नै बताएको थियो- नेपाल कम्युनिस्ट पार्टीको प्रमुख उद्देश्य नेपालको दलाल पुँजीवादी सत्ता र संसदीय व्यवस्थालाई आमूल परिवर्तन गरेर देशमा वैज्ञानिक समाजवादी सत्ता स्थापना गर्नु हुनेछ । हामीले देशमा व्याप्त भ्रष्टाचार, करछली, तस्करी, महँगी, राष्ट्रघातका विरुद्ध इमानदारीपूर्वक सङ्घर्ष गऱ्यौं । राज्य र नेकपाका बीचमा अनेकौं दमन र प्रतिरोधका शृङ्खलाहरू चले । यस बेला हाम्रो पार्टी र राज्यका बीचमा वार्ता भई ३ बुँदे सहमति घोषणा भएको छ । पार्टीमाथिको प्रतिबन्ध हटेको छ तर अझै पनि हाम्रा सयौंजना कमरेडहरू जेलमा बन्दी हुनुहुन्छ । मुद्दाहरू खारेज भइसकेका छैनन् । कैयौं तत्वहरूले यो सहमतिलाई बिथोलेर वा असफल पारेर धमिलो पानीमा माछा मार्न चाहेको पनि देखिँदैछ । यस्तो बेला सहमतिलाई इमानदारीपूर्वक छिटोभन्दा छिटो लागू गर्ने जिम्मा हामीमाथि छ । आशा छ हामी ३ बुँदेलाई लागू गर्दै देशका राजनीतिक, आर्थिक, सांस्कृतिक, राष्ट्रियताका विषयमा गहन विमर्श गर्न र उचित निकास निकाल्न सफल हुनेछौं ।'

संसदीय व्यवस्थाको स्थानमा जनताको वैज्ञानिक समाजवादी व्यवस्था प्राप्त गर्ने दिशामा निर्भीकतापूर्वक अगाडि बढ्न विशेष अपिल गर्दै विप्लवले वक्तव्यको अन्त्यमा भनेका छन्, 'देशलाई युगान्तकारी निकास चाहिएको यो परिस्थितिमा हामी सबै वामपन्थी, देशभक्त, प्रगतिशील लोकतन्त्रवादी एवम् कम्युनिस्ट शक्तिहरूलाई एकताबद्ध हुन र यो संसदीय व्यवस्थाको स्थानमा जनताको चाहनालाई प्रतिनिधित्व गर्नसक्ने वैज्ञानिक समाजवादी व्यवस्था प्राप्त गर्ने दिशामा निर्भीकतापूर्वक अगाडि बढ्न विशेष अपिल गर्दछौं ।'

## तीनबुँदे सहमतीविपरित ....

वडा नं. ८ बस्ने अन्दाजी वर्ष ४५ को इन्द्रबहादुर नगरकोटीका नाउँमा जारी भएको पक्राउ पुर्जी श्री प्रसनि रामशरण बस्नेतको प्रतिवेदन जाहेरीले वादी नेपाल सरकार, प्रतिवादी तपाईं भएको आपराधिक उपद्रव तथा सङ्गठित अपराध मुद्दामा तपाईंलाई गिरफ्तार गर्न पक्राउ पुर्जी जारी भएकोमा उक्त पुर्जीबमोजिम तपाई पक्राउ भै नआएको हुनाले यो ३५ (पैँतिस) दिने पक्राउ पुर्जीसमेत टाँसिएको छ । बाटाको म्यादबाहेक ३५ (पैँतिस) दिनभित्र आफैं वा पक्राउ पुर्जीबमोजिम पक्राउमा परी यस अदालतमा हाजिर हुन आउनुभएमा तपाईंको बेहोरासमेत बुझी कानुनबमोजिम कारबाही हुनेछ । नआई म्याद गुजारी फरार रहे कानुनबमोजिम हुनेछ । पछि तपाईंले उजुर गर्न पाउनुहुने छैन ।'

## आस्थाका बन्दीले ....

बनाएको बताए । मल्लले देश र जनताका लागि गरेको त्यागलाई नेकपाले कहिल्यै पनि नभुल्ने उनको भनाइ थियो । आदर्शले मल्लका परिवार, आफन्तहरूमा दुःखको घडीमा शोकलाई शक्तिमा बदल्ने शक्ति प्रदान गरोस् भन्ने कामनासमेत गरे ।

संसदीय व्यवस्थाले देश र जनतालाई आघात पुग्ने काम गरेको उनले बताए । 'अन्याय, अत्याचार र भ्रष्टाचार एकपछि अर्को बढ्दै गइरहेको छ । संसदीय व्यवस्थामा भाग लिने पार्टीहरू पूरै भुस्याहा कुकुरजस्तो झगडा गर्दै देशलाई ठूलो खाल्डोमा पारेर बर्बाद बनाएका छन् । राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक रूपले नामेट बनाउने काम गरेका छन् । संसदीय व्यवस्था काम नलाग्ने फोहोरको डङ्गुर भैसक्यो । यसको विकल्प खोजिनुपर्छ । अब नेपाली जानता सचेत हुनुपर्छ', आदर्शले भने ।

कार्यक्रमका अधिकांश वक्ताले मल्लको निधनले आफूहरूलाई धेरै दुःखी बनाएको बताएका थिए । उनीहरूले मल्लप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारप्रति समवेदना प्रकट गरेका थिए । उनीहरूले भने- मल्लले क्रान्तिको झन्डा सधैं उठाइराख्नुभयो । अब हामी त्यो झन्डालाई झन् उचाइमा पुऱ्याउनेछौं । उहाँका सपना एकीकृत जनक्रान्तिबाट पूरा गरेरै छाड्छौं ।

कार्यक्रममा उदय कसेरा 'उदय' ले स्वागत मन्तव्य राखेका थिए भने अतिथिहरू गोरखराज गिरी, लक्ष्मण रावत र टोपेन्द्रसिंह थिए । वक्ताहरूमा धर्मराज सुनार 'धर्मेन्द्र', अम्मलाल थापा 'आशीष', डबल नेपाली 'दमन', डम्मर सुनार 'पहाड' र निरप रावल थिए । कार्यक्रमको सञ्चालन कृष्णबहादुर विकले गरेका थिए भने अध्यक्षता राजेशकुमार शाही 'आकाश' ले गरेका थिए ।

# युवा सङ्गठन गैंडाकोटको भेला

**नवलपुर**

युवा सङ्गठन नेपाल नवलपुरअन्तर्गत गैंडाकोट नगर समितिको प्रथम भेला सम्पन्न भएको छ । भेलाले प्रितमको अध्यक्षतामा १९ सदस्यीय नगर समिति चयन गरेको छ ।

कार्यक्रममा युवा सङ्गठन नेपाल नवलपुर दोस्रो जिल्ला सम्मेलन आयोजक समिति संयोजक अविनाशले वर्तमान दलाल संसदीय व्यवस्थाबाट कुनै पनि समस्याको पूर्ण समाधान नभएको भन्दै वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्नुपर्ने बताए । उनले युवाहरूको काँधमा ठूलो जिम्मेवारी थपिएको भन्दै एकीकृत जनक्रान्तिको कार्यदिशामा लामबद्ध हुन सम्पूर्ण युवाहरूलाई आह्वान पनि गरे ।

# ट्रेड युनियन महसङ्घ सिन्धुपाल्चोकको भेला सम्पन्न

**बलेफी**

अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ सिन्धुपाल्चोकको प्रथम भेला भव्य रूपमा सम्पन्न भएको छ । सिन्धुपाल्चोकको बलेफीमा बुधबार सम्पन्न भेलाले ९ सदस्यीय जिल्ला समिति चयन गरेको छ । समितिमा संयोजक कृष्णलाल श्रेष्ठ, सदस्यहरू रोहन श्रेष्ठ, सुमन श्रेष्ठ, होमनारायण श्रेष्ठ, हीरा थामीलगायत चयन भएका छन् ।

भेलालाई सम्बोधन गर्दै महासङ्घका संयोजक विनोद थापाले राजधानीनजिक रहेर पनि अति पिछडिएको जिल्ला हुनु दुःखद् रहेको र जनताले हरेक राजनीतिक परिवर्तनलाई साथ दिए पनि यहाँका मुठीभर दलालका कारण मजदुरहरूले पीडा भोगिरहेको बताए । यस्ता तत्वहरूलाई परास्त गर्न जिल्ला महासङ्घ सक्षम हुने पनि उनले बताए ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टी सिन्धुपाल्चोकका इन्चार्ज युगीनले जनताले चाहेको व्यवस्था आइनसकेकाले राष्ट्रघात र जनघात बढिरहेको बताए । यस क्षेत्रको जथाभाबी प्राकृतिक दोहन-उत्खननका कारण जिल्ला कुरूप र महाविपत्तिको सामना गर्नुपरिरहेको उनले बताए । जिल्लामा काम गर्ने हाइड्रो खानी, यातायात, उद्योग, निर्माणलगायत मजदुरहरू चरम श्रम शोषणमा परेकाले अन्यायका विरुद्ध डटेर सङ्घर्ष गर्नुपर्नेमा उनले जोड दिए ।

युगीनले अब जनताले आफ्नो व्यवस्था चुन्ने अधिकार आफैँले पाउनुपर्ने बताए । पार्टीले गाउँगाउँमा अभियान पुऱ्याउँदा स्थानीय बासिन्दा खुसी भएको र दलाल सत्ताको ताबेदारी गर्नेहरूको निद्रा समाप्त भएको उनको भनाइ थियो ।

भेलामा मजदुर आन्दोलनका बारेमा महासङ्घका ताम्सालिङ क्षेत्रीय समन्वय समितिका संयोजक जित थामीले प्रस्ट पारेका थिए । कार्यक्रमका सहभागीलाई सुमन श्रेष्ठले स्वागत गरेका थिए ।

# जनपत्रकार सङ्गठन डोटीमा थापा

**सिलगढी**

जनपत्रकार सङ्गठन नेपाल डोटीको बैठकले संयोजकमा जीवन थापालाई चयन गरेको छ । सिलगढीमा बसेको बैठकले थापाको संयोजकत्वमा ७ सदस्यीय जिल्ला भेला आयोजक समिति गठन गरेको हो ।

बैठकमा सम्बोधन गर्दै नेकपा डोटी जिल्ला सेक्रेटरी विमल धामीले पत्रकार समाजको सचेत वर्ग भएकाले समाजका हरेक विकृति र विसङ्गतिका विरुद्ध बोल्नु र लेख्नुपर्ने बताए ।

जनपत्रकार सङ्गठन नेपालका केन्द्रीय सदस्य तथा सेम ब्युरो संयोजक प्रकाश थापाले पत्रकार समाजको महत्वपूर्ण क्षेत्र भएकाले समाजमा देखिएका विकृति र विसङ्गति हटाउन आन्दोलन गर्नुपर्ने धारणा राखे ।

बैठकको अध्यक्षता तथा सञ्चालन जीवन थापाले गरेका थिए भने नेकपा जिल्ला सदस्य कृष्णबहादुर बोहरा, सुशील मलासी, अखिल (क्रान्तिकारी) का जिल्ला संयोजक प्रकाश कठायत र जिल्ला आयोजक समिति सदस्य दीपक भण्डारी अतिथिका रूपमा उपस्थित थिए ।


कम्पनी स्थापना गरी व्यवसाय सञ्चालक गर्न लागु भएकोमा

**शुभ कामना**

साथै कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

कम्पनीको संस्थापना पश्चात कम्पनी ऐन, २०६३, कम्पनी निर्देशिका, २०७२, विद्धुतिय फाइलिङ्ग निर्देशिका, २०६९ दामासाही ऐन, २०६३, दामासाही नियमावली, २०६४, लगानिकर्ता संरक्षणकोष व्यवस्थापन तथा संचालन कार्यविधि, २०७३ तथा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ लगायतका आफ्नो कम्पनीसंग सम्बन्धीत नीति, कानुन, ऐन नियमावली कार्यविधिका बारेमा जानकारी राख्नुपर्दछ । यसको साथै प्रत्येक वर्ष सरकारको नीति तथा कार्यक्रम, वजेट आदिमा आफ्नो व्यवसाय सम्बन्धी कुनै नयाँ व्यवस्था भएमा जानकारी राखी सोही अनुसार गर्नु पर्दछ । प्रचलित कानुनको पालना गर्नु सबै कम्पनी र यसका संस्थापक तथा संचालकहरुको कर्तव्य हो ।

कम्पनी ऐन, २०६३ अनुसार कम्पनीहरुले कम्पनी संस्थापनाको पहिलो ३ महिनाभित्र र प्रत्येक वर्ष वार्षिक रुपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा बुझाउनु पर्ने विवरण :-

**क) ३ महिनाभित्र बुझाउनुपर्ने विवरणहरु :-**
१) कम्पनीको रजिष्टर्ड कार्यालयको ठेगानाको जनकारी
२) संचालक समितीको गठन, संचालकहरुको दफा ९२ को विवरण समेत
३) चालु आ.व.का लागि लेखापरीक्षकको नियुक्ति
४) कम्पनीको तत्काल जारी पुँजी बराबर शुरु वाँडफाँडको निर्णय ।

**ख) वार्षिक रुपमा बुझाउनु पर्ने विवरणहरुः-**
१) गत आ.व. को लेखापरिक्षण प्रतिवेदन र चालु आ.व. को लेखापरिक्षकको नियुक्तिको जानकारी
२) संचालक समितिको तर्फवाट तयार कम्पनीको वार्षिक प्रतिवेदन
३) साधरण सभा बोलउने सम्बन्धी संचालक समितीको निर्णय
४) वार्षिक साधारण सभाको निर्णय
५) दफा ५१ को विवरण
६) संचालक लगत
७) पब्लिक र मुनाफा वितरण नगर्ने कम्पनीको हकमा दफा ७८ को विवरण

➢कम्पनीहरुले अनलाई बाट विवरण पठाउने तरिका :- निवेदन सहित सम्पुर्ण विवरणहरुको ज्ञष्छ म्एक्ष एँ यचकबत मा क्अबललष्लन गर्ने धधध.यअच.नयख.लउ मा गई ऋजभअप म्यअगफभलत खोल्ने, ग्कभचलकभ र एबककधयचम राखेपछी तपाईको ँषभ इउभल हुन्छ र इउभल ँषभ मा म्यअगफभलत क्गदृष्त गरी विवरण क्भलम गर्ने । म्यअगफभलत क्गदृष्त भए नभएको ियमनभ्रूभलत मा गई ऋयलाष्क गर्नु पर्नेछ ।

➢कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनीहरु ले पेश गर्नु पर्ने विवरण, सो पेश गर्ने अवधि, तोकिएको अवधिमा पेश नगरेमा लाग्ने जरिवना को विषयमा कम्पनी ऐन, २०६३ मा स्पष्ट व्यवस्था रहेको छ । यस्ता विवरणहरु तोकिएको समयावधि भित्र पेश गरेमा कुनै जरिवना लागदैन तर तोकिएको समयावधि भित्र पेश नगरेमा जरिवना लाग्दछ ।

**समयमै आफ्नो कम्पनी वाट बुझाउनु पर्ने विवरण बुझाई जरिवना तिर्नबाट जोगिऔं, जरिवाना तिर्न व्यवसायिक दक्षता होईन ।**

नेपाल सरकार
उद्योग मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**
फोन नं. ०१-४२५९९४८, ईमेल :- info@ocr.gov.np
वेवसाईट :- www.ocr.gov.np



**COVID-19 को रोकथामका उपाय अपनाउने सम्बन्धी सर्वसाधारणलाई दिनुपर्ने जानकारी**

- नियमित रुपमा साबुन पानीले हात हुने वा अल्कोहल मिश्रित स्यानिटाइजर जस्ता सोलुसनको प्रयोग गर्नुहोस् ।
- आँखा, नाक र मुखलाई सक्दो छुने प्रयास नगर्नुहोस् ।
- सामाजिक दुरीको अभ्यास गर्नुहोस् । यदि कसैलाई भेट्नु परेमा २ मिटर (६ फिट) को दुरीमा रहनुहोस् र शारीरिक निकटबाट टाढै रहनुहोस् ।
- अस्वस्थ महसुस गर्नुभएमा घरमै आराम गर्नुहोस् । ज्वरो, खोकी वा सास फेर्न गाह्रो हुनेजस्ता समस्याहरु देखिएमा तुरुन्त चिकित्सकसँग परामर्श लिनुहोस् ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
**सामाजिक विकास मन्त्रालय**
धनगढी, कैलाली, नेपाल

शुभकामना
नयाँ वर्ष २०७८ सालको उपलक्ष्यमा सम्पूर्ण विद्यार्थी, अभिभावक एवं शुभचिन्तकहरुमा सुख, शान्ति तथा समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।
प्राचार्य, याम बहादुर श्रेष्ठ
श्री जन मा.वि.
वीरेन्द्रनगर, सुर्खेत

# कुखुरापालक किसानहरु सङ्गठित

**मकवानपुर** : अखिल नेपाल कुखुरापालक किसान सङ्घ क्रान्तिकारीको पहिलो राष्ट्रिय भेला मकवानपुरमा मङ्गलबार सम्पन्न भएको छ।

भेलाले प्रेम तितुङको संयोजकत्वमा १७ सदस्यीय भेला आयोजक समिति चयन गरेको छ। समितिमा कृष्ण पौडेल, बलबहादुर गन्धर्व, श्याम पौडेल, जीवन कडरिया, सुवास भुजेल, टंकप्रसाद गौतम, जितबहादुर तामाङ, ऋतु विक, मीन लामा, दिलमाया मोक्तान र निर्धन बस्नेत रहेका छन्।

हरि श्रेष्ठको प्रमख आतिथ्यमा सम्पन्न भेलामा विशेष अतिथि नेकपा मकवानपुर इन्चार्ज जमिन र अतिथिमा अखिल नेपाल क्रान्तिकारी किसान महासङ्घका महासचिव सागर अर्याल, मकवानपुर जनसरकार प्रमुख विक्रम, अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी केन्द्रीय सदस्य तथा मकवानपुर जिल्ला अध्यक्ष ज्योति सहभागी थिए। प्रेम तितुङको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन प्रकाश ढकाल र स्वागत मन्तव्य विनोद देवकोटाले राखेका थिए।

# मजदुरले सङ्गठन छोडेका होइनन् : महासङ्घ

**काठमाडौं।** अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घले प्रेस वक्तव्य जारी गर्दै केही सञ्चारमाध्यममा आफ्नो सङ्गठनमा आबद्ध केही मजदुरले सङ्गठन छोडेको भनी फैलाइएको हल्ला सत्य नभएको जनाएको छ।

महासङ्घका संयोजक विनोद थापाले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'पार्टी सङ्गठनबाट अलग रहेको घोषणा गर्ने व्यक्तिहरू लामो समयदेखि निष्क्रिय रहेको, सङ्गठनको पद्धतिमा नरहेको, अराजक गतिविधिमा संलग्न रहेको हुँदा उनीहरूले सङ्गठनको लेटरहेड दुरुपयोग गरी अवैध कार्य गरेकाले त्यसलाई आधार मानी आएका यस्ता खबरप्रति कुनै सम्बन्ध नरहेको र क्रान्तिकारी मजदुर आन्दोलनप्रति समर्पित रहने जोकोहीले पनि सिङ्गो पार्टी सङ्गठनप्रति आँच पुऱ्याउने कामको कल्पनासम्म गर्न सकिँदैन।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'छैटौं राष्ट्रिय सम्मेलनमा भएको असहमतिको हवाला दिँदै आएको विज्ञप्तिको हर्ताकर्ताले बासी कुरा उचालेर पश्चगमन र जालझेललाई नै प्रश्रय दिने गरी इमानदार मजदुर नेता-कार्यकर्तालाई भ्रमित बनाउन खोजेकाले सम्पूर्ण श्रमिक मजदुर मित्र तथा साथीहरू यस्ता कपोलकल्पित भ्रमका बारेमा सचेत रहनुहुन यसै प्रेस विज्ञप्तिमार्फत हार्दिक अनुरोध गर्दछु।'

# जनपत्रकार सङ्गठन बाजुराको अध्यक्षमा विमल

**मार्तडी।** जनपत्रकार सङ्गठन नेपाल बाजुराको भेलाले विमल शाहीको अध्यक्षतामा १५ सदस्यीय जिल्ला समिति निर्वाचित गरेको छ।

मार्तडीमा आयोजित सङ्गठनको प्रथम भेलामा सम्बोधन गर्दै कार्यक्रमका प्रमुख अतिथि नेकपा बाजुराका सेक्रेटरी भरत थापाले पार्टीले अगाडि सारेको एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवादमा पुग्ने बाटोलाई जनपत्रकारहरूले आत्मसाथ गर्नुपर्ने बताए।

भेलामा सम्बोधन गर्दै जनपत्रकार सङ्गठन नेपाल सेम ब्युरो संयोजक प्रकाश थापाले पत्रकारिता महत्वपूर्ण मोर्चा र शक्ति भएकाले पार्टीको मिसनलाई साथ दिँदै समाजमा भएका विकृति र विसङ्गतिका विरुद्ध लेख्नुपर्ने धारणा राखे।

सङ्गठनका जिल्ला संयोजक विमल शाहीको अध्यक्षतामा सम्पन्न भेलामा नेकपा बाजुरा जिल्ला सदस्य विलास, रक्तिम, पार्वती, स्टार र शेर्पा अतिथिका रूपमा सहभागी थिए। भेलाको सञ्चालन खेमराज विश्वकर्माले गरेका थिए।

नेपाल कुष्ठरोग निवारण संघद्वारा जनहितमा जारी सन्देश

कुष्ठरोगका लक्षणहरु
- शरिरमा नचिलाउने रातो तथा फुस्रो दागहरु देखा पर्नु।
- हातखुट्टा झम्झमाउनु वा छालामा चेतनाशक्ति हराउनु।
- हातखुट्टा तथा आँखामा मांशपेशीहरु कमजोर हुँदै जानु।
- स्नायु सुन्निनु वा पीडा हुनु।
- अनुहारको छाला रातो, बाक्लो र चिल्लो/चम्किलो हुनु।
- शरिरमा गिर्खाहरु देखा पर्नु।
- हातखुट्टामा नदुख्ने घाउहरु देखा पर्नु।

यि माथिका लक्षणहरु देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराऔं।
समयमै उपचार गरे कुष्ठरोग पूर्णतया निको हुन्छ र अपाङ्गता हुन पाउँदैन।
कुष्ठरोग प्रभावितहरुलाई घृणा होइन माया गरौं।

जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाई सराई लगायतका व्यक्तिगत घटनाहरु समयमै गाउँपालिकाको वडा कार्यालयमा दर्ता गराई राज्यद्वारा प्रदान हुँदै आएका सेवाहरु उपयोग गर्न गराउनुहुन अनुरोध गरिन्छ।
डुडुवा गाउँपालिका
बाँके

आफ्नो घर आँगन सफा राखौं, सभ्य नागरिकको परिचय दिउँ।
वन क्षेत्रको संरक्षणमा स्थानीय सक्रियता बढाऔं।
बालबालिकालाई नियमित विद्यालय पठाऔं।
शिक्षामा लगानी बढाऔं।
बिरामी भए स्वास्थ्य संस्थामा जाऔं।
आफ्नो स्वास्थ्यको उपचार गरौं।
सँधै स्वस्थ र ताजा खाना खाऔं।
स्वस्थ जीवनयापन गरौं।
गुलरिया नगरपालिका
बर्दिया

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
खानी तथा भूगर्भ विभाग
भूकम्पीय सुरक्षा सम्बन्धि जनचेतना अभिवृद्धि गरौं।
- भूकम्पबाट बच्ने आफै हो, त्यसैले भवन निर्माण संहिताको प्रयोग गरी भूकम्प प्रतिरोधी संरचना निर्माण गरी भूकम्पीय क्षतिबाट बचौं र बचाऔं।
- भूकम्पबाट हुने क्षति कम गर्न भूकम्पको धक्का महसुस भएको बेला मात्र नभएर सधै सचेत र चनाखो रहौं।
- भूकम्प जानु अघि, गैरेहेको समय र भूकम्प गैसकेपछि के गर्ने भन्ने पूर्व जानकारी लिऔं। भूकम्पबाट हुने मानवीय तथा भौतिक क्षति कम गरौं॥
- भूकम्प आफैले मानिस मार्ने होईन हामीले निर्माण गरेका कमजोर संरचनाको कारण हताहति हुने हो त्यसैले भूकम्प प्रतिरोधी संरचना निर्माण गरौं।







गाउँपालिका कार्यालयको अनुरोध
- जन्म, मृत्यु, बसाइँसराइ अनिवार्य रूपमा दर्ता गर्ने गरौं।
- गाउँपालिकाभित्र व्यापार व्यवसाय गर्दा अनिवार्य रूपमा दर्ता गरेर मात्र गर्ने गरौं।
- गाउँपालिकाभित्र घर तथा सार्वजनिक निर्माण गर्दा नक्सा पास गरेर मात्र निर्माण गरौं।
- घर तथा सार्वजनिक संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधी प्रविधिको प्रयोग गरौं।
- आफ्नो घर तथा घर वरिपरि सफासुघर राखी स्वच्छ तथा हरियाली गाउँपालिका निर्माण मा सहयोग पुऱ्याऔं।
- बालबालिकाहरूलाई काममा होइन, विद्यालय पठाऊँ।
- गाउँपालिकालाई बुझाउनुपर्ने सबै किसिमका कर बुझाई समृद्ध गाउ( ँपालिका निर्माण मा सहयोग पुऱ्याऔं।

नयाँ वर्ष २०७८ सालको सुखद अवसरमा सम्पूर्ण दाजुभाइ, दिदीबहिनी तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि र दीर्घायुको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

दीर्घराज बोगटी, अध्यक्ष | निर्मलादेवी साउद, उपाध्यक्ष | टेक बहादुर खड्का, प्रमुख प्रशासकीय अधिकृत
पूर्वीचौकी गाउँपालिका, डोटी
सुदूरपश्चिम प्रदेश

नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु**
१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु**
१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई झल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।
उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

निर्देशक : **वसन्त श्रेष्ठ**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं